


• वर्ष १२ • अंक ४६ • काठमाडौं, शुक्रबार, चैत २३, २०६३ • SAPTAHIK • Nepali Na… April 6 • पृष्ठ २४ • मूल्य रु. ८/-






# नयाँ अनुहारको खोजीमा मिस नेपाल



काठमाडौंका दस, ललितपुरका दुई, रूपन्देहीका दुई तथा सुनसरी, कैलाली, बाँके, झापा र मोरङका एक-एक गरी जम्मा १९ जना प्रतिस्पर्धी । मिस नेपाल उपाधि विजेतामा हुनुपर्ने गुणका सम्बन्धमा यी १९ जना प्रतिस्पर्धीको आ-आफ्नै तर्क छ, तथापि आत्मविश्वास, बौद्धिकता, बुद्धिमता, सुन्दरता, इमान्दारिता, आकर्षक व्यक्तित्व एवं नेपाली समाजको प्रतिनिधित्व गर्न सक्ने तथा जिम्मेवारी वहन गर्ने क्षमता भएको व्यक्तित्व नै मिस नेपाल उपाधिका लागि सही व्यक्ति हुने उनीहरूको सामूहिक धारणा छ । आफूमा उल्लेखित गुणहरूको विकासका लागि उनीहरू विगत ६ सातादेखि कडा परिश्रम गरिरहेका छन् र उनीहरू फाइनल खेल्ने तयारीमा छन् । मिस नेपाल उपाधिको दौडमा प्रतिस्पर्धा गरिरहेका १९ जना प्रतिस्पर्धी सुन्दरीमध्ये भोलि साँझ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा सम्पन्न हुने अन्तिम प्रतिस्पर्धामा छनौट हुँदैछिन् डाबर वाटिका मिस नेपाल– २००७ ।

मिस नेपाल प्रतियोगिताको १३ औं संस्करणका रूपमा आयोजना हुन लागेको यस पटकको प्रतियोगिताका लागि गत जनवरी महिनामा आवश्यक योग्यताका आधारहरू सार्वजनिक गरिएको थियो, जसअनुसार मिस नेपाल २००७ का लागि ५ फिट ४ इन्च अग्ली, १९ देखि २५ वर्ष उमेर समूहकी, दस जोड दुई, प्रमाणपत्र तह वा सो सरह शिक्षा पूरा गरेकी नेपाली नागरिकले मात्रै आवेदन दिन पाउने नियम बनाइयो । संख्यात्मक रूपले धेरै र सबैतिरबाट सहभागिता होस् भन्ने उद्देश्यले उपत्यकाबाहिरका चार ठाउँ वीरगन्ज, धरान, पोखरा तथा बुटवलमा पनि आवेदन फारम भर्ने व्यवस्था मिलाइएको थियो । प्रतियोगितामा भाग लिन अधिराज्यभरिबाट आएका ३ सय आवेदनबाट पहिलो चरणमा ७५ जना छानिएका थिए, जसमध्ये उचाइ, तौल, शारीरिक बनावट, प्रारम्भिक फोटोसेसन, सामान्य ज्ञान, आईक्यू तथा अन्तर्वार्ताका आधारमा सम्भावित २५ जना युवती मिस नेपाल प्रतियोगिताका लागि छानिएका थिए । तीमध्येबाट पनि लगनशीलता, दखल, आत्मविश्वास, व्यक्तित्व एवं क्षमताका आधारमा १९ जनाले मिस नेपाल २००७ को अन्तिम दौडका लागि आफूलाई छनौटमा पार्न सफल भए । त्यसपछि फेब्रुअरी १८ देखि प्रारम्भ भयो- कडा परिश्रम र प्रशिक्षणका दिनहरू ।

काठमाडौं जेसिजको सहभागितामा द हिडेन ट्रेजरको आयोजनामा सम्पन्न हुने डाबर वाटिका मिस नेपाल– २००७ प्रतियोगितालाई विगतका आयोजनाभन्दा अझ बृहत्, भव्य, पृथक् र स्तरीय बनाउन खोजिएको कुरा आयोजक संस्थाका गिरेन्द्रमान राजवंशी बताउँछन् । जसअनुसार प्रतियोगितालाई जनमानसबीच अझ परिचित बनाउन यस पटक वाटिका माई च्वाइस कन्टेस्ट पनि समावेश गरिएको छ ।

टीएचटी लाइभमार्फत २७२२ मा डीभीएमसी टाइप गरी स्पेस दिएर प्रतियोगी नम्बर टाइप गरी एसएमएस पठाएर आफूलाई मन परेकी सुन्दरीलाई मत दिने व्यवस्था गरिएको छ । दर्शक मतका आधारमा अन्तिम प्रतस्पिर्धाकै क्रममा वाटिका माई च्वाइस छनौट हुनेछिन् ।

राजवंशीका अनुसार मिस नेपाल प्रतियोगिता सुन्दरता र बौद्धिकताको परीक्षण मात्र नभएर प्रत्येक प्रतिस्र्धीलाई समाजसँग अझ बढी नजिक्याउने र उनीहरूमा सामाजिक उत्तरदायित्वको भावना विकास गराउने प्रयास पनि हो, जसअनुसार विभिन्न भ्रमणहरू सञ्चालन गरिएका थिए । भ्रमणका सिलसिलामा मिस नेपाल प्रतिस्पर्धीहरू नक्सालस्थित बालमन्दिर र माइती नेपाल पनि पुगेका थिए । भ्रमणकै क्रममा प्रतिस्पर्धीहरू बालुवाटारस्थित विश्व वन्यजन्तु संरक्षण कोष, बनेपास्थित डावर ग्रीन हाउस आदि स्थानमा पनि पुगेका थिए ।

यस पटकको प्रतिस्पर्धामा सहभागि सुन्दरीहरूलाई सञ्चारमाध्यम र क्यामेरा सामु सहजताका साथ प्रस्तुत हुन छुट्टै छायांकन टोलीको समेत व्यवस्था गरेको छ ।

बाँकी पृष्ठ २१ मा



## क्यासेट

### सिमल

सविना कार्कीको पहिलो गीतिसंग्रह 'सिमल' लाई द बेस्ट टोन म्युजिक प्रा.लि.ले बजारमा ल्याएको छ। गीतिसंग्रह सिमलमा चेतन कार्की, श्रीपुरुष ढकाल, प्रतिमा श्रेष्ठ, किरण खरेल, रमण घिमिरे, स्वप्निल बराल, विश्वम्भर खतिवडा तथा पल्पसाको शब्द सुन्न पाइन्छ। त्यसैगरी संग्रहका गीतमा राजु सिंह, आनन्द कार्की, सचिन सिंह तथा सिजन भुजेलले संगीत दिएका छन्।

### कम्मासका

चर्चित ब्यान्ड दि एक्सको नयाँ गीतिसंग्रह 'कम्मासका' श्रोतामाझ आएको छ। धौलागिरि क्यासेट सेन्टरले बजारमा ल्याएको यो गीतिसंग्रहमा एउटा चिठीको, चाहे दुनियाँले, को छ र अमर, च्याङ्बा दाइलगायत आठवटा गीत समाविष्ट छन्।

### हेरिरहूँ लाग्छ

नमोबुद्ध क्रियसन्सको प्रस्तुतिमा लोक तथा दोहोरीगीतको संग्रह 'हेरिरहूँ लाग्छ' बजारमा आएको छ। यो गीतिसंग्रहमा दीपेन्द्र रसाइली तथा एकराज विश्वकर्माको शब्द छ। संग्रहका लागि दीपेन्द्र रसाइलीले लय संकलन गरेका हुन् भने स्वरमा रसाइलीका अतिरिक्त सुश्मा लामा तथा रजनी सिंह पनि सहभागी छन्। संग्रहमा धरानै जाँदा, रोधीघरको एवं नभेटेको धेरै भो दोहोरी गीत समाविष्ट छन्।

## ग्यालरी

- चित्रकार लक्ष्मण श्रेष्ठका एब्स्ट्र्याक्ट कला धरानेहरूले पनि अवलोकन गर्ने अवसर पाएका छन्। युवा कला केन्द्रले आयोजना गरेको तीनदिने 'पानी रंग प्रदर्शनी'मा धरानेहरूले श्रेष्ठद्वारा निर्मित एक चित्र हेर्ने अवसर पाएका हुन्। लक्ष्मण श्रेष्ठले वि.सं.२०२५/०२६ तिर बनाएको उक्त चित्र राजधानीको एक कन्टेनरमा फालिएको अवस्थामा ०५५/५६ सालमा भेटेर वरिष्ठ चित्रकार कर्ण मास्केले संकलन गरेका थिए। उक्त एब्स्ट्र्याक्ट कला तैल रंगको छ। श्रेष्ठको उक्त चित्रसहित शनिबार सम्पन्न प्रदर्शनीमा वरिष्ठ चित्रकार कर्ण मास्के र रमेश खनालसहित १७ जना युवा कलाकारले पानी रंगमा तयार पारेका ८५ चित्र प्रदर्शनीमा राखिएको थियो।

-एक दशक लामो द्वन्द्वको समयमा नेपाली चित्रकलाको अवस्था र त्यसबेलाको नेपाली जीवनशैलीलाई प्रतिनिधित्व गर्ने चित्रहरूको सँगालो लिएर काष्ठमाण्डप आर्ट स्टुडियोका सात कलाकार गत शनिबार अमेरिकाको भ्रमणमा निस्किएका छन्। 'यथार्थका प्रतिविम्ब' अर्थात् 'रिफ्लेक्सन अफ रियालिटी' शीर्षक राखिएको उक्त चित्रकला भ्रमण एक महिना लामो हुनेछ। सन फ्रान्सिस्कोस्थित सोम आर्ट कल्चरल सेन्टरको निमन्त्रणा पाएर भ्रमणमा गएको यो टोलीले नेपाली जीवनशैली, संस्कृति एवं समसामयिक चित्र प्रदर्शन गर्नेछ। समूहमा एरिना ताम्राकार, आशा डंगोल, प्रदीपकुमार बज्राचार्य, प्रमिला बज्राचार्य, भाइराजा महर्जन, सुनीला बज्राचार्य तथा विनोद प्रधान छन्।

-नेपाली चित्रकलाको क्षेत्रका सक्रिय एक दर्जनभन्दा बढी अग्रज कलाकारको सहभागितामा गत साता एक कार्यशाला सम्पन्न भएको छ। सिंह आर्ट ग्यालरीको आयोजनामा सम्पन्न दुईदिने उक्त कार्यशालामा तयार भएका चित्रलाई आगामी वैशाखको पहिलो साता प्रदर्शनीमा राखिनेछ।

## रंगमञ्च

-सर्वनाम नाट्य समूहले आफ्नो यात्रा २५ वर्ष पुगेको उपलक्ष्यमा गत आइतबार राजधानीमा विशेष कार्यक्रम आयोजित गऱ्यो। पञ्चायती व्यवस्थाको तत्कालीन प्रतिकूल अवस्थामा नाटकको माध्यमबाट जनचेतना फैलाउने उद्देश्यले स्थापना भएको सर्वनामले सडकलाई नाटक मञ्च बनाउँदै आफ्ना रंगयात्रा तय गरेको थियो। कार्यक्रममा प्रमुख अतिथि साहित्यकार डा. ध्रुवचन्द्र गौतम, सर्वनामका निर्देशक अशेष मल्ल आदिले नेपाली रंगकर्ममा सर्वनामको भूमिकाको विषयमा मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा 'सर्वनाम' वृत्तचित्र प्रदर्शन तथा 'क्रम-उपक्रम' नाटक मञ्चन गरियो। बदलाको भावनाले गरिने युद्धले कसैको भलाइ हुँदैन भन्ने सन्देश बाकेको नाटक क्रम-अनुक्रममा आफ्ना पुर्खाको हत्याको शंकामा आफ्नै साथीको हत्या गरेर पछुताउने युवाको कथा प्रस्तुत गरिएको छ। त्यसैगरी एकपटक युद्ध प्रारम्भ भएपछि त्यसको पूर्ण अवसान हुन निकै गाह्रो हुने अवस्थालाई पनि नाटकीय विम्बमा उतारिएको थियो। कार्यक्रममा भीममाया प्रजापतिलाई सर्वनाम अनुशासन पुरस्कारबाट सम्मानित गरिएको थियो।

-हेटौंडामा रहेर नाट्यकर्ममा समर्पित युवाहरूले स्थानीय नाट्यक्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यले नाटकघर निर्माण गर्ने भएका छन्। एक दशकदेखि रंगमञ्चमा क्रियाशील रंगकर्मीहरूले अभिव्यक्ति नाटक घर निर्माण गर्ने बताएका छन्। करिब ६ लाखको बजेट छुट्याइएको उक्त नाटकघर हेटौंडा १० नम्बर वडामा निर्माण हुनेछ। नाटकघर निर्माणका लागि कोष पनि खडा गरिएको छ।

-श्री लुनकरणदास गंगादेवी चौधरी साहित्य कला मन्दिरद्वारा हरेक वर्ष प्रदान गर्दिं आएको 'सरस्वती सम्मान' यस वर्ष रंगकर्मी सुनील पोखरेललाई प्रदान गर्ने निर्णय गरिएको छ। लामो समयदेखि नेपाली रंगमञ्चमा सक्रिय रही यस क्षेत्रलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय जगत्मा लोकप्रिय बनाउन योगदान गरेबापत पोखरेललाई उक्त सम्मान प्रदान गर्न लागिएको कला मन्दिरले जनाएको छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

साताको सुरुमा स्वास्थ्य गडबड रहनेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। खर्च एवं विवादका साथै कुरा काट्नेहरू बढ्नेछन्। समयमा निर्णय नहुँदा हात परेको कामसमेत फुत्कन सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। झूटा आरोप पनि लाग्न सक्छ। बुधबार तथा बिहीबार मानसम्मान मिल्ने, काममा सुधार आउने तथा आम्दानी हुने योग छ। मन प्रसन्न रहनुका साथै यात्रा हुनसक्ने देखिन्छ।

### सिंह

आफन्तहरूको सहयोग मिल्नेछ। पराक्रमको तीव्रता कायमै रहनेछ। सोच्ने शक्तिका साथै व्यवसाय बढ्ने क्रम यथावत् रहनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। शत्रु बढ्ने हुँदा सजग रहनुहोला। बोलीको प्रभाव बढ्नेछ। खर्च एवं विवाद फसिने हुँदा बोल्दा विचार पुऱ्याउनु उचित हुन्छ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा ध्यान दिनुपर्ने बेला छ। अरूको विश्वास गरिहाल्नु उचित हुँदैन।

### धनु

साता त्यति राम्रो छैन। सुरुमा खर्च एवं विवाद बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। स्वास्थ्य गडबड रहनेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। घरेलु समस्याले सताउनेछ। सोमबार तथा मंगलबार काममा सफलता मिल्ने, मानसम्मान एवं पराक्रम बढ्ने तथा नयाँ काम पाइने योग छ। अरुबाट सहयोग पनि पाउनुहोला।

### वृष

मन प्रसन्न रहनेछ। आफूमाथि अरूको विश्वास बढ्नेछ। काममा सफलता मिल्नुका साथै यात्रा हुने योग छ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। पहिलो भेटमै प्रभावित हुनेहरूले सहयोगी हात बढाउनेछन्। मानसम्मान प्राप्त हुनेछ। धन आर्जन पनि हुनसक्छ। सोमबारदेखि स्वास्थ्यमा समस्या देखा पर्ने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### कन्या

पराक्रम बढ्नेछ। काममा सफलता पाइने एवं धन आर्जन गर्ने अवसर जुट्नेछ। मित्र तथा परिवारजनको उचित सहयोग प्राप्त होला। व्यवसायमा लाभ हुनुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले पनि साथ दिनेछ। बोली प्रभावशाली हुनुका साथै अरूबाट प्रशंसा पनि पाउनुहोला। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्।

### मकर

सोच्ने शक्ति बढ्नेछ भने आम्दानी पनि हुनसक्छ। अरूबाट पर्याप्त सहयोग पाउनुहोला। अध्ययनमा सफलता मिल्नेछ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। मानसम्मान पाइनेछ। सजिलै अरूको विश्वास जित्नसकिनेछ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

### मिथुन

परिश्रम गर्नुपरे पनि धन आर्जन गर्ने अवसर जुट्नेछ। मानसम्मान मिल्नुका साथै नयाँ काम गर्ने अवसर प्राप्त होला। सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा प्राप्त हुने सफलता यथावत् रहनेछ। यात्रा अनि धन आर्जन हुनसक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग भए पनि बुधबार तथा बिहीबार स्वास्थ्यमा समस्या र काममा अवरोध आउने अनि चिन्ता बढ्ने योग छ।

### तुला

समय बलियो छ। मानसम्मान मिल्नेछ भने अरूले तपाईंमाथि विश्वास गर्नेछन्। सोच्ने शक्ति, प्रसन्नता, पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। स्वास्थ्यमा समस्या देखा पर्न सक्ने हुँदा खानपानमा ध्यान दिनुहोला। व्यवसाय एवं यात्रामा सोचेजस्तै सफलता प्राप्त हुनेछ।

### कुम्भ

समष्टिमा साता राम्रो छ। सुरुमा मानसम्मान मिल्नेछ। धार्मिक कार्यमा मन जानेछ। व्यवसायमा सफलता देखिन्छ। आफन्तहरूको सहयोग जुट्न सक्छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ।

### कर्कट

गलत विचार बढ्नेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। स्वास्थ्य पनि गडबड रहला। मन दुविधाग्रस्त रहे पनि आफन्तहरूको पर्याप्त सहयोग मिल्नेछ। अध्ययनमा प्राप्त हुने सफलता कायमै रहनेछ। यात्रा हुनसक्छ। मानसम्मान पनि पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्न सक्छ।

### वृश्चिक

समय मध्यम रहनेछ। मानसम्मान बढ्नेछ भने कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। त्यसपछि घरेलु समस्याले सताउनेछ। मित्र तथा परिवारजनबाट आलोचित हुनुपर्नेछ। सफलताका लागि घरबाहिरै रहनु उचित हुन्छ। अध्ययनमा प्राप्त हुने सफलता यथावत् रहनेछ। यात्रा हुने योग छ। धन आर्जन गर्ने तथा मान एवं भोजन प्राप्तिको अवसर जुट्नेछ।

### मीन

समय राम्रो छ। सोचेका धेरै कुरा पूरा हुनेछन्। प्रसन्नता, व्यवसाय एवं पराक्रम बढ्नुका साथै यात्रा गर्ने अवसर जुटनेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धार्मिक कार्यमा मन जानेछ भने भाग्यले पनि साथ दिनेछ। अरूबाट सहयोग पनि जुट्न सक्छ। ठूला व्यक्तिको मन जित्न सकिनेछ।

### यो साताको पञ्चाङ्ग

चैत २७ गते : भौमाष्टमी व्रत




**निः शुल्क ब्यूटिसीयन तालिम**

नेपाल सरकारको मान्यता प्राप्त EN को सहयोगमा अनुभवी वरिष्ठ ब्यूटिसीयनहरू द्वारा ग्यारेन्टीका साथ पार्लर खोल्न तथा विदेश जान दक्ष बनाइने बिहानी तथा दिवा समयको लागी रोजगारको अवसर सहित ब्यूटिसीयन Basic, Advanced र Diploma तहमा भर्ना लिइदैछ।



७ दिन भित्र सम्पर्क गर्नुहोला !!

फोन नं. ४४११९६७, २००३०३३

BBC प्रशिक्षण केन्द्र

पुतली सडक चोक संगै, डिल्लीबजार रोड

**सुखी विवाहित जीवनको लागि**

**सेवाको १३ वर्ष**

विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् !

भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५

**पापुलर आयुर्वेद औषधालय**

ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

**बिशेष सेवा**

रसायन वाजिकरण एवं ताजगीकरण

(Sexopsychology , Sexotherapy & Rejuvination):

नपुंसकता, लिङ्ग उत्तेजना सम्बन्धी समस्या, सिघ्र स्खलन, हस्तमैथुन, स्वप्न दोष, धातु वीर्य तथा शुक्रकीटको विकासका समस्या, सरुवा यौन रोग, पुरुष-स्त्री यौनाङ्ग, स्तन एवं शरीरको कमबढी विकास एवं हर्मोनल समस्या तथा महिनावारीमा गडबडी।

(पूर्ण गोप्यताको वातावरणमा अन्तरङ्ग परामर्श)

सम्पर्क: (विशेष सेवा विभाग)

धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.

धुम्बाराही चोक, फोन: ४३७१७७१, ०१६२०४१५६

website ; www.sexologistnepal.com E-mail: info@ayurvednepal.com

## साता संक्षेप

**चैत १६–** गणतान्त्रिक शिक्षक संघद्वारा देशका ७५ जिल्लाकै शिक्षा कार्यालयमा लगाइएको ताला खोल्ने सहमति, वैशाख १० गतेभित्र शिक्षक एवं विद्यार्थीका समस्या सामाधान गर्न शिक्षा मन्त्रालय सहमत।

**चैत १७–** निर्वाचन आयोगद्वारा दल दर्ताको आह्वान, निर्वाचन प्रक्रिया धमाधम अघि बढेको प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलको दावी।

**चैत १८–** नेपाली काङ्ग्रेसका नेता रामचन्द्र पौडेल तथा नेकपा (एमाले) की नेतृ सहाना प्रधानबीच देखिएको वरिष्ठताको विवादका कारण सरकार बन्न एक दिन ढिलाइ।

- डडेल्धुरामा फैलिएको अनौठो रोगबाट मर्नेहरूको सङ्ख्या ७ पुग्यो, समयमै चिकित्सक नपठाउकोमा स्थानीय बासिन्दाहरू सरकारसँग क्रुद्ध।

**चैत १९–** सार्क सम्मेलनका लागि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासहित ३१ नेपाली टोली दिल्ली प्रस्थान।

**चैत २०–** भारतमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा भारतीय प्रधानमन्त्री मनमोहन सिंहबीच छुट्टै वार्ता, भुटानी शरणार्थी समस्या तथा सीमा अपराधमा सहयोग गर्न सिंह तयार रहेको जानकारी।

- नेकपा (माओवादी) सरकारमा गएकोमा खुसी व्यक्त गर्दै बेलायतद्वारा संरचना पुन:निर्माणका लागि थप सहयोग दिने जानकारी।
- कालिकोटको कोटवाडा गाउँमा नेकपा (माओवादी) का कार्यकर्ताद्वारा गाउँलेमाथि आक्रमण, गाउँलेद्वारा भएको प्रतिकारमा १ माओवादीको मृत्यु, ७ घाइते।

**चैत २१–** एसएलसी परीक्षा प्रारम्भ, देशभर ३ लाखभन्दा बढीले परीक्षा दिएको शिक्षा मन्त्रालयद्वारा जानकारी।

- गृहमन्त्री कृष्णप्रसाद सिटौलाको निर्देशनपछि जुलुस-हड्तालविरुद्ध प्रहरीद्वारा कडाइ।
- दक्षिण एसियाली संगठन (सार्क) द्वारा आतङ्कवाद निर्मूल गर्ने साझा प्रतिबद्धता, दक्षिण एसियामा एउटै मुद्रा तथा खुला आवागमनको व्यवस्था गर्न गृहकार्य प्रारम्भ।
- शाही शासनकालमा सेनामा भएको भ्रष्टाचारका विषयलाई लिएर पूर्वप्रधानसेनापति प्यारजङ्ग थापासँग अख्तियारद्वारा दोस्रो पटक सोधपुछ।

### संविधानसभा हुने निश्चित

# नेपालमा विश्वकै चासो

**अश्विनी कोइराला**

काठमाडौं, दस वर्ष हिंसात्मक राजनीतिले स्थापित भएको नेकपा (माओवादी) यतिखेर सरकारमा पुगेको छ। सूचना तथा सञ्चारसहित पाँचवटा मन्त्रालय लिएर उसले नेपालको तेस्रो ठूलो दलका रूपमा मान्यता पाएको छ। यसअघि उसले यही मान्यताका आधारमा ७३ जना विधायकलाई अन्तरिम संसदमा पठाएको थियो।

माओवादी सरकारमा पुग्नुमा उसको राष्ट्रिय राजनीतिमा आउने रहर एवं बाध्यताले जति काम गरेको छ त्योभन्दा बढी योगदान प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको छ। आफ्नो ६ दशक लामो राजनीतिलाई दाउमा राखेर कोइरालाले नेकपा (माओवादी) लाई राजनीतिको मूलधारमा ल्याएका हुन्। शारीरिक कमजोरीका बाबजुद छैठौं पटक प्रधानमन्त्री बनेका कोइरालाको बोलीमा त्यो उपलब्धिको ओज प्रष्टै देखिन्थ्यो। आफ्नो राजनैतिक जीवनका केही महत्त्वपूर्ण कुरा गर्न बाँकी रहेको सङ्केत गर्दै कोइराला भन्दै थिए, 'मेरो इच्छा संविधानसभा हो। लक्ष्य पनि त्यही हो।'

एक वर्षअघि आजैका दिन दोस्रो जनआन्दोलन प्रारम्भ हुँदा नेपालको राजनीतिले यति चाँडो फड्को मार्ला भन्ने कल्पना गरिएको थिएन। नेकपा (माओवादी) ले सात दलसँग गरेको १२ बुँदे समझदारीको बल तथा १४ महिना लामो राजाको निरंकुश शैलीको शासनबाट वाक्क भएका जनताको साथबाट दोस्रो जनआन्दोलन सफल भयो। आठ दलबीचको सहकार्य, समझदारी एवं राजनैतिक उपलब्धिका लागि गरिएको लचकताले एक वर्षमा नेपालको राजनीति विपरीत दिशाबाट पर्लक्क फर्किएको छ। विश्व राजनीतिमै कम मात्र हुन सक्ने घटनाले सबैलाई आश्चर्यचकित बनाएको छ। सरकार गठनपश्च्यात् संविधान सभाको निर्वाचन असार ६ गते गर्न आठ दल सहमत भएपछि यसले नेपालमा सहमतिको राजनीति अझै अघि बढ्ने देखिएको छ। नेपाली कांग्रेस तथा नेकपा (माओवादी) जस्ता दुई विपरीत ध्रुवमा उभिएका राजनैतिक दलबीच हुँदै आएको सहकार्यले नेपाली राजनैतिक स्थिरताको सम्भावना पनि बढेको छ। यसलाई विश्वका शक्तिशाली एवं व्यवस्थित राजनैतिक प्रणाली भएका देशले पनि चासो दिन थालेका छन्। 'विश्व राजनीतिमा नेपालको यो एउटा विशिष्ट प्रयोग हो।' सरकारसँग शान्ति सम्झौता गरेपछि नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले भनेझैं 'यो सहमतिको राजनीति कम्तीमा ५ वर्षसम्म अघि बढ्नुपर्छ।'

गिरिजाप्रसाद कोइरालाको संविधानसभापछि विकसित नेपालको अवधारणा तथा नेकपा (माओवादी) अध्यक्ष प्रचण्डसहित वामपन्थी दलहरूको नयाँ नेपालको नारा फरक-फरक उद्देश्यका साथ आएका छन्। यद्यपि आठ दललाई यी दुवै नाराका राम्रा कुरा टिप्दै सहमतिको राजनीति अगाडि बढाउनुपर्ने बाध्यता छ। फरक धारमा उभिएका दलहरूबीच गरिने राजनैतिक सहमतिले नै नेपाललाई अगाडि पुऱ्याउन सक्छ भन्ने अहिलेसम्मको घटनाक्रमले पुष्टि गरेको छ। संविधान सभाका लागि तयार दलहरूमा सहमतिको राजनीति कसरी अगाडि बढ्छ भन्ने कुरालाई पनि विश्व समुदायले चासोका साथ हेरेको छ। त्यसो त आठ दलमाथि आफू बाहेक अरूलाई राजावादी तथा अराजकतावादी देख्ने गरेको आरोप लाग्ने गरेको छ। लोकतन्त्र प्राप्तिको एक वर्ष नपुग्दै आठ दलविरुद्ध विभिन्न प्रहार हुँदै आएका छन्। मधेश आन्दोलन, जनजाति आन्दोलन, हिन्दू धर्म पुनर्स्थापना आन्दोलन आदिका नाममा देशका धेरै स्थान असुरक्षित छन्। त्यसमाथि नेकपा (माओवादी) को आफ्नै व्यवहारले त्यस्ता आन्दोलनलाई लोकतन्त्रका विपक्षमा खेल्ने ठाउँ दिएको छ।

माओवादी कार्यकर्ताकै व्यवहारले अमेरिकालगायतका धेरै मुलुकले सरकारलाई सर्तकतापूर्वक सहयोग गर्ने अभिव्यक्ति दिएका छन्। यसले नेकपा (माओवादी) लाई मात्र होइन, नेकपा (माओवादी) लाई राजनैतिक मूलधारमा ल्याउन सहयोग गर्ने सबै दललाई समेत घाटा पुऱ्याउन सक्छ। यति हुँदाहुँदै पनि अहिले हुँदै आएको सहकार्यले राजनैतिक दलसामु नेपाली जनताको मन जित्नेमात्र होइन, विश्व समक्ष नेपालको छवि उच्च पार्ने ऐतिहासिक मौका आएको छ। यो मौकालाई दलहरूले कसरी सदुपयोग गर्छन्, त्यसमा नेपालको लोकतान्त्रिक भविष्य निर्भर रहनेछ।

## मुखाले

सरकारमा सामेल माओवादीको क्रियाकलाप सबैले सचेतपूर्वक हेर्नुपर्छ।

**जेम्स एफ मोरियार्टी, नेपालका लागि अमेरिकी राजदूत**

मेरो धेरै बोल्ने बानी छैन, तर जे बोल्छु त्यो गरेरै छाड्छु।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

म राजनैतिक रूपमा रामचन्द्र पौडेलभन्दा जुनियर होइन।

**सहाना प्रधान, परराष्ट्र मन्त्री**

म अरू मन्त्रीजस्तो राजारानीको फोटोमुन्तिर बसेर काम गर्दिनँ।

**मातृका यादव, वन तथा भू-संरक्षण मन्त्री**

नागरिकता वितरण कतिका लागि व्यापार भएको छ।

**नरेन्द्र दाहाल, प्रमुख जिल्ला अधिकारी, कपिलवस्तु**

हाम्रो दलबाट गएका मन्त्रीको सुरक्षा अब हाम्रो सेनाले गर्दैन, पुरानो सेना (नेपाली सेना) ले गर्छ।

**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

मलाई थाहा छ, मधेसी जनअधिकार फोरम दरबार र भारतका अतिवादी हिन्दूहरूबाट सञ्चालित छ।

**केशवकुमार झा, अध्यक्ष, मधेसी विद्यार्थी फ्रन्ट**

सञ्चार गृहहरूले स्वतन्त्रताका नाममा राष्ट्रिय स्वार्थ बाझ्ने कुरा लेख्न छुट पाउँदैनन्।

**कृष्णबहादुर महरा, सूचना तथा सञ्चार मन्त्री**

एक साताभित्र हतियार नबुझाए जुनसुकै समूहलाई पनि अपराधीका रूपमा कानुनको मातहतमा ल्याएर कारबाही गरिनेछ।


**कृष्णप्रसाद सिटौला, गृहमन्त्री**

नेकपा (माओवादी) सरकारमा गए पनि उनीहरूसँग अमेरिका विश्वस्त हुन सकेको छैन।

**रिचार्ड बाउचर, अमेरिकी विदेश सहायक मन्त्री**

फोटोग्राफी गर्नेलाई
डिजिटल फोटोग्राफी सित्तैमा
विद्यार्थीको लागि ३३% छुटमा फोटो खिचिन्छ।
PHOTO पत्रकारिता
70% छुटमा
DIGITAL VIDEO EDITING
भिडियोग्राफी गर्नेलाई
डिजिटल भिडियो एडिटिङ सित्तैमा
२० जनाको लागि
निःशुल्क फोटोसेसन गराइनेछ।
VIDEO पत्रकारिता
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९

मासिक किस्ता
रू.८४४/- मा
कलर टि.भि
फ्रिज, कम्प्युटर, वासिङ्ग मेशिन, भ्याकुम
डि.भि.डि., म्यूजिक सिष्टम आदी।
क्षेत्रपाटी: ४२६९२०० सितापाइला: ४२७९१४२, कलंकी: ४६७१०१५ माछापोखरी: २१७२७९८, कोटेश्वर: ४४६९८६७, कुमारीपाटी: ५५५४०६८, सूर्यविनायक: ६६१४२६७, चावहिल: ४४९५९६५

विशेष छुट सहित ब्युटिसियन तालिम
नेपाल सरकारबाट मान्यता प्राप्त, NGO को सहयोगमा सञ्चालित, वरिष्ठ ब्युटिसियनहरूद्वारा प्रशिक्षण दिइने Basic, Advance, Diploma र Special कोर्षहरू सञ्चालन हुँदैछ। SLC दिएर बसेका विद्यार्थीहरूलाई विशेष प्राथमिकता दिइनेछ।

सम्पर्क :
New CBTC, महाराजगञ्ज, चक्रपथ चोक, पेट्रोल पम्पसँगै फोन : २०८०५५२
मोवाइल : ९८५१०६९९४४

नयाँ वर्ष २०६४ को शुभकामना सहित विशेष छुट।
होटल तालिम: ✪ कुक ✪ वेटर ✪ हाउसकिपिङ्ग ✪ लण्ड्रीमेन ✪ वेलब्वाई ✪ सेक्यूरिटी गार्ड आदि
विशेषताहरू:
विदेश जानेलाई विशेष व्यवस्था, Theory / Pratical दुबैको व्यवस्था, कुक सिक्नेलाई Waiter free उत्कृष्टलाई स्वदेशमै रोजगारी
Language
कोरीयन, जापनिज, हिब्रु र अंग्रेजी भाषा साथै केयर गिभर तालिम
Tution:
SLC, +2, Bachelor (All Level All Subjects)
Private test / SLC
कक्षा ८ वा ९ पास ९ वा Test / SLC फेल भई स्कुल जानबाट वञ्चित, उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेको लागी अध्यनको सुवर्ण अवसर Eng र Nepali दुबै भाषामा बिहानी बेलुकी कक्षा विगतको राम्रो नतिजा रहेको दक्ष तथा अनुभवि मनोवैज्ञानीक तरिकाबाट पढाइने।
कामना इन्ष्टिच्युट कोटेश्वर
4601878, 2120697 (प्रहरी चौकी सँगै) टंक प्रसाद शालिक अगाडि

# चुनौती र जिम्मेवारी

अन्ततः जनआन्दोलन–२ को मर्मअनुसार नेकपा (माओवादी) सहितको अन्तरिम सरकार गठन भएको छ। अन्तरिम सरकार कसरी गठन भयो ? यसका लागि के–कस्ता कसरतहरू गरिए ? त्यसको आ–आफ्नै राजनैतिक महत्त्व भए पनि अबका दिनमा सरकारमा सामेल राजनैतिक दलहरूले नेपाल र नेपाली जनताप्रतिको आफ्नो दायित्वलाई गम्भीरताका साथ निर्वाह गर्नुपर्ने चुनौती थपिएको छ। संविधानसभाको निर्वाचनमार्फत नेपाली जनतालाई राज्यको मूल कानुन बनाउने अभियानमा संलग्न गराउने गुरुत्तर दायित्व पाएको अन्तरिम सरकारले सबैभन्दा पहिले मुलुकमा विद्यमान सबैखाले विवाद र असन्तोषलाई किनारा लगाउँदै मुलुकलाई संविधानसभामा प्रवेश गराउनुपर्नेछ। यसका साथै विगत दस वर्षदेखि जनयुद्धका कारण ओझेलमा परेको आर्थिक तथा सामाजिक विकासका गतिविधिहरूलाई पनि तीव्रता दिनुपर्नेछ। अन्तरिम सरकारको गठनसँगै आगामी असार ६ गते संविधानसभाको निर्वाचन गराउने मिति तोकिइसकेको छ। संविधानसभाका लागि अब धेरै समय छैन। छोटो समयमा धेरै काम गर्नुपर्नेछ। यसका लागि अन्तरिम सरकारले कुनै पनि अवस्थामा सबै किसिमका चुनौती सामना गर्नुपर्नेछ। अहिलेको अवस्थामा सरकारसमक्ष उभिएको सबैभन्दा ठूलो चुनौती भनेकै तोकिएको समयमा संविधानसभाको निर्वाचन गराउनु हो। संविधानसभाले नै नेपाली जनताका सबैखाले मतभेद र समस्याहरूको समाधान खोज्नेछ भन्ने आशा अहिले गर्न सकिन्छ, तसर्थ अहिलेको अवस्थामा कसैले पनि आफ्नो जातीय वा वर्गीय स्वार्थलाई अगाडि सारेर सिंगो मुलुकको भविष्यसँग खेलबाड गर्नु हुँदैन। बरु त्यस्ता जातीय एवं वर्गीय समस्याहरूलाई संविधानसभामा सही ढंगले प्रतिनिधित्व गराउन आ–आफ्नो क्षेत्रमा सक्रिय रूपले क्रियाशील हुनुपर्छ।

अन्तरिम सरकारको जिम्मेवारी संविधानसभा मात्रै होइन। नेपालजस्तो अल्पविकसित समाजमा जनताका दैनिकीसँग प्रत्यक्ष सरोकार राख्ने अनेक किसिमका झिनामसिना समस्याहरू दिनहुँ देखा पर्छन्। यस्ता समस्याले समयमै सम्बोधन नपाउँदा कहिलेकाहीं मुलुकले ठूलो संकट पनि बेहोर्नुपर्ने हुन्छ। हामीसँग यस्ता संकटहरूको अनुभव नभएको पनि होइन, तसर्थ अन्तरिम सरकारले जनताका यस्ता समस्याहरूलाई पनि आफ्नो प्राथमिकताको सूचीमा राख्नुपर्छ। बढ्दो महँगी, आपूर्ति व्यवस्थामा देखिने बाधा–व्यवधानहरू आदि सबैलाई अन्तरिम सरकारले विशेष सजगताका साथ सम्बोधन गर्नुपर्छ। कथमकदाचित यस्ता समस्याले निकास पाउन सकेनन् भने त्यसको प्रभाव संविधानसभाको निर्वाचनमा पर्न सक्छ भन्ने हेक्का सरकारले राख्नैपर्छ। अन्तरिम सरकारमा जुन दलले जुनसुकै मन्त्रालय पाएको भए पनि जनताप्रतिको साझा जिम्मेवारी सबै दलले समान रूपमा वहन गरेका छन् भने कुरा सबै दलले बुझ्नुपर्छ। अन्तरिम सरकारमा सामेल दलहरूले एकै ढिक्का भएर जनताका समस्याहरूलाई सम्बोधन गर्न सके भने नेपाल र नेपाली जनताले अहिलेसम्म भोग्दै आएका सबैखाले समस्याको छिनोफानो गर्न हामी सबैलाई सजिलो हुनेछ। अन्तरिम सरकारमा सामेल दलहरूले बुझ्नैपर्ने कुरा के हो भने अहिलेको अवस्थामा दलगत राजनीतिभन्दा महत्त्वपूर्ण कुरा जनताका समस्याले सही रूपमा सम्बोधन पाउनु नै हुनेछ, तसर्थ अन्तरिम सरकारमा सामेल भएका र नभएका सबै राजनैतिक दलले संविधानसभाको निर्वाचनलाई बाधा–अड्चन पुग्न सक्ने कुनै पनि किसिमको गतिविधिलाई प्रश्रय दिनु हुँदैन।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

# जीवन, ध्यान र सौन्दर्य



डा. डी.पी. भण्डारीसँग अन्तरंग

**प्रिय लावन्यवती,**

अचेल प्रश्नहरूको बोझो धेरै ठूलो छ मसित– सबै प्रश्न जिज्ञासु मित्रहरूले सोधेका हुन् आफ्नो कौतूहल-तीव्रताको उतार-चढावअनुसार। धेरै प्रश्न प्रेम केन्द्रित छन्, बाँकी जीवन र मृत्युसम्बद्ध। अति नै कम प्रश्न काव्य, कला, धर्म र ध्यान वा आध्यात्मिक आयामबारे छन्, तर एक विचित्र विडम्बना : जति प्रश्नहरूको राशि हुन्छ त्यही मात्रामा म आफैंलाई अयोग्य, असमर्थ र असहाय पाउँछु। आफ्नो सत्य आफ्ना मित्र-मित्रेणीहरूलाई बताउन चाहन्छु, तर उनीहरूमा पत्यार आउँदैन। मलाई थाहा छ, मेरो अज्ञानता कति गहिरो छ, मेरो ज्ञान कति फितलो छ। अति सपाट, बालबत प्रश्नहरूदेखि अति गहिरा जिज्ञासाहरू आइरहन्छन् अन्तरालहरूमा।

धेरै कम उत्तर दिन्छु, धेरै ठूलो परिणाम अनुत्तरित नै रहन्छ, तर आफ्नो समर्थतामा दिक्क हुने घडीहरू आउँछन्, समर्थतामा क्षणिकै भए पनि प्रफुल्ल हुने बानी बसिसक्यो। अस्तित्ववादी चिन्तक, साहित्यिक कलाकारहरूलाई सम्झने हो भने हामीले सोध्ने प्रश्नहरू धेरै छन्, चित्त बुझाउने उत्तरहरू धेरै कम छन्। करिब अस्तित्ववादी परामा आफ्नो प्रमुख पात्र ह्यामलेटलाई शेक्सपियर भन्न लगाउँछन्– 'होऱ्यासियो ! अवनी र अम्वरभित्र, स्वर्ग र पृथ्वीभित्र अनन्त गुना धेरै कुरा छन् जसको उत्तर तिम्रो दर्शनशास्त्रभित्र भेटिंदैन। शिशुहरूको उत्तर दिन त गाह्रो छ भने युवायुवतीहरू, प्रौढ, प्रौढाहरूले सोधेका प्रश्नहरूको चित्तबुझ्दो उत्तर दिन कति गाह्रो होला, तर सत्य नै भन्ने हो भने प्रश्नहरू आएकोमा म रमाउँछु, उत्तर दिन पनि रमाउँछु। एक किसिमको मानसिक मन्थन हुन्छ उत्तर दिने चेष्टामा– बौद्धिक र भावात्मक व्यायाम र प्रत्येक व्यायाम रेचन पनि दिन्छ– क्षणिक नै किन नहोस्।

आफ्नो एक लामो पत्रमा तिमीले सोधेजस्तै करिब त्यस्तै र शैली र आशय बोकेका प्रश्नहरू केही अरू मित्रले पनि सोधेका छन्। ध्यान, धर्म, पाप, पुण्य, यौन, प्रेम, जीवन, सौन्दर्यदेखि लिएर राजनीति, साहित्य, साम्यवाद, पुँजीवाद, जीवनमरण, सफल र असफल विवाह आदिबारे सोधपुछहरू आइरहन्छन्। कुनै अति रोचक हुन्छन्, कुनै सामान्य उत्सुकता मात्र हुन्छन्। लामो आत्मसंवादपछि निर्णय गरें ध्यान, जीवन र सौन्दर्यलाई आजको शीर्षक बनाउन। उत्तर दिन अति गाह्रो छ भन्ने थाहा पाउँदा-पाउँदै यही चुनें।

तीनवटैबारे म एकदमै अनभिज्ञ छु। सोचें कि मेरो अज्ञानतामा पाठकहरू अनुरञ्जित हुन सके भने त्यो नै एक सार्थक प्रयास हुनेछ। मानिसको मौलिक स्वभाव बुद्धिप्रधान अभिव्यक्तिभन्दा बढी हृदयप्रधान व्यञ्जनामा रमाउँछ। किनकि अक्सर बौद्धिकतामा शुष्कता हुन्छ, हार्दिकतामा रसमयता। एकरस जीवन बिताइरहेका पुरुष र स्त्रीहरू भिन्नता दिने अभिव्यञ्जनाको खोजीमा हुन्छन्– चेतनतः अचेतनतः। मेरा उत्तरहरूबाट तिनीहरू केही मात्रामा रञ्जित भैदिए पनि म आफ्नो प्रयासमा केही सफल भएको अनुभव गर्नेछु भन्ने विश्वासको चापमा यो पत्र लेख्दै छु।

जीवनबारे केही शब्द मैले पहिले पनि खर्चिसकेको छु, त्यस्तै सौन्दर्यबारे पनि। तिमीले पढिसकेकी हौली भन्ने पूरा विश्वास छ। तिम्रो बौद्धिक जिज्ञासाबारे म अनभिज्ञ छैन। तिम्रा कविता, गजल, र सुललित शैलीमा लेखिएका तिम्रा पत्रहरू र अरू लेखहरू मैले रुचिपूर्वक पढेको छु, सही अर्थमा आनन्दित भएको छु, तर यसपालिको तिम्रो उत्सकुकता भने अनपेक्षित वैचित्र्य लिएर आएको छ। जीवन ध्यान र सौन्दर्य। एक त्रास पैदा गर्ने खुजलाहट, तिम्रो बौद्धिक चिल्याइ। बुद्धि बढी चिल्याउन थाल्यो भने यस्तै तुकहीन उत्सकुता पैदा हुन थाल्छ। तुकहीन प्रश्नहरूको तुकहीन उत्तर मात्र आउन सक्छ मजस्ता अनाडीहरूबाट।

जीवन के हो भन्ने कौतूहल अनाडी कौतुहल हो। धेरै कम मनिषीहरूले बुझे, बाँकी नबझुेर नै जीवनबाट बिदा भए। जीवन एक अवसर हो माथि उठ्न र तल खस्नका लागि : तिमीभित्र दुवै सम्भावना छन् : बुद्ध हुने र साथै अटल अन्धकारमा खस्ने। सबै तामसिक वृत्तहरू, दम्भ, आत्मप्रक्षेपण, अवसरवादीता, चाकडी, चोरी, भ्रष्टाचार, हिंसा आदि लक्षणहरू पतनोन्मुखताका संकेतहरू हुन। साथै जीवन एक संघर्ष पनि हो, जो विधायक र निषेधात्मक दुवै हुन सक्छ– सन्त र शैतान दुवै आ-आफ्नो निसर्ग अनुकूलको संघर्षमा हुन्छन्।

राजप्रसादको भौतिक आनन्द र ऐश्वर्य त्यागनुभन्दा पहिले सिद्धार्थ गौतमभित्र कस्तो संघर्ष चलेको होला, हामी कल्पना गर्न सक्छौं। त्यो आन्तरिक उन्नयनकारी संघर्ष थियो। राष्ट्रपति टुम्यानले नागासाकी र हिरोसिमामा बम खसाल्ने आदेश दिनुभन्दा पहिले उनीभित्र विपरीत प्रकारका संघर्ष चल्यो होला। सामान्यतः हाम्रो जीवन बाँच्ने प्रक्रिया द्वन्द्वात्मकताबाट घेरिएको छ– बिहानदेखि बेलुकीसम्म। अर्को परिभाषा चाहन्छौ भने जीवन एक लामो तयारी हो मृत्युका लागि। जीवन दुवै हो : एक महोत्सव र साथै एक ट्र्याजडी।

बौद्ध धर्मअन्तर्गत विभिन्न ढंगका ध्यानपद्धतिहरू विकसित भए, बुद्धको आफ्नै जीवनकालमा र उहाँको महापरिनिर्वाणपछि पनि। बोधी धर्म भारतबाट सन् चार सयको आसपास चीन गएका थिए भन्छन्। बोधीधर्मले ध्यानपद्धतिमा ठूलो क्रान्ति ल्याइदिए चीनमा। त्यसपछि ध्यानको अभूतपूर्व प्रचार भयो कोरिया र जापानमा। संस्कृतमा ध्यान, चिनियाँ भाषामा चान र जापानीमा जाजेन भन्छन्, जो कालान्तरमा झेनमा परिष्कृत भयो। ध्यान जैन र बौद्ध धर्मभित्र मात्र सीमित छैन। वास्तवमा महावीर र बुद्धभन्दा पहिले नै ऋषिमुनिहरूको मूल माध्यम ध्यान नै थियो– आत्मज्ञानको मूल माध्यम। भक्ति र ध्यान दुई महत्त्वपूर्ण मार्ग मानिएका छन्, मोक्ष्य, कैवल्य, निर्वाण प्राप्त गर्नका लागि। दुवैका लक्ष्य मुक्ति प्राप्ति हो, तर ध्यानबारे सतही बौद्धिक सूचनामा अल्झिरहनु एउटा कुरा हो, उपलब्ध हुनु अर्कै कुरा।

अरू जे भए पनि तिमी ध्यानतिर आकर्षित छौ भन्ने स्पष्ट संकेत पाइन्छ तिम्रो पत्र पढ्दा। यदि ध्यानमा गति लिन सक्यौ भने तिम्रो जीवनमा वास्तविक अर्थमा सिर्जनात्मक रूपान्तरण आउनेछ। तिम्रो नामअनुकूल तिम्रो चैतन्य र तिम्रो व्यक्तित्व हुनेछ। भौतिक र पराभौतिक लावण्यको सम्मिश्रण तिम्रो अन्तिम ऐश्वर्य हुन सक्छ। अल्टिमेट, आत्यन्तिक सौन्दर्य भनेको पनि त्यही नै हो। त्योभन्दा पर अरू कुनै सौन्दर्य छैन, जसलाई हामी सौन्दर्य भनेर आफैंलाई सम्झाइरहेका हुन्छौं। त्यो त गोचर नेत्रहरूले हेर्ने, बुझ्ने पार्थिव सौन्दर्यको सिमानाभित्र पर्छ। तिम्रो सन्तुलन मिलेको शरीर मधुर आवाज, आकर्षक व्यवहार, मोहक भंगिमा, सुन्दर रुचि, सुन्दर व्यवहार त समान्य लोकको सौन्दर्यशास्त्रीय मापदण्डभित्र पर्छन्– मृत्युलोकको प्यारामिटर भित्र, तर ध्यान र भक्तिबाट प्राप्त सौन्दर्य अमृत लोकको आलोकभित्र पर्छ। आशा छ कि तिम्रो ध्यान दिन-प्रतिदिन गहन हुँदै जानेछ। संसार र अलौकिक सत्यबीच तिमी एक अनुकरणीय प्रतीकका रूपमा उपस्थिति हुनेछौ आफ्नो पूर्णतम लावण्यमा, प्रस्फुटनमा। प्रिय लावण्यवती, संसारभित्रको दायित्व र ध्यान वा भक्तिबीचको सामञ्जस्य तिम्रो उद्देश्य हुनुपर्छ। मेरो सल्लाह यही हो।

**पो.ब.नं. २९७४**



## नीति-नियम

वादीको प्रार्थना सुनेर यदि प्रतिवादी त्यसलाई स्वीकार गर्दैन भने त्यसलाई मिथ्या वा झूटो उत्तर भन्छन्। यो झूटो हो, मलाई थाहा छैन, त्यतिबेला म त्यहाँ थिइनँ र त्यस बेला म जन्मिएकै थिइनँ भनिएका चार किसिमका कुरा झूटा हुन्छन्।

जो आफ्नो नाता पर्दैन तर काम जान्दछ भने त्यो साक्षीका लागि उपयुक्त छ। साक्षी अनेक प्रकारका हुन्छन्। कोही प्रत्यक्ष आँखाले देख्ने, कोही केवल सुन्ने मात्र। 'कृत' तथा 'अकृत' गरी साक्षीलाई दुई किसिमबाट छुट्याइएको छ। वादीद्वारा उपस्थित गराइएको 'कृत' र राज्यद्वारा उपस्थित गराइएको साक्षीलाई 'अकृत' भनिन्छ।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा



## चिठी पत्र

### लोकदोहोरी साँझको नाममा विकृति

युएईको अबुधावीस्थित लोकदोहोरी साँझ नेपालीहरूका लागि फाइट क्लबका रूपमा चिनिन थालेको छ। विदेशमा नेपाली लोकदोहोरी साँझ भन्ने सुन्नासाथ झट्ट नेपाली लोकदोहोरीको सम्झना आउँछ, तर यहाँ दोहोरीको नाममा विकृति बढ्दो छ। खास गरेर प्रत्येक साताको बिहीबार बेलुका यहाँका लोकदोहोरीहरूमा नेपालीको घुइँचो लाग्छ। अन्य खाडी मुलुकमा भन्दा युएईमा केही खुलापन भएका कारण पनि नेपालीहरूले यस्तो मनोरञ्जन गर्न पाएका हुन्। विशेष गरेर अबुधावी पुलिसमा कार्यरत नेपालीहरू दोहोरी साँझमा बढी झुलेका देखिन्छन्। आज-भोलि त्यहाँ विभिन्न कम्पनीमा कार्यरत नेपालीहरूको पनि भीड लाग्ने गरेको छ। लोकदोहोरी साँझको विदेशमा पनि आफ्नै विशेषता एवं स्थान छ तर युएईमा केवल नाम मात्रको लोकदोहोरी साँझ छ। यस्ता लोकदोहोरी साँझ न त नेपालीले सञ्चालन गरेका छन्, न त त्यहाँ कुनै नेपाली लोकगायक-गायिकाहरू नै छन्, न त त्यहाँ कहिल्यै लोकदोहोरी नै बज्छन्। सधैं एउटै गीतमा केही नेपाली युवती त्यहाँ कम्मर मर्काउँछन्। नेपालीहरूले महिनाभरि पसिना बगाएर कमाएको पैसा त्यहाँ एकैक्षणमा स्वाहा पारेका कैयौं घटना छन्।

बिहीबार बेलुका करिब ९ बजेदेखि सुरु हुन्छ नेपालीहरूको आगमन। सुरुमा केहि नरम ड्रिङ्क गरे पनि बिस्तारै नसाको तालमा सबै झुल्न पुग्छन् र अन्त्यमा सानो निहुँमा झैझगडा गरी बाहिरिन्छन्। यहाँ प्रत्येक साता यस्ता कार्य दोहोरिन्छन्। यहाँ नेपालीहरू मनोरञ्जनका लागि भन्दा पनि तलब धेरै भएका, आफ्नो धाक, रवाफ देखाउन अनि नसामा डुब्न आउने अनुभवी नेपालीहरूको कथन छ।

रक्सी पिएपछि युवाहरू झैझगडा गर्नसमेत पछि पर्दैनन्। प्रवासमा एक-अर्काको दुःखमा साथ दिनु त कता हो कता, आपसमा कुटाकुट गर्छन्। लोकदोहोरी साँझमा हजारौं दिराहाम्स खर्च गर्न पछि पर्दैनन् तर आपत्‌विपत् परेका नेपालीलाई दस दिराहाम्स सहयोग गर्न आनाकानी गर्छन्। चाहे नेपाली लोकदोहोरी साँझ होस् वा अन्य कुनै होटल, कतिपयले त जहाँ गए पनि आफ्नो बानी त्याग्दैनन्। नेपाली तथा अन्य देशका नागरिकमा आकाश-पातालको फरक पाइन्छ। अबुधावीमा मात्र नभएर युएईका अन्य क्षेत्रमा पनि नेपालीहरूले जाँड-रक्सी खाएर बबाल गरेका घटना थुप्रै छन्। केही समयपहिले सारजाँहको एक रेस्टुराँमा केटीको निहुँमा रक्सीकै तालमा भनाभन हुँदै कुटाकुटसम्म भएको थियो। यस्ता घटना त नेपालीहरूका लागि सामान्य भैसकेका छन्।

आफ्नो घर-परिवारदेखि सात समुन्द्रपार हुँदा घर-परिवारको यादले सताउँछ र कहिलेकाहीं रमाइलो पनि गर्नुपर्छ तर रमाइलो गर्ने भन्दैमा अचेत अवस्था हुँदासम्म जाँडरक्सी खानु, एक-आपसमा झगडा गर्नु नसुहाउने कुरा नै हो। प्रवासमा हामी नेपालीहरू मात्र छैनौं, अन्य देशका नागरिक पनि छन्, उनीहरूका पनि विभिन्न बार, डान्स क्लबहरू छन् तर उनीहरू कहिल्यै यसरी रक्सी पिएर आपसमै झै-झगडा गर्दैनन्। हामी नेपालीको मात्र बानी यस्तो किन ? चाहे दोहोरी साँझ होस् वा डान्स क्लब, नेपालीहरू नशाको तालमा बबाल गर्छन् र आफ्नो बेइज्जत आफैं गर्छन् भन्ने इमेजले हामीलाई कहाँ पुऱ्याउँछ ?

**–खेमनाथ पौडेल**

### डा. भण्डारीका सम्बन्धमा

हामी साप्ताहिक खोजीखोजी पढ्छौं। हामीकहाँ प्रायः पत्रिका साँझ अबेर मात्र आइपुग्छन्। हामीले साप्ताहिक पढ्न थालेको पनि एक दशकभन्दा बढी भैसकेको छ। खासगरी डा. डी.पी. भण्डारीका लेखहरूप्रति त हामी नतमस्तक नै छौं। भण्डारीजी अलि गहिराइमा पुगेर लेख्नुहुन्छ। उहाँले सामान्य स्तरका पाठकहरूलाई समेत हुने गरी लेख्नुभए उहाँको परिपक्व लेखनीले अझ विस्तार पाउनेछ भन्ने हाम्रो सोंच छ। समकालीन होइन, कालजयी लेख लेखेर भण्डारीजी नेपाली साहित्यमा अजर-अमर हुनुहोस्, हाम्रो शुभकामना छ।

**–बी. शिवाकोटी र पी. शर्मा, रामेछाप**

## तीतो सत्य

-शान्ति द्वन्द्व र युद्धले आउँदैन, आपसी समन्वय, मेलमिलाप, सहिष्णुतता, सहनशीलता, मानवता, आत्मीयता एवं आचारसंहिताजस्ता गुणहरूबाट नै शान्ति प्राप्त हुन्छ।

-थाहा पाइनँ, देखिनँ, झुक्याए, छले, ढाँटे भनेर जिम्मेवारीबाट पन्छिन सकिंदैन। यी सबै असत्य र अनुचित तर्क हुन्। यस्ता कार्यले न आफ्नो भलो हुन्छ, न अरूको।

-झूट बोल्नुभन्दा बोल्दै नबोल्नु राम्रो हुन्छ।

**वसन्त रूपाखेती, पनौती**

-मुर्खलाई उपदेश दिनु बाँदरलाई नरिवल दिनुसरह हो।

-पैसाको पछि नदौड, पैसालाई आफ्नो पछाडि दौडाऊ

**नारायण न्यौपाने**


-अनुहारमा कान्ति छाउन मन सफा र कञ्चन हुनुपर्छ।

**वसन्त खत्री, पनौती**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## संविधान सभा जिज्ञासा



पूर्णमान शाक्य
संवैधानिक कानुन विशेषज्ञ

**प्रश्न : सबैभन्दा राम्रो संविधानसभा कुन मुलुकमा गठन भएको थियो ? नेपालको भु-राजनैतिक उपस्थितिका आधारमा भन्नुपर्दा के त्यस्तो संविधानसभा नेपालमा पनि संभव छ ?**

**–एम.के. तिमिल्सिना, काठमाडौं**

**उत्तर** : संविधानसभाको अभ्यास विश्वका धेरै मुलुकमा भैसकेको छ । प्रत्येक मुलुकका संविधानसभा त्यस मुलुकको विशेष परिस्थिति र भूराजनीतिका उपजका आधारमा गठन भएका छन् । अहिलेको अवस्थामा कुनै पनि मुलुकको संविधानसभालाई नेपालका निम्ति आदर्श मान्न सकिँदैन । किनभने नेपालको भूराजनीति तथा सामाजिक परिस्थिति आफ्नै किसिमको छ । मुख्य कुरा भने भविष्यमा गठन हुने संविधानसभाले सबै क्षेत्र, जातजाति र विचारलाई प्रतिनिधित्व गऱ्यो कि गरेन भन्ने नै हुनेछ । दक्षिण अफ्रिकाको संविधानसभालाई सबै ठाउँमा आदर्शका रूपमा लिइन्छ । हाम्रो संविधानसभाको गठन प्रक्रिया दक्षिण अफ्रिकाको भन्दा अझ विस्तृत रूपमा समावेशी गराउनुपर्ने भएकाले हामी मिश्रित निर्वाचन प्रणालीका आधारमा संविधानसभामा प्रवेश गर्दैछौं ।

**संविधानसभाको अगामी निर्वाचनलाई मध्यनजर गर्दै साप्ताहिकले पाठकहरूको जिज्ञासा समाधान गर्ने व्यवस्था मिलाएको छ । पाठकहरूको जिज्ञासालाई नेपाल ल क्याम्पसका सहप्राध्यापक एवं संवैधानिक कानुनका ज्ञाता पूर्णमान शाक्यले समाधान गर्नुहुनेछ ।**

## मेरो विचार

### संविधानसभा के हो?

संविधानसभाको निर्वाचन नजिकै आइरहेको समयमा यसलाई घुमाई-फिराई परिभाषित गर्नुभन्दा यसको मूल उद्देश्यतर्फ ध्यान दिनुपर्छ । सदियौंदेखि नेपाली जनतालाई गरिबी, पछौटेपन, अन्धविश्वास र विभेदको खाडलमा जाकिरहेको राजतन्त्रलाई जरैदेखि उखेलेर नामोनिसान मेट्नु हो भन्ने अर्थमा संविधानसभालाई बुझ्नुपर्छ ।

जब राजतन्त्रको अन्त्य हुन्छ तब मात्र नयाँ नेपाल निर्माणको सपना साकार हुन्छ । त्यसपछि, विगतका द्वन्द्व, राजनैतिक अस्थिरताजस्ता यावत् समस्या समाधान हुन्छ भन्ने कुराको आशा गर्न सकिन्छ, तर यो कुरा जनताले नयाँ संविधान निर्माणका लागि चुनेर पठाएका जनप्रतिनिधिको जनभावना र लोकतन्त्रप्रतिको उत्तरदायित्व बोधमा निर्भर गर्छ ।

संविधानसभाको सफलताका लागि पहिलो बाधा देशमा अझै स्थापना हुन नसकेको शान्तिपूर्ण वातावरण नै हो । नेपालमा कस्तो राज्यको पुनर्संरचना उपयुक्त हुन सक्छ ? मिश्रित निर्वाचनप्रणालीमा कसरी मत दिने भन्ने विषयमा नागरिक शिक्षा सञ्चालनमा (निर्वाचन आयोग तथा राजनीतिक दलहरू) नलाग्ने हो भने लाखौं मतको औचित्य र अस्तित्व समाप्त हुन सक्छ । माओवादीभित्र रहेको हतियारको दम्भ पनि संविधानसभाको निष्पक्ष निर्वाचनमा तगारो बन्न सक्छ ।

यस्ता यावत् समस्याको समाधानका लागि जनताले राष्ट्रिय एकता एवं अखण्डतालाई मजबुत पार्न सक्षम र सच्चा लोकतान्त्रिक सिद्धान्त तथा कार्यक्रम लिएको समावेशी अवधारणाअनुरूप सही र इमान्दार दल वा व्यक्तिलाई प्रतिनिधिका रूपमा छनौट गर्नुपर्छ । संविधानसभाको निर्वाचनमा सरकार तथा निर्वाचन आयोगलाई सहयोग पुऱ्याउनु हरेक नागरिकको दायित्व हो ।

**– शिवहरि ज्ञवाली, पाल्पा**

### संविधान र संविधानसभा

संविधानसभा भनेको नयाँ संविधान लेख्नका लागि जनताको मतबाट निर्वाचित प्रतिनिधिहरूको सभा हो । संविधानमा देशको शासन व्यवस्था, राज्यको ढाँचा, राज्यका अंग तथा संस्था, नागरिकका हक, अधिकार, काम, कर्तव्य र नियमजस्ता विषय उल्लेख गरिएका हुन्छन् । संविधानबमोजिम नै विभिन्न विषयमा कानुन बनाइन्छ । संसद् कानुन बनाउने थलो हो भने संविधानसभा देशको मूल कानुन बनाउने थलो हो ।

नेपालको इतिहासमा संविधानसभाका बारेमा २००७ सालदेखि चर्चा चल्दै आए पनि त्यसको निर्वाचन अब आएर सम्भव भएको छ ।१९ दिने जनआन्दोलनपछि मुलुक संविधान सभाको निर्वाचनतर्फ अघि बढेको छ । हाम्रो मुलुकमा हुने संविधानसभाले नयाँ संविधान बनाउने मात्र नभै २ सय ३८ वर्षदेखि शासन गर्दै आएको राजतन्त्रको अन्त्य गर्ने निर्णय पनि गर्न सक्नेछ ।

संविधानसभाको निर्वाचनका लागि राजतन्त्र बाधकका रूपमा रहेको छ । अन्तरिम सरकारले छिटोभन्दा छिटो संविधानसभाको निर्वाचन गराउन संविधानसभाका बारेमा व्यापक रूपमा आमजनतालाई सूचित गर्नुका साथै निर्वाचनका लागि आवश्यक सुरक्षा संयन्त्र, निष्पक्ष एवं भयरहित वातावरणको सिर्जना गर्नु आवश्यक छ । संविधानसभा निर्वाचन असफल बनाउन लागिपरेका शक्तिलाई विफल तुल्याई संविधानसभाको निर्वाचन सफल बनाउन सरकार एवं आमनेपाली नागरिकले आफ्नो तर्फबाट सक्दो भूमिका खेल्नुपर्छ ।

**–अनन्त ढकाल, पुतलीबजार, स्याङ्जा**

### जनता सुसूचित हुनुपर्छ

संविधानसभा भनेको राज्यको मुल कानुन संविधान निर्माण गर्ने जनप्रतिनिधिहरूको थलो वा सभा हो, जहाँ जनताले प्रत्यक्ष रूपमा चुनेर पठाएका सम्पूर्ण प्रतिनिधिहरूले व्यापक परामर्श र बहस गरेर त्यसको माध्यमद्वारा संविधानको रूपरेखा एवं स्वरूप तयार पार्ने काम गर्छन् । जसद्वारा विनाभेदभाव सुलभ ढंगबाट राज्य सञ्चालन गर्न सकियोस्, जनताका उर्लंदा आकांक्षा पूरा गर्न सकियोस् ।

निश्चय नै प्रतिगामी तत्त्वहरू यसलाई बिथोल्ने कार्यमा लाग्नेछन् । मधेसको आन्दोलनमा अराजक गतिविधिले प्रश्रय पाउनु, उठेका जायज मागहरूलाई मध्यनजर गर्दै समस्या समाधानका लागि सरकार तयार हुँदासमेत संविधानसभालाई नै अवरोध सिर्जना गर्ने गरी आफ्ना गतिविधिलाई जारी राख्नु, हिजोका दिनमा नाम सुन्दै नसुनेका र देख्दै नदेखेका संगठन एवं मानिस आन्दोलनको नाममा अगाडि आउनु, त्यो पनि सशस्त्र रूपमा आदि नै ज्वलन्त उदाहरण हुन्, जसले संविधानसभाको निर्वाचनलाई बिथोल्न हरसम्भव प्रयास गर्छन् । सरकारलाई गलत निर्णय गर्न बाध्य पार्ने र त्यसबाट फाइदा उठाएर संविधानसभाको निर्वाचनलाई नै अवरुद्ध पार्ने सम्भावना पनि त्यत्तिकै छ ।

षड्यन्त्र र खतराहरूबाट यो मुलुकलाई पार लगाउन, संविधानसभाको निर्वाचन घोषित समयमै निष्पक्ष, स्वतन्त्र र भयरहित वातवरणमा सम्पन्न गर्नका लागि सबैभन्दा पहिले राजनैतिक दलहरूका बीचमा बलियो एकता तथा स्वस्थ प्रतिस्पर्धा आवश्यक छ ।

दोस्रो कुरा जनतालाई प्रशिक्षित तथा सु-सूचित बनाउनुपऱ्यो । हामी २०६४ साल असार ६ गते संविधानसभाको निर्वाचन सम्पन्न गर्ने घोषणाका साथ अघि बढेका छौं । आजसम्म यो मुलुकमा कति प्रतिशत जनतालाई संविधानसभा, संघीय शासनप्रणाली, समानुपातिक निर्वाचन प्रणाली एवं राज्यको पुनःसंरचनाका बारेमा स्पष्ट जानकारी वा चेतना छ ? यतातर्फ सम्पूर्ण राजनैतिक दल, सरकार, नागरिक समाज, विभिन्न संघ-संस्था एवं जिम्मेवार व्यक्तिहरूको ध्यान जानु आवश्यक छ ।

हामी खण्डित गणतान्त्रिक नेपाल होइन, एकीकृत गणतान्त्रिक नेपाल चाहन्छौं । जहाँ प्रत्येक नागरिकले समान अवसर, सहभागिता र सम्मान पाओस् । जाति, वर्ग, समुदाय, भौगोलिक अवस्था, लैङ्गिक असमानता आदिका कारण कसैले पनि राज्यका सुविधाबाट वञ्चित हुनु नपरोस् । यी इच्छा, आकांक्षा एवं अवसर सफल र निष्पक्ष संविधानसभाको निर्वाचनपश्चात् बन्ने एकीकृत गणतान्त्रिक नेपालको संविधानले मात्र पूरा गर्न सक्छ ।

**–जे. के. विश्वकर्मा**

## व्यक्ति-अभिव्यक्ति

संविधानसभा निर्वाचन बेलैमा सम्पन्न गर्न तथा त्यसमा आफ्नो दलको उपस्थिति सम्मानजनक बनाउन मन्त्री भएकी हुँ । मलाई वरिष्ठताको भन्दा संविधानसभा निर्वाचनको चिन्ता छ ।

**साहना प्रधान, मन्त्री, परराष्ट्र**

हामी सरकारमा भएका बेला सजिलै संविधानसभाको निर्वाचन सम्पन्न गऱ्यौं भने त्यही ठूलो कुरा हुनेछ ।

**मोहन वैद्य, नेता, नेकपा (माओवादी)**

संविधानसभाको निर्वाचनले राजालाई बाँकी राख्छ जस्तो लागेको छैन । मेरो जिल्ला (ओखलढुङ्गा) का जनता राजाका पक्षमा छैनन् । जब जनता राजाका पक्षमा छैनन् भने हामीले राजाका बारेमा किन चिन्ता लिने ?

**बलबहादुर राई, नेता, नेपाली काङ्ग्रेस**

संविधानसभाको निर्वाचन समयमा गराउने हो भने मधेसमा सक्रिय रहेका फोरम, ज्वाला, गोइतजस्ता समूहसँग वार्ता गर्नुपर्छ । ती समूहसँग वार्ता नगरी संविधानसभा निर्वाचन होला जस्तो मलाई लागेको छैन ।

**हृदयेश त्रिपाठी, नेता, नेसपा**


म्याग्नेटिक ग्याँस सेभरको प्रयोगले
प्रत्येक ग्याँस सिलिन्डरमा रू. २७० बचत
३० दिन पुग्ने ग्याँस सिलिण्डर अब चल्नेछ ३८ दिन ।
SAVE FUEL
Order for Homedelivery
New Road: 2386918, Baneshwor: 9803256120
Lalitpur & Bhaktapur: 9803190779, Chabahil
Kalanki & Balaju: 9803362027
Zing Trading 01-2386918 9803190779
नोटः नक्कलि देखि सावधान
Original बिल लिनुहोला
मूल्य Rs 416
Rs.275+25

SWIMMING!
SWIMMING!!
SWIMMING!!!
TRAINING !
By Lady Instructor
Only for Female
5536057, 5523082
9841-208749

100% GUARANTEE
Yoko
Height Increaser - Rs. 1400/-
Velform SAUNA BELT
- Rs. 2495 /-
डिजीटल भीडीयो क्यामेरा
11 mega pixels Rs. 14999/-
Rs. 2499/-
Ab king Pro Rs. 5500/-
Global TV Shop

ADMISSION OPEN
LEMS School
पुल्चोक, ललितपुर
कक्षा नर्सरीदेखि कक्षा नौसम्म आवासीय तथा दिवा कक्षाहरूमा भर्ना खुल्यो ।
सिघ्र सम्पर्क Ph.5527345
➢ आवासीय सुविधा ।
➢ यातायातको व्यवस्था ।
➢ अतिरिक्त क्रियाकलाप । (नृत्य, संगीत, स्काउट, मार्सल आर्ट)
➢ कलेजका प्राध्यापकद्वारा अध्यापन ।
➢ विशेष छात्रवृत्तिको व्यवस्था ।
Limited Seats Only. Hurry up !
आवासीय विद्यार्थीहरुलाई विशेष छुट

PRIVATE TEST/SLC
२०६४ को लागि भर्ना खुल्यो
कक्षा ८ पास, कक्षा ९ पास/फेल तथा Test/S.L.C. फेल भएर स्कूल जान नसकेका विद्यार्थीहरुका लागि Private Test/SLC तयारी कक्षामा धमाधम भर्ना लिईदैछ । सिट सीमित छ ।
(English and Nepali both medium)
Bright Future Institute
मोबाइल : ९८५१००२८०४, फोन नं: ४४६३०७३, चावहिल, काठमाडौं ।

प्राइभेट
TEST/SLC/०६४ मा
८ कक्षा वा ९ कक्षा पास भई स्कुल जान छाडेका र Test/LSC फेल भई स्कुल जान छाडेका विद्यार्थीहरुका लागि
वासिन्टन एकेडेमी, नयाँवानेश्वरमा
➡ होस्टेलको पूर्ण सुविधा ।
➡ विहान, दिउसो/अंग्रेजी, नेपाली दुबै माध्यममा पढाइने ।
➡ कक्षा दशको मात्र पाठ्य पुस्तक अध्ययन गरे पुग्ने ।
➡ वर्षौं अनुभवी शिक्षकद्वारा विद्यार्थीको मिनी पावरका आधारमा पढाइने कक्षामा
नयाँ भर्ना खुल्यो
भर्ना तालिका :
◆ ०६३ चैत्र २५ गतेदेखि फाराम वितरण ।
◆ ०६४ वैशाख २ गतेसम्म पहिलो समूहको भर्ना लिइने ।
◆ ०६४ वैशाख ३ गते पहिलो समूहको कक्षा सञ्चालन ।
◆ पहिलो समूहमा ३० जनालाई मात्र भर्ना लिइने ।
भर्ना संख्या १०० जना

| माध्यम | विहान | दिउँसो |
| --- | --- | --- |
| अंग्रेजी | ३० जना | २० जना |
| नेपाली | ३० जना | २० जना |

सम्पर्क :
वासिन्टन एकेडेमी
नयाँ बानेश्वर चोकबाट, शंखमुलतर्फ २ सय मिटर अगाडि
(कोलम्बस कलेजको ठीक अगाडि) फोन : ४७८१०६१

# गैरसरकारी शिक्षणसंस्थामा विद्यार्थी संगठनको आवश्यकता

गैरसरकारी शिक्षण संस्थामा विद्यार्थी संगठन चाहिँदैन भन्ने मान्यता सही हो कि गलत ? भन्ने कुरा बुझ्न उपत्यकाभित्रका प्रमुख १० कलेज तथा उपत्यकाबाहिरको एक विश्वविद्यालयमा गरिएको अनुसन्धानमा सहभागी विद्यार्थीमध्ये ७५ प्रतिशतले विद्यार्थी संगठनको आवश्यकतामा जोड दिए।

ऱ्यान्डम स्याम्प्लिङका आधारमा राजनैतिक आस्थावान् अथवा पढाइमा तेज मात्र नभै प्रत्येक कक्षाका प्रतिनिधि विद्यार्थीहरूसँग कलेजको अनुमति लिएर गरिएको सर्वेक्षणमा सहभागी विद्यार्थीहरूको उत्सुकता एवं जागरूकता देखेर थप कलेजमा अनुसन्धान गर्ने हौसला मिलेको थियो। स्याम्प्लिङ गर्ने क्रममा सहभागीले यस्तो छलफलको थप आवश्यकता महसुस गरेको हामीले पायौं। गैरसरकारी शिक्षण संस्थाका सहभागी विद्यार्थीले देशको राजनैतिक अवस्थाका सम्बन्धमा जानकारी नदिई पढाइमा मात्रै लादेको भन्दै आफ्नै कलेजप्रति तिक्तता पनि पोख्न भ्याए।

सर्वेक्षणमा सहभागी विद्यार्थीलाई 'तपाईंले आफ्नो कलेज/विश्वविद्यालयमा स्वतन्त्र विद्यार्थी युनियनको आवश्यकता महसुस गर्नुभएको छ ?' भन्ने प्रश्न साथमा 'छ', 'छैन', 'थाहा छैन' तीनवटा विकल्प दिइएको थियो, जसको परिणाममा ७५ दशमलव ७८ प्रतिशतले आवश्यकतामा जोड दिए, १२ दशमलव ३८ प्रतिशतले आवश्यकतामा छैन भने। ११ दशमलव ८४ प्रतिशतले थाहा नभएको बताए।

यति ठूलो संख्यामा विद्यार्थी संगठनको आवश्यकता महसुस गर्ने विद्यार्थीहरूसँग कारण सोध्दा ४५ दशमलव ८३ प्रतिशतले आफ्नो अधिकारको सुनिश्चितता एवं रक्षा गर्ने तर्क अघि सारेका थिए। स्वतन्त्र हुन पाइने भन्दै सहभागीहरूले संगठन गठनपश्चात् आफ्ना समस्या एवं विचार प्रशासनको दबाबबिना निर्धक्क छलफलमा ल्याइन पाइने जिकिर गरे।

संगठन गठनपश्चात् कलेजहरूमा लोकतान्त्रिक परिपाटीको विकास हुने कुरामा उनीहरूले जोड दिए। संगठनका पक्षधरमध्ये १८ दशमलव ४३ प्रतिशतले यसबाट प्रशासनको पारदर्शिता एवं उत्तरदायित्व बढ्ने कुरामा जोड दिएका थिए भने बाँकीले विद्यार्थीको नेतृत्व गर्ने क्षमतामा विकास हुने तथा विभिन्न प्रकारबाट विद्यार्थीमाथि गरिने शोषण अन्त्य हुने बताए।

शिक्षण संस्थामा हुने महत्त्वपूर्ण क्रियाकलापमा विद्यार्थीहरूलाई बेवास्ता गरिएको गुनासो पनि विद्यार्थीहरूले गरे। विद्यार्थी र शिक्षालयको विकासका लागि प्रशासनले जतिसुकै कुरा गरे पनि विद्यार्थीहरूलाई बदलिंदो समयअनुसार उनीहरूको भावना र विचारको उच्च सम्मान गर्दै अघि बढ्न चुक्यो भने ती शैक्षिक संस्थाहरूबाट उत्पादित विद्यार्थी जीवनभर केही न केही कमी भैरहेको महसुस गर्नेछन्।

गैरसरकारी शिक्षालय विकासका लागि विद्यार्थी संगठनको भूमिका त्यहाँका विद्यार्थीमध्ये ३० दशमलव ३२ प्रतिशतले खोजे पनि सरकारी शिक्षालयका विद्यार्थीको भूमिका अनुन्धानकै विषय छ।

सर्वेक्षणमा सहभागीमध्ये १२ दशमलव ३८ प्रतिशत विद्यार्थीले 'विद्यार्थीले राजनीति गर्नै नहुने' तर्कलाई मुख्य विषय बनाई विद्यार्थी संगठनको आवश्यकता नभएको बताएका थिए। सरकारी क्याम्पस तथा विश्वविद्यालयमा स्ववियुको 'हालत' हेरेर पनि गैरसरकारी कलेजहरूमा यसलाई खोल्न दिन नहुने उनीहरूको तर्क थियो। हुन पनि विभिन्न राजनैतिक दल एवं पूर्ण रूपमा राजनैतिक भविष्यको 'आधार' खोज्नकै लागि मात्र सरकारी क्याम्पसका विद्यार्थीहरूले स्ववियुलाई उपयोग गर्नाले गैरसरकारी कलेजका विद्यार्थीहरू तर्सनु स्वाभाविक हो, तर नयाँ ढंग र परिपाटीले विद्यार्थीको हकहितको रक्षाका लागि स्ववियु गठन हुनु स्वयं विद्यार्थी एवं क्याम्पसकै गौरवको कुरा मान्नेहरू नै बहुमतमा रहे।



**हालसम्म सरकारी स्वामित्वका विश्वविद्यालयसँग सम्बन्धित विद्यार्थीहरू मात्रै प्रत्यक्ष रुपमा दलसँग आबद्ध हुँदै अघि बढेका देखिन्छन्। अपवादबाहेक गैरसरकारी विश्वविद्यालयमा अध्ययन गरी बाध्यतावश राजनीति गर्नबाट वञ्चितहरू राजनैतिक दलहरूको प्रमुख हिस्सा हुनबाट पनि पूर्ण रूपमा वञ्चित छन्।**

**के गैरसरकारी शिक्षालयका विद्यार्थीहरू राजनैतिक दलको निर्णायक तहमा पुग्ने अवसरबाट सदैव वञ्चित हुने ?**

एमाले निकट विद्यार्थी संगठनले केही समयपहिले स्कुल स्तरदेखि नै विद्यार्थी युनियन गठन गर्ने निर्णय गरेपछि त्यसको स्वागतसँगै ठूलै आलोचना पनि भयो। आलोचना गर्नेहरूले 'विद्यार्थीहरू पढाइमा भन्दा बढी राजनीतितिर जाने' तर्क अघि सारेका थिए भने प्रस्तावकहरूले चाहिं 'विद्यार्थीहरूलाई राष्ट्रनिर्माणमा सक्रिय सहभागी गराउने अभ्यास' भन्दै त्यसको बचाउ गरेका थिए।

उच्च शिक्षाविधान २०६३ मा संगठन खोल्न पाउने सम्पूर्ण अधिकार सम्बन्धित विश्वविद्यालयको विधानमा उल्लेख भएअनुसार हुने भनिएको छ, तर विश्वविद्यालयको विधानमा प्राङ्गणमा प्रवेश गर्नेबित्तिकै विद्यार्थी तथा जो-कसैले राजनैतिक चिन्तनलाई त्याग्नुपर्छ, त्यसो नगरे हदैसम्मको कारवाही गरिनेछ भनिएको छ। यसले संघ-संगठन खोल्ने विद्यार्थीको मनसायमाथि तुसारापात गरेको छ।

गैरसरकारी कलेज तथा विश्वविद्यालयका विद्यार्थीहरू विद्यार्थी संगठन खोल्दै त्यसमार्फत देशको विकासका लागि अग्रसर हुन चाहन्छन्। नेपालका राजनैतिक दलका नेताहरूको पृष्ठभूमि केलाउँदा उनीहरूको आजको हैसियत हिजोका विद्यार्थी जीवनमा गरेको योगदानको प्रतिफलमै आधारित देखिन्छ।

हुन पनि भविष्यका नेताले विद्यार्थीकालमा राजनैतिक दलसँग आबद्ध नभए दलीय हैसियतमा ठूलै अन्तर पर्छ। त्यसैले पनि विद्यार्थीकालमै दलमा आबद्ध हुँदै अभ्यास गर्नु नेता बन्ने सपना देख्नेहरूका लागि बाध्यता नै हो। हालसम्म सरकारी स्वामित्वका विश्वविद्यालयसँग सम्बन्धित विद्यार्थीहरू मात्रै प्रत्यक्ष रुपमा दलसँग आबद्ध हुँदै अघि बढेका देखिन्छन्। अपवादबाहेक गैरसरकारी विश्वविद्यालयमा अध्ययन गरी बाध्यतावश राजनीति गर्नबाट वञ्चितहरू राजनैतिक दलहरूको प्रमुख हिस्सा हुनबाट पनि पूर्ण रूपमा वञ्चित छन्।

अब प्रश्न उठ्छ, के गैरसरकारी शिक्षालयका विद्यार्थीहरू राजनैतिक दलको निर्णायक तहमा पुग्ने अवसरबाट सदैव वञ्चित हुने ? यो चुनौतीपूर्ण प्रश्नको एक मात्र समाधान ती गैरसरकारी शिक्षालयमा पनि विद्यार्थी युनियनको गठन नै हो।

-आशिष लुइँटेल

## अवसर

• काठमाडौंस्थित एक फर्निचर उद्योगका लागि एक जना ड्राफ्ट म्यान र एक जना सुपरभाइजरको आवश्यकता छ। योग्य व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित पोस्टबक्स नम्बर ४६८६ मा आवेदन दिनुहोला।

• मकाउस्थित एक वैदेशिक रोजगारदाता कम्पनीका लागि ७० जना सुरक्षा गार्डको आवश्यकता छ। सुरक्षा निकायमा काम गरी अनुभव प्राप्त व्यक्तिले कम्पनीको नेपालस्थित प्रतिनिधीलाई फोन नम्बर ५५३०९०० मा सम्पर्क गर्नुहोला।

• काठमाडौंस्थित एक संस्थाका लागि एक जना सिभिल ओभरसियर तथा ड्राफ्टपर्सनको आवश्यकता छ। निर्माण क्षेत्र तथा डिजाइनमा न्यूनतम् ३ वर्षको अनुभव प्राप्त गरी अटोक्याट, एक्सल र अंग्रेजी भाषामा दक्ष व्यक्तिले फोन नम्बर ४२३१९१९ मा सम्पर्क राख्नुहोला।

• ललितपुरस्थित एक क्लिनिकका लागि केही क्लिनिकल असिस्टेन्टको आवश्यकता छ। प्लस टु उत्तीर्ण व्यक्तिले फोन नम्बर ५५५५९९० मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक संस्थाका लागि एक जना असिस्टेन्ट म्यानेजर र एक जना अफिस सेक्रेटरीको आवश्यकता छ। सम्बन्धित पदमा अनुभव प्राप्त, अंग्रेजी भाषामा दक्ष र कम्प्युटरसम्बन्धी ज्ञान भएको व्यक्तिले संस्थाको फोन नम्बर ४७२०१०९ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक मन्टेश्वरी विद्यालयको प्राथमिक तहका लागि एक जना प्राचार्य, सात जना शिक्षक/शिक्षिका तथा दुई जना प्राथमिक तह इन्चार्जको आवश्यकता छ। योग्य तथा अनुभवी व्यक्तिले विद्यालयको फोन नम्बर ४३७९१३५ मा सम्पर्क राख्नुहोला।

# सिकौं माफी दिन

'यदि कसैले गालामा थप्पड हिर्काउँछ भने तपाईं उसका अगाडि अर्को गाला पनि थापिदिनुहोस्।' यो भनाइ आजको सन्दर्भमा अतिरञ्जित वा निरर्थक लाग्नु स्वाभाविक हो। कसैले अकारण थप्पड हिर्काए पहिलो प्रतिक्रियास्वरूप मुहारमा क्रोध, आवेग तथा अपमानको भाव देखापर्छ र दोस्रो प्रतिक्रिया उक्त व्यक्तिमाथि तपाईंको प्रहार हुनसक्छ। आजको परिवेशमा कमै त्यस्ता व्यक्ति पाइएलान् जो आहत पुऱ्याउनेलाई क्षमा दिन सकून्।

माफी दिनु कठिन प्रक्रिया हो। जीवनमा कैयन अवस्था त्यस्ता हुन्छन् जसमा आफूलाई संयमित राख्नु आवश्यक हुन्छ। क्षमादान त्यो प्रयास होइन जो अरूका लागि गरिन्छ, यो आफ्नै लागि हो। रिसका लागि कुनै सजाय प्राप्त हुँदैन तर रिस नै सबैभन्दा ठूलो सजाय हो जुन शारीरिक एवं भावनात्मक क्षति, उच्च रक्तचाप वा अन्य रोगका रूपमा प्राप्त हुन्छ। रिसले व्यक्तिलाई अतीतजीवी बनाइदिन्छ, ऊ कटु कुरालाई भुल्न सक्दैन र आफ्ना वर्तमान एवं भविष्य दुवैलाई आफ्नै हातबाट नष्ट गर्नेतर्फ अग्रसर हुन थाल्छ।

आखिर किन आफ्नो जीवनलाई मनोविकारको शिकार हुन दिने ? किन अरू कसैको स्वार्थ तथा गल्तीका लागि स्वयंलाई बर्बाद हुन दिने ? निम्नलिखित कुरालाई पहिचान गरी आफ्नो रिससम्बन्धी जानकारी लिनुहोस्।



-तपाईं चाँडै आवेगमा आउनुहुन्छ र क्षमादान दिन चाहनुहुन्न।

-तपाईंलाई थाहा छ ? रिस भावनात्मक एवं शारीरिक रूपबाट हानिकारक छ। यद्यपि तपाईं कसैलाई क्षमा गर्न सक्नुहुन्न।

-अन्ततः तपाईं आफ्नो रिसलाई नियन्त्रणमा लिनुहुन्छ र माफी दिनु नै हितकर मान्नुहुन्छ।

-रिसलाई तुरुन्तै नियन्त्रण गरेर क्षमा दिनुहुन्छ।

यदि तपाईं पहिलो र दोस्रो उत्तरको नजिक हुनुहुन्छ भने स्वयंसित प्रश्न सोध्नुपर्ने हुन्छ :

-के म कुनै पनि कुरालाई अत्यन्त व्यक्तिगत रूपमा लिन्छु ?

-के म आफ्नो रिस, अपमान र आवेग अरूमाथि पोख्न चाहन्छु ?

-के म हरेक कुराका लागि आफूलाई दोषी मान्छु ?

यदि उल्लेखित सबै प्रश्नको उत्तर 'हो' भन्ने छ भने यो व्यक्तित्वको सबैभन्दा ठूलो कमजोरी हो, जसलाई सुधार्नु आवश्यक छ र त्यसका लागि आजैदेखि प्रयास आवश्यक छ।

क्षमा गर्न सक्नु शक्तिको परिचय हो, कमजोरी होइन। मानवीय जीवनमा संघर्ष र चुनौतीका थुप्रै क्षणहरू आइपर्छन्, तिनको सामना गर्न हरेक क्षण आत्मबल, आत्मविश्वास र ऊर्जा चाहिन्छ। रिस एवं आवेगमा त्यसलाई क्षय हुनुदिनुभन्दा सञ्चय गर्नु राम्रो हुन्छ। जीवन छोटो छ, मरिलानु केही छैन, बाँचुन्जेल बिना कटुता बाँचौं। आफू स्वयं र आफ्नो जीवनसित प्रेम गर्न सिकौं, त्यही आत्म स्वीकृतिले तपाईंलाई अरूको गल्तीका लागि तिनलाई क्षमादान गर्न सक्ने क्षमता प्रदान गर्छ, जीवन जीउने सही मार्गदर्शन गराउँछ।

होटल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Bakery, Barman, Captain, Bell Boy, Supervisior, Care Giver, Housekeeping, Domestic Helper मा धमाधम भर्ना लिईदैछ।
Cook Training गर्नेकालागि
Waiter, Housekeeping वा
English Language FREEमा
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801

कुनैपनि काम सानो र ठुलो हुदैन। श्रम गर्न नहिच्कीचाऔं। श्रमको सम्मान गरौं। उत्पादन र उत्पादन र उत्पादकत्व बढाउन शिक्षित र सचेत बनौं र अरुलाई पनि बनाऔं।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## जिज्ञासा

•सुदन झा, कम्प्युटर कन्सल्टेन्ट

**प्रश्न : वेबसाइटको एफटीपी पासवर्ड बिर्सिएको स्थितिमा पासवर्ड पत्ता लगाउने तरिका के हो ? कम्प्युटरमा सेभ गरी राखेको चलचित्रलाई कसरी पासवर्डमा राख्ने ?**

**–योगेश न्यौपाने, पत्रबाट**

**उत्तर** : यसका लागि तपाईंले आफ्नो वेबसाइटको डोमेन नेम कुन इन्टरनेट सुविधा प्रदायकबाट रजिस्ट्रेसन गर्नुभएको हो, पत्ता लगाउनु आवश्यक हुन्छ। डोमेन नेम कुन इन्टरनेट सुविधा प्रदायकबाट रजिस्ट्रेसन गरेको हो, पत्ता लगाइसकेपछि त्यहाँ इमेलमार्फत् सम्पर्क गरेर आफनो वेबसाइटको पासवर्ड थाहा पाउन सकिन्छ अथवा केही जानकारी लिनका लागि डोमेन नेम दर्ता गर्नुभएको इन्टरनेट सुविधा प्रदायककहाँ नै जानुपर्ने हुन सक्छ। यसरी रजिस्ट्रेसन पासवर्ड थाहा पाइसकेपछि पासवर्ड परिवर्तन गर्न केही गाह्रो हुँदैन।

कम्प्युटरमा सेभ गरी राखेको चलचित्रलाई साधारणतया पासवर्डबाट प्रोटेक्टेड गर्न सकिँदैन। यसका लागि छुट्टै पासवर्डबाट प्रोटेक्टेड सफ्टवेयर राख्नु आवश्यक छ। यसका लागि पासवर्ड प्रोटेक्सन सफ्टवयेरहरू इन्स्टल गर्नुपर्छ। उदाहरणका लागि HiDownload, Net Transport, Stream Down, OEP-OEE, AS"Recorder, GetAS"Stream, SDP Receiver, WM Recorder केही मुख्य पासवर्ड प्रोटेक्सन हुन्।

# पहिलो सफ्टटेक वैशाखको तेस्रो साता

**साप्ताहिक समाचार**

सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा वर्षकै सबैभन्दा ठूलो महोत्सव 'क्यान इन्फोटेक' आयोजना गर्दै आएको कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) ले पहिलो पटक वैशाख १९ देखि २२ सम्म 'क्यान सफ्टटेक-२००७' को आयोजना गर्ने भएको छ।

त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरमा आयोजना हुने क्यान सफ्टटेकमा ७७ वटा स्टल रहनेछन्। स्वदेशी तथा विदेशी सफ्टवेयर विकासकर्ताहरूले सहभागिता जनाउने यो मेलामा ५० हजारभन्दा बढी दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको छ,' क्यान अध्यक्ष विप्लवमान सिंह भन्छन्- 'आईसिटीको क्षेत्रमा आफ्नो दक्षता सावित गर्दै सफ्टवेयर विकासमा लागेका युवावर्ग तथा सफ्टवेयर प्रयोगकर्ताहरूको चासोलाई पूरा गर्ने उद्देश्यले सफ्टटेकको आयोजना गर्न लागिएको हो।'

सफ्टटेक संयोजक अमृतबहादुर थापाका अनुसार प्रदर्शनीमा भारतलगायत अन्य राष्ट्रका सफ्टवेयर विकासकर्ताहरूले पनि सहभागिता जनाउनेछन्। बैंक, वित्तीय संस्था, एयरलाइन्स, स्वास्थ्य, सञ्चार, संघसंस्था आदिका साथै अन्य व्यावसायिक प्रतिष्ठानहरूले सफ्टटेकबाट आवश्यक फाइदा लिन सक्नेछन्। थापा भन्छन्- 'सूचना तथा सञ्चार प्रविधिको महत्त्वपूर्ण पक्ष सफ्टवेयर व्यवसायले अलग पहिचान बनाइसकेको अवस्थामा क्यानले सफ्टटेक आयोजना गर्न लागेको हो।'




नेपालमा पछिल्लो अवधिमा बढ्दै गएको आइसिटी जनशक्ति सफ्टवेयर विकास एवं निर्यातमा जुटेको छ। सँगसँगै चर्को कर भन्सारका कारण यो व्यवसाय पारदर्शी हुन सकिरहेको छैन। क्यान अध्यक्ष सिंहका अनुसार यो व्यवसायलाई पारदर्शी बनाउन पनि सरकारले निश्चित समय 'ट्याक्स होलिडे' गर्नु आवश्यक छ। भारतको उदाहरण दिँदै अध्यक्ष सिंहले भने- 'भारतले ट्याक्स होलिडेको प्रयोगबाट यो व्यवसायको अवस्था बुझेको हो, यसै वर्षदेखि मात्र त्यहाँ कर असुल्न थालिएको छ।'

नेपालमा सफ्टवेयर विकास तथा व्यवसायमा हाल २ सयभन्दा बढी कम्पनी सक्रिय छन्, जसमध्ये एक चौथाइलाई सफ्टटेकमा उपस्थित गराउन सके कार्यक्रम सफल हुने सिंहको जिकिर छ। सफ्टटेकमा सफ्टवेयर विकासकर्ता एवं व्यवसायीहरूका अतिरिक्त मुलुकका नीति-निर्माता, शिक्षाविद्, विद्यार्थी तथा सर्वसाधारणको उपस्थिति हुने आयोजकहरूले बताएका छन्।

सफ्टटेककै अवसरमा क्यानले सूचना तथा सञ्चार प्रविधि अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्नेछ। वैशाख २० देखि २२ गतेसम्म चल्ने उक्त सम्मेलनको नारा 'परियोजना व्यवस्थापन र सम्पूर्ण बजार व्यवस्थापन' तय गरिएको छ। प्रविधि विकासमा अन्तर्राष्ट्रिय क्षेत्रबाट आर्थिक तथा प्राविधिक सहायता अभिवृद्धि एवं हस्तान्तरण गर्न यो सम्मेलनको भूमिका महत्त्वपूर्ण हुने अध्यक्ष सिंहले बताए। सिंहका अनुसार नयाँ नेपाल इ-नेपालको अवधारणालाई सार्थकता दिन पनि यो सम्मेलन उपलब्धिमूलक हुनेछ। सम्मेलनमा आईसीटीको क्षेत्रमा कार्यरत विभिन्न मुलुक तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरूले कार्यपत्र प्रस्तुत गर्नेछन्। सम्मेलनको पूर्वसन्ध्यामा प्रशान्त कम्प्युटिङ उद्योग संगठनमा आबद्ध २६ देशको बैठक पनि हुनेछ। वैशाख १८ र १९ गते आयोजना हुने उक्त बैठकमा विभिन्न राष्ट्रका ४० प्रतिनिधि सहभागी हुनेछन्।

## साप्ताहिक फ्रि
## afn.org.np

एन्टेना फाउन्डेसन नेपालले नेपालमै पहिलो पटक युरोपियन युनियनको सहयोगमा इन्टरनेटको प्रयोग गरेर रेडियो कार्यक्रमको उत्पादन एवं प्रसारण थालेको छ। रेडियो एन्टेना फाउन्डेसनले आन्तरिक कम्प्युटर नेटवर्कको प्रयोग गरी विना कुनै झन्झट स्टुडियोभित्र र बाहिरको क्रियाकलापका सम्बन्धमा च्याटद्वारा सूचना सञ्चार आदान-प्रदान गर्ने कामको थालनी गरेको छ। यस्तो कार्यक्रम एन्टेनाको आफ्नै इन्टरनेट सञ्जाल र कम्युनिकेसन कर्नरको उज्यालो सेटलाइट च्यानलमार्फत राजधानी लगायत देशभरका २९ वटा एफ.एम. रेडियोबाट प्रत्यक्ष प्रसारण हुन्छ।

यो कार्यक्रम स्टुडियोबाट प्रत्यक्ष प्रसारण सुरु भएको करिब ३५ सेकेन्डपछि इन्टरनेटको www.afn.org.np ठेगानामा सुन्न सकिन्छ। कार्यक्रममा चारवटा फोन लाइन एकैपटक खोलिन्छन्। देशभरिका जुनसुकै कुनाबाट श्रोताले पैसा नलाग्ने 'टक फ्री नम्बर' १६६० ०१ ३४५६७ मा फोन गरेर त्यस दिनको विषयमा आफ्ना मत, विचार र भोगाइलाई सुनाउन सक्छन्। सबै वर्ग एवं समुदायको पहुँच कार्यक्रममा पुगोस् भनेर कल फ्रि नम्बरको सुविधा उपलब्ध गराइएको हो।

# भाइरसको आक्रमण तीव्र

सन् २००७ अनलाइन भाइरसको वर्ष हुने भएको छ। यो वर्ष भाइरसको आक्रमण कम्प्युटर सफ्टवेयरमा मात्र सीमित रहनेछैन, सबै वेबसाइट तथा इन्टरनेट प्रविधिसँग जोडिने सम्पूर्ण उपकरणहरू मोबाइल, प्रिन्टर, आईपोड, पेनड्राइभ, डिजिटल क्यामेरा, ल्यापटपसमेत प्रभावित हुने देखिन्छ।

म्याकाफी नामक एन्टिभाइरस कम्पनीले हालै सार्वजनिक गरेको वर्ष २००७ मा इन्टरनेट सुरक्षामा हुन सक्ने शीर्ष १० खतरामा भाइरसको हमला र साइबर अपराधको सम्भावना पनि समेटिएको छ। हालै सार्वजनिक भएको माइक्रोसफ्ट कर्पोरेसनको महत्त्वाकांक्षी कम्प्युटर सञ्चालनप्रणाली (ओएस) भिस्टालाई ह्याकरले आक्रमण गरेपछि त्यसको सुरक्षा प्रणालीका बारेमा प्राविधिकहरूबीच विवादसमेत देखिएको छ।

माइक्रोसफ्टले भिस्टाको सबैभन्दा सबल पक्ष यसको सुरक्षाप्रणालीलाई देखाउँदै आएको थियो र यसलाई ह्याकरले बिगार्न नसक्ने दाबी गरेको थियो। सुरक्षाप्रणाली सबल बनाउने क्रममा भिस्टा अनुमान गरिएभन्दा २ वर्ष ढिलो सार्वजनिक गरिएको थियो।

म्याक एफीको अध्ययनमा भनिएको छ– 'सन् २००७ मा यस्ता वेबसाइटको संख्या अझ बढी हुनेछ, जसले ई-बिजनेसको बहानामा प्रयोगकर्ताको क्रेडिट तथा डेबिट कार्ड वा एकाउन्ट पासवर्ड चोरेर दुरुपयोग गर्नेछ।' इबेजस्तै व्यावसायिक वेबसाइट बनाई त्यसमा फेक साइन इज पेज निर्माण गरी आईडी तथा पासवर्ड चोरी बढ्नेछ। लिखित सन्देशका रूपमा प्रयोगकर्तालाई भाइरसले बढी हमला गर्नेछ। यो आगमन अक्षरमा भन्दा तीन गुना बढी हुने अध्ययन-निष्कर्ष छ। गत नोभेम्बरमा कुल भाइरसमा ४० प्रतिशत तस्बिरका रूपमा थिए। यी भाइरसको सिकार एमपीइजी, ई-मेल तथा अन्य मिडिया फाइल हुने दावी गरिएको छ।

अध्ययनअनुसार इन्टरनेटमार्फत भिडियो आदानप्रदान गर्दा अब ठूलो सावधानी अपनाउनुपर्नेछ। स्मार्टफोन प्रविधिको बढ्दो प्रयोगले मोबाइल फोन बढी खतरामा पर्ने देखिएको छ। अहिले मोबाइलमा ब्लुटुथ, एसएमएस, एमएमएस, इमेल, अडियो भिडियो तथा वेब एक्सेस सुविधाको प्रयोग बढ्दो छ। यिनै माध्यममार्फत मोबाइलमा भाइरसले आक्रमण गर्नेछ। म्याकाफीले यस्तै एउटा भाइरस पत्ता लगाइसकेको छ, जसले सन्देशका रूपमा मोबाइलमा प्रवेश गरी सेटलाई पनि ध्वस्त पार्नेछ।

ह्याकरहरूको मूल उद्देश्य व्याकअप जानकारी तथा कम्प्युटरभित्रका सूचना चोरी गर्नु हो। वर्ष २००७ मा ह्यामिङ, एटीएम तथा ल्यापटपबाट सूचना चोर्नेजस्ता अपराध बढ्नेछन्। यूएसबी, प्रिन्टरलाई दिइने निर्देशन, बौद्धिक सम्पदा, यूएसबी डिभाइस पनि यो खतराबाट मुक्त नरहने तथा माइस्पेस, बिकिपेडियाजस्ता चर्चित सामुदायिक वेबसाइटलाई पनि कम्प्युटर ह्याकरहरूले निसाना बनाउँछन्। यो क्रम अहिले पनि जारी नै छ।

इन्टरनेट च्याटको मामिलामा भने बाट्स नामक भाइरस बढी खतरनाक देखिने उल्लेख छ। यो वर्ष प्यारासाइटिक भाइरसको संख्यामा वृद्धि मात्र हुनेछैन, त्यो भाइरस जुनसुकै फाइलमा सहज रूपमा प्रवेश गर्न सक्नेछ। ३२ बिटको प्लेटफर्ममा चल्ने सफ्टवेयरमाथि पनि भाइरसको हमला बढ्नेछ।


भाइरसबाट बच्न के गर्ने ? अध्ययनमा भनिएको छ–'इकमर्सका लागि जब तपाईं नेटसर्फ गर्नुहुन्छ, तब त्यसमा भएका जानकारी चोरिने खतरा बढी हुन्छ। यस्तै खतरा सामान्य प्रयोगकर्तामा पनि रहन्छ। भाइरसबाट बच्ने सबैभन्दा उत्तम उपाय कम्प्युटरमा फायरवल तथा एन्टिभाइरस लोड गर्नु हो।'

ट्रोजन तथा स्पाम इमेलबाट बच्न अपरिचित इमेल नखोल्नु नै राम्रो हो। मोबाइलमा हुने हमलाबाट बच्न भने ब्लुटुथ तथा अन्य प्रविधिलाई आवश्यक पर्दा मात्र खुला राख्ने सुझाव दिइएको छ।

## मिलिक्रियर कन्डम

अमेरिकाका वैज्ञानिकहरूले मिलिक्रियर नामक नयाँ किसिमको कन्डम उत्पादन गरेका छन्। उक्त कन्डमले महिला र नजन्मिएका शिशुलाई एड्सबाट बचाउन सकिने विश्वास गरिएको छ। उटाह विश्वविद्यालयका एक अनुसन्धानकर्ताका अनुसार उक्त कन्डमलाई योनिमा सुरक्षित तवरले राख्न सकिन्छ। उक्त कन्डम काम गर्न नसक्ने भएपछि तरल पदार्थ बनेर आफैं बाहिर निस्कन्छ। यो कन्डमले लामो समयसम्म काम गर्छ।


इजरायल
इजरायल जानेहरूले सिक्नै पर्ने विशेष कक्षाहरू
हिब्रु भाषा, केयरगिभर, House Keeping, नर्सिङ र अंग्रेजी भाषा
हिब्रु भाषा
सम्पर्क
वासिन्टन एकेडेमी
फोन : ४७८१०६१/९८४१३८७६९७
नयाँ बानेश्वर चोक, शंखमुलतर्फ (कोलम्बस कलेजको ठीक अगाडि)
भिषा प्रोसेसिङ पनि गरिन्छ


Global Education...For Global Citizens.
With Supplementary BRITISH Curriculum
Admission Open
from Play Group to Grade VIII


We offer a broad and balanced curriculum which aspires to the highest levels of international education. In addition to our pursuit of academic excellence, we are committed to educate, encourage and challenge all students to fulfil their emotional, social and physical potential.
Montessori based Pre-Primary Level
St. George
International School
Old Baneshor, Kathmandu, Tel: 4476685, 016220702

## जीवजन्तु

### रूख चढ्ने भ्यागुता

भ्यागुतो रूख पनि चढ्छ र त्यही गुँडसमेत बनाएर बस्छ। धापिलो तथा कुनो परेको ठाउँमा बस्न रुचाउने 'ट्रि फ्रग' नामक भ्यागुतो रूखमा बस्छ। सामान्य भ्यागुताभन्दा यो भ्यागुता अलि फरक हुन्छ।



रूख चढ्ने भ्यागुताका अन्य प्रजाति पनि पाइन्छन्। हाइला फेवा प्रजातिका भ्यागुता नेपाल, भारतलगायत विश्वका विभिन्न भागमा पाइन्छन्। प्रजननको समयमा यो भ्यागुतो जमिनमा आउँछ। जलाशय एवं तलाउमा माटाको घर बनाएर फुल पार्छन् भने शिशु गुँडमै हुर्काउँछन्।


अफ्रिकामा मात्रै पाइने कាप्टो भन्टिस प्रजातिका भ्यागुताले रूखको हाँगो वा पातमा फुल पार्छन् र त्यहीं शिशु हुर्काउँछन्। रूखमा गुँड बनाउँदैनन्।

अमेरिकामा पाइने लेहोडेक्टाइलिस जातिको भ्यागुताले तलाउछेउको गिलो माटोमा गुँड बनाउँछन् र अधिकांश समय त्यहीं बिताउँछन्। वर्षा हुनुपूर्व नै पोथी भ्यागुताले फुल पार्ने, शिशु काढ्ने अनि हुर्काउने काम गर्छन्। वर्षातमा गुँड पुरिनासाथ शिशु स्वतन्त्रतापूर्वक तलाउमा उत्रन्छन्। जापानमा पाइने रैकोफोरस नामक भ्यागुतोका पोथीले तलाउबीचमा गुँड बनाई फुल पार्छ। सामान्यतया रूख चढ्ने भ्यागुतो विषालु हुँदैन, तर एरोपाइसन नामक भ्यागुताको छाला अत्यन्त विषालु हुन्छ, जसले अन्य प्राणीलाई छोयो भने मात्रै पनि मृत्युसम्म हुनसक्छ।

## जानकारी

### सानो तर शक्तिशाली

संसारको सबैभन्दा सानो चरा हमिङ बर्ड हो। यो ५७ मिलिमिटर लामो हुन्छ भने यसको तौल १ देखि ६ ग्रामसम्म हुन्छ। अहिलेसम्म हमिङ बर्डका ३ सय १९ प्रजाति मात्र पत्ता लागेका छन्। यो चरा वेस्टइन्डिजका द्वीपहरूमा पाइन्छ।



हमिङ बर्डको सबैभन्दा ठूलो जातलाई जाइन्ट हमिङ बर्ड भनिन्छ। यो साढे आठ इन्चसम्म लामो हुन्छ। हमिङ बर्डको उडाइ अरू सामान्य चराको जस्तो हुँदैन। यसको पखेटामा असाधारण शक्ति हुन्छ। यसले आफ्नो पखेटालाई १ सेकेन्डमा ५५ पटकसम्म फड्कार्न सक्छ। यसरी तीव्र रूपमा पखेटा चलाउँदा एक प्रकारको आवाज निस्कन्छ, जसलाई सामान्य व्यक्तिहरू चराको आवाज मान्छन्।

हमिङ बर्डको चुच्चो शरीरको अनुपातमा निकै लामो हुन्छ, जसले फूलको रस चुस्छ। फूलको रस चुस्ने बेलामा यो कहिल्यै पनि फूलमाथि बस्दैन। यो तीव्र गतिमा पखेटा चलाएर हावामा नै स्थिर रहन्छ। हमिङ बर्डले फूलको रस चुसिरहेका बखत यसले चलाएको पखेटा हेर्दा सक्कली रत्न जगमगाएको जस्तो देखिन्छ। यसैले यो चरालाई पक्षीजगत्को रत्न पनि भनिन्छ। हमिङ बर्ड सानो भए पनि आफ्नो सुरक्षा आफैं गर्न समर्थ छ। बाजले यसको गुँडमा आक्रमण गरेको खण्डमा यसले बाजमाथि नै आक्रमण गर्छ र त्यसलाई विफल पारिदिन्छ।



सुजिता कसौधन २०५९ चैत २३
स्नेहा शाह २०६१ चैत २४
प्रथम थापा २०५९ चैत २५
शिरिषा थापा २०६० चैत २५
आयुष लावती २०६२ चैत २७
युनिक शाक्य २०५७ चैत २९
सबु सुवेदी २०५८ चैत २९
परिशा थापा २०६० चैत २३
सविन क्षेत्री २०५७ चैत २७
सौरभ थापा २०५८ चैत २३

**जन्मदिनको शुभकामना** कुपन

नाम :..........................................

जन्म मिति :..........................................


स्कुल :..........................................

ठेगाना : ..........................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## tn lbOPsf] lrqdf ^ j6f km/s 5'6\ofpm




फरक– चश्मा, टिसर्ट, पाईन्ट, रुमाल, ब्याग, सूर्य ।

### सुँगुरको रगत मानिसमा

बेलायतका एक वैज्ञानिकले हालै बिरामी मानिसलाई स्वस्थ सुँगुरको रगत प्रयोग गर्न सकिने दाबी गरेका छन्।

वैज्ञानिकहरूका अनुसार सुँगुरको रगत मानवशरीरले सजिलै ग्रहण गर्न सक्छ। वैज्ञानिक डा.जोसेफ स्टेफनका अनुसार सुँगुरको रगतमा रहेको 'अल्फा गालाक्टोज' नामक तत्त्वले मानव रगतसँग सजिलै मिसिन मद्दत पुर्‍याउँछ।


वैज्ञानिकहरूले अन्य जनावरमा पनि सुँगुरको रगत



दिएर नयाँ प्रयोग गर्ने योजना बनाएका छन्। यो प्रयास सफल भए सुँगुरको रगत मानिसलाई दिएर नयाँ प्रयोग गरिनेछ। तर वैज्ञानिक फिलिप जेरमका अनुसार सुँगुरको रगत मानवशरीरमा प्रयोग गराएर रगतको आपूर्ति कम गर्न त सकिन्छ तर यस्तो गर्दा क्रस म्याच ब्लडको निर्माण हुन्छ, जुन मानव-स्वास्थ्यका लागि दीर्घकालीन रूपमा हितकर हुनेछैन।'

यो विषयमा वैज्ञानिक जोसेफ भन्छन्- 'रगत संकलन दिन-प्रतिदिन महँगो हुँदै गएको अवस्थामा रगत प्रयोगको यो वैकल्पिक व्यवस्थाले अकालमै ज्यान जाने बिरामीलाई बचाउन सकिनेछ।'

**तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?**



लुकेका समानहरू : चरा, माछा, सर्पे, पुतली, फूल ।

## साप्ताहिक शब्द जाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| द | क्षि | ण | अ | फ्रि | का | फ | वे |
| न | से | अ | कि | र्गि | ज | स्ता | स्ट |
| न्द्र | अ | अ | न्यु | जि | ल्या | न्ड | इ |
| ट | स्ट्रे | ने | के | न्ट | पि | बं | न्डि |
| बं | लि | गा | न्या | त | हा | ग | ज |
| इ | या | क्या | ना | डा | उ | ला | ज |
| ङ् | न्ट | श्री | लं | का | टी | दे | पा |
| ल्या | स्ता | ज | स | ला | न | श | स |
| न्ड | टा | न | आ | य | र | ल्या | न्ड |

माथि दिइएका अक्षरहरूमा नवौं विश्वकप क्रिकेटको सुपर एटमा सहभागी आठ मुलुकका नाम लुकेका छन्। के तिमी ती नामहरू खोज्न सक्छौ ?

लुकेका नामहरू : दक्षिण अफ्रिका, इङ्ल्यान्ड, अस्ट्रेलिया, आयरल्यान्ड, श्रीलंका, वेस्टइन्डिज, न्युजिल्यान्ड, बंगलादेश ।

### सौंफका फाइदा



रेस्टुराँ तथा ठूला-साना होटलमा खाना-खाजा खाएपछि सौंफ सित्तैंमा खान पाउँछौं। घर-घरमा समेत सौंफ, सुपारी, ल्वाङ आदिले पाहुनाको सत्कार गरिन्छ। यसरी खाना-खाजा खाएपछि खाइने सौंफको वैज्ञानिक नाम फोइनिकम बल्गेयर हो, जसको अर्थ बास्नादार झाडी हुन्छ। सौंफको उपयोग सौन्दर्य प्रसाधन, एन्टी रिङ्कल क्रिम, परफ्युम तथा साबुन बनाउन पनि गरिन्छ। सौंफलाई घरेलु औषधीका रूपमा समेत प्रयोग गरिन्छ। अपच, मिर्गौलाको पत्थरीको समस्यामा एक चम्चा सौंफ चपाएर खाँदा फाइदा पुग्छ। विषादी च्याउ खाएको स्थितिमा सौंफले उपचारात्मक भूमिका निर्वाह गर्छ।

साना शिशुलाई पेट दुखेको बेला सौंफको सुप ख्वाए आराम हुन्छ। शिशुलाई दूध ख्वाउने आमाहरूको दूध बढाउन सौंफले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। त्यति मात्रै होइन, आमाको दूधलाई सौंफले बढी पौष्टिक बनाउँछ। सौंफको पानीले कुल्ला गरे दाँत दुखेको, घाँटी दुखेको तथा मुखको दुर्गन्ध हट्छ।

## विराजको राज



नेपाली चलचित्रमा हिजोआज अर्को एक एक्सन नायकको प्रभाव बढ्दै गएको छ। चलचित्र अग्निपथबाट रजतपटमा देखिएका ती नायक हुन् विराज भट्ट। उनी यतिबेला राजेश हमाल, निखिल उप्रेती तथा रमित ढुंगानापछिका व्यस्त नायक भएका छन्। दर्शकहरूको एउटा समूह विराजको प्रशंसा गर्न थालेको छ भने चलचित्रकर्मीको एउटा समूह उनको विरुद्धमा देखिन्छ। आखिर किन विराजविरुद्धमा कलाकर्मी ?


एक चलचित्र निर्देशकले एउटा अन्तर्वाताका क्रममा- म त्यो भाइलाई धनगढी फर्काउँछु सम्म भने। धनगढीका विराजलाई योभन्दा अघि बढेर गाली गर्नेहरू पनि छन्। उनी घमन्डी भए, उम्रिँदैका तीन पात भए आदि कुरा गरेर बस्नेहरू पनि प्रशस्तै देखिन्छन्। चलचित्र अग्निपथ व्यावसायिक रूपमा सफल भएपछि विराजको माग बढ्यो। रेखा थापाले निर्माण गरेको चलचित्र 'हिम्मत' मार्फत अभिनय र एक्सन दुवैमा स्याबासी बटुलेपछि विराजको बजार मजबुत हुँदैगयो। त्यसपछि विराजले आफ्नो पारिश्रमिक बढाएर दुई लाख पुऱ्याए।

विराजलाई नजिकबाट जान्नेहरू भन्छन्- स्टार भएपछि स्टेन्डर मेन्टन गर्नैपऱ्यो, स्टेन्डर मेन्टन गर्दा घमन्डीजस्तो देखिएको हो। चलचित्र इन्डस्ट्रिजलाई राम्रासँग थाहा छ, घमन्डले धीरेन शाक्यदेखि रमेश उप्रेतीजस्ता चलेका नायकलाई पाखा लगाइदियो। त्यसैले विराजजी, कुरा काट्नेहरूलाई देखाउनुपऱ्यो– यो घमन्ड हो कि स्टेन्डर मेन्टन ? यदि यो कुरालाई समयमै छुट्याउन सकिएन भने विराजको एक्सन भुल्न दर्शकलाई समय लाग्नेछैन।

## राजेश, निखिल र शम्भु नै चाहियो

'हामीले स्टार लिने होइन, स्टार जन्माउन नयाँलाई कलाकार बनाउने हो।' निर्देशक तुलसी घिमिरे यसै भन्थे। घिमिरेको इतिहास हेर्ने हो भने उनको भनाइ नकार्न मिल्दैन। किनभने निरुता सिंह, तृप्ति नाडकर, श्रवण घिमिरे, दिलीप रायमाझी, सिर्जना बस्नेत, उत्तम प्रधान आदि कलाकारलाई उनैले जन्माएका हुन् तर आज आएर घिमिरेले राजेश हमाल, निखिल उप्रेती जस्ता चल्तीका नायककै शरण लिनु परेको छ। संगीततर्फ पनि आफ्ना ससुरा संगीतकार रनजित गजमेर र सचिन सिंहपछि उनी शम्भुजितसँग सहकार्य गर्दैछन्।

धेरै सफल चलचित्र निर्माण गरिसेकका तुलसी घिमिरेको अत्याधिक सफल चलचित्र दर्पण छायाँपछिका चलचित्र दर्शक विहीन बने। दर्शक नभेटेका घिमिरेका चलचित्र थिए- लहना र दुई किनारा। यी दुई



चलचित्रको असफलतापछि धेरैले स्टारहरू बिना चलचित्र चलाउन मुस्किल छ भनेपछि घिमिरेले आफ्नो आगामी चलचित्र 'देश' का लागि राजेश र निखिललाई अनुबन्धित गरेका हुन्।

## घायल भइन् जेनी



चलचित्र बनाउनभन्दा पनि चलाउन गाह्रो हुन्छ भनेर धेरै निर्माताले भन्ने गरेका छन्। यति हुँदाहुँदै पनि चलचित्रमा लगानी गर्न चाहनेहरूको संख्या भने घटेको छैन। कलाकारहरूले त भएसम्म लगानी गर्ने भैहाले, कतिपय गैरकलाकारले समेत लगानी गर्न थालेका छन्।

अभिनेत्री जेनी कुँवरको परिचय अब अभिनेत्रीमा मात्र सीमित छैन, आधिकारिक निर्माताका रूपमा उनी दर्ता भैसकेकी छिन्। यसअघि पनि जेनीले केही चलचित्रमा लगानी गरेको गाइँगुइँ नचलेको होइन तर अब भने उनले औपचारिक रूपमै निर्माता बनेको घोषणा गरेकी छिन्। जेनीले निर्माण गरिरहेको चलचित्रको नाम हो– घायल।

चलचित्र निर्माण जोखिमपूर्ण कार्य भए पनि जेनीको यो आँटको भने सम्मान गर्नैपर्छ। चलचित्र उद्योगका हस्ती मानिने कतिपय निर्माताले नै हात बाँधेर बसिरहेको बेलामा जेनीको घोषणाले उनलाई घायल बनाउँछ कि मालामाल, हेर्न बाँकी नै छ।

## अंग प्रदर्शनमा रेजिना



प्रारम्भिक कालमा मुख्य भूमिका निर्वाह गर्ने अवसर पाए पनि पछिल्ला दिनमा ठीकठीकै भूमिका गर्न थालेकी नायिका रेजिना उप्रेतीले आफ्नो भूमिका परिवर्तन गर्ने योजना बनाएकी छिन्। समयको माग, दर्शकको चाहना तथा समकक्षीहरूसँग प्रतिस्पर्धामा उत्रनका लागि पनि रेजिनाले भूमिका परिवर्तन गर्न बाध्य हुनुपरेको हो।

अहिले कुनै पनि नायिकाले चर्चामा आउनका लागि अंग प्रदर्शन गर्नैपर्छ। चर्चामा रहेका रेखा थापा, पूजना प्रधान आदि नायिकाको चार्मलाई हेरेर पनि सो कुरा अनुमान गर्न सकिन्छ। अंग प्रदर्शनमा कन्जुस्याइँ गरियो भने चलचित्र क्षेत्रबाटै बाईबाई नहोला भन्न सकिन्न। हराएर जानुभन्दा त चर्चामा आउनु नै राम्रो भन्ठानेर होला रेजिनाले चलचित्रमा अंग प्रदर्शनलाई सहर्ष स्वीकार गर्न थालेकी छिन्।

चलचित्र 'हंगामा' मा अंग प्रदर्शन गरेर चर्चामा आएकी रेजिनाले आउँदा दिनमा त्यस्तै भूमिकालाई महत्त्व दिने पक्का छ, किनकि अंगप्रदर्शनलाई हाउगुजी बनाउनु हुँदैन भन्ने रेजिना समाजलाई पच्ने किसिमको दृश्य दिन आपत्ति नभएको बताउन थालेकी छिन्।

## रमितभन्दा सोभित सिपालु



अभिनयको फाँटमा कुनै पनि निर्देशकभन्दा कलाकारले राम्रो अभिनय गर्नु स्वाभाविक मानिन्छ। धेरैमा यस्तै भएको पनि छ तर राजधानीमा आयोजित एक कार्यक्रममा सम्बन्धित विधाका व्यक्तिलाई गैर-व्यक्तिले माथ गरे भन्दा पत्यार नलाग्न सक्छ तर भयो यस्तै।

एक चलचित्रको शुभमुहूर्त कार्यक्रममा ककटेल डिनर पार्टीसँगै कलाकर्मीको एक झुण्ड नृत्यमा रमाउन थाल्यो। द्वन्द्व निर्देशक योगेन्द्र श्रेष्ठ, निर्देशक सोभित बस्नेत, अभिनेता रमित ढुंगाना, विक्रान्त बस्नेत आदि कलाकार विभिन्न रिमिक्स गीतको तालसँगै रमाउन थाले। सुरुमा दुई-चार जनाले कम्मर मर्काएको पार्टीस्थल एकछिनमै कुनै चल्तीको डिस्कोथेकमा भन्दा बढी भीड हुन पुग्यो। सबै आ-आफ्नै तालमा झुमे पनि सोभित भने निकै हिट सावित भए। आम-व्यक्तिको आँखा उनकै नृत्यमा गएर अडियो। कुर्चीमा थपडी मार्दै बसेकाहरू सोभितको नृत्य हेरेर भन्दै थिए- डान्सर तगडा पो रै'छ। उनलाई निर्देशक भनेर नचिन्नेहरूले पनि नृत्यमा चाहिं नम्बर वान नै रहेछन् भने। सँगै नाचिरहेका रमित त्यसपछि कुर्सीमा बसेर सोभितको नृत्य हेर्दै वान्समोर भन्नमै व्यस्त रहे।

## साकिरा कि झरना ?



तस्बिरमा ध्यान दिएर हेर्नुहोस्। हाम्री चलचित्र नायिका झरना थापा कति राम्री देखिएकी ? उनको शारीरिक बनावट पनि कस्तो बान्की परेको ? घुरेर हेरिरहेका हाम्रा नायक रमित ढुंगाना पनि त जेम्स बोन्डभन्दा कम छैनन्। चलचित्र 'शिकार'मा रमित र झरना यस्तै देखिँदैछन्। झरनाले त्यसका लागि प्रसिद्ध अंग्रेजी गायिका साकिराकै जस्तो शरीर बनाएकी छिन्, तर होइन। हाम्रा यी नायक-नायिका नेपाली धरातलमै छन्। बरु उनीहरूलाई त्यो उचाइमा पुऱ्याए, चलचित्र सिकारका निर्माताहरूले।

चलचित्र नै बनेको थिएन। मुहूर्तको निम्तो पठाउनु थियो। साकिराको बान्की परेको ज्यानमा झरनाको टाउको जोडियो भने क्यासिनो रोयलका जेम्स बोन्डको शरीरमा रमितको टाउको जोडेर निम्तो कार्ड तयार भयो। यस्तो दंग पार्ने काम हालै चलचित्र 'दादागिरी' निर्माण गरेर चर्चामा आएका रोज राणाले पनि गर्दैछन्। पुतलीसडकमा भेटिएका राणाले आफ्नो नयाँ चलचित्र 'डन'को पोस्टर डिजाइन देखाए र सोधे– 'कस्तो छ ?' हामीले छक्क पर्दै सोध्यौं– 'यो डिजाइन त कतै देखेजस्तो लाग्यो।' उनी खित्का छाडेर हाँसे। पछि थाहा भयो– बलिउडको 'धुम-२'को पोस्टरमा रहेका ऋत्विक रोशनको शरीरमा विराज भट्ट र ऐश्वर्याको शरीरमा सञ्चिता लुइँटेलको टाउको जोडिएको रहेछ। यद्यपि यही पोस्टर फाइनल हुने नभई कन्सेप्टका लागि मात्र बनाइएको हो।

लौ है, दस वर्षअघि इन्टरनेटमा विदेशीहरूको नग्न तस्बिरमा हाम्रा नायिकाहरूको टाउको जोडिँदा भएको काण्ड अरूले बिर्सिए पनि हामीले त बिर्सिएका छैनौं क्यार !



सक्कली प्रचण्डका अगाडि नक्कली प्रचण्ड : काठमाडौंमा आयोजित एक कार्यक्रममा कलाकार मनोज गजुरेल नेकपा माओवादीका अध्यक्ष प्रचण्डका अगाडि उहाँकै नक्कल गर्दै।

## गफै त हो

# सीधासादा सञ्चिता



नायिकाहरूका बारेमा बेलाबेलामा विभिन्न हल्ला चल्छन्। 'गासिप' भनिने त्यस्ता हल्लाहरूबाट नायिका नै भए पनि सञ्चिता लुइँटेल शाह भने टाढा छिन्। सञ्चिताका बारेमा कतै कहिल्यै नराम्रा कुरा सुनिएन। प्राय: नायिकाहरू प्रेम वा विवाह सम्बन्ध, खुला व्यवहार एवं सोचाइ, अंग प्रदर्शन, सहकर्मीहरूसँग भनाभन आदिका कारण अखबारका मसला बन्ने गरेका छन्। सञ्चिताको प्रेमसम्बन्ध 'गासिप' बन्नुभन्दा अगावै प्रेमी आकाशसँग विवाह भयो। उनीहरूको वैवाहिक सम्बन्ध राम्रै चलिरहेको छ। व्यवहारको कुरा गर्ने हो भने चलचित्रवृत्तमा भनाइ नै छ- 'नायकमा सुशील क्षेत्री, नायिकामा सञ्चिता लुइँटेल सबैभन्दा भद्र।' अभिनयकै भरमा उनी प्रभावशाली नायिकामा दरिएकी छिन्। अंग प्रदर्शनको कुरामा चलचित्रकर्मीहरू भन्छन्- 'उनले चाहना गरिन् भने पनि गराउन सकिँदैन।' किन त? जवाफ आउँछ- 'उनको इमेज नै सीधासादा छ।' कुरा ठीकै हो। नेपाली चलचित्र उद्योगमा कोही न कोही सीधासादा पनि त चाहियो। सबै मल्लिका सेरावतजस्ती पुजाना भए भने वित्यास पर्दैन भन्या?

## जम्का भेट

# कमेडी शैलीमा झगडा पर्छ

**महादेव त्रिपाठी**



**महादेव त्रिपाठी** हास्यकलाकार तथा जादूगर। वि.सं.२०५०देखि कलाकारिता क्षेत्रमा संलग्न त्रिपाठीले 'संघर्ष' टेलिश्रृंखलामा बालकलाकारका रूपमा अभिनय यात्रा सुरु गरेका थिए। सिन्धुपाल्चोकबाट काठमाडौं आएका त्रिपाठी अहिले श्रीमतीका साथ जादूगरका रूपमा परिचय बनाइसकेका त्रिपाठी नृत्य प्रशिक्षक पनि हुन्। करिब एक दर्जन ठूला पर्दाका चलचित्र तथा त्यति नै टेलिश्रृंखलामा अभिनय गरिसकेका महादेव क्यारिकेचरमा पनि त्यत्तिकै दक्ष छन्।

**पेशागत रूपमा धेरै विधामा हात हाल्नुभएको रहेछ, तपाईंको वास्तविक क्षेत्र कुन हो ?**

कलाकारिताभित्र हास्य अभिनय, कथाअनुसारको अभिनय, क्यारिकेचर तथा नृत्य सबै पर्ने भएकाले मेरो वास्तविक परिचय कलाकार नै हो। यसबाहेक 'पार्ट टाइम' का रूपमा जादू कलालाई पनि अपनाएको छु।

**जादूगरीको क्षेत्रमा कहिलेदेखि लाग्नुभएको ?**

२०५८ सालदेखि। जादूगर गुरु ओपी शर्मा नेपाल आएको समयमा उहाँसँग सम्पर्क भयो। त्यसपछि उहाँकै प्रशिक्षणमा एक वर्ष सँगै रहें। मैले उहाँबाट छोटो समयमै धेरै कुरा सिक्न पाएँ। जसले गर्दा अहिले यो मेरो पार्टटाइम जब भएको छ।

**तपाईंको अनुहार त भारतीय अभिनेता देवानन्दसँग पनि मिल्दो रहेछ नि ?**

हो, धेरैले भन्छन्। म स्वयं पनि देवानन्दको फ्यान हुँ। देवानन्दले पनि उहाँकै क्यारिकेचर गरेको देखेर मेरो प्रशंसा गर्नुभएको थियो।

**अरू क-कसको क्यारिकेचर गर्न जान्नुहुन्छ ?**

फुर्सद हुँदा ऐना हेर्दै 'क्यारिकेचर' अभ्यास गर्छु। खासगरी हिन्दी चलचित्रका नायकहरूको 'क्यारिकेचर' गर्छु।

**विवाह गर्नुभयो, होइन ?**

हो, एकपटक मात्र।

**दोहोऱ्याउने कि ?**

भयो, यही काफी छ, एउटैले त बेलाबेला झ्यानापुल्टुङ खेलाउँछ। अर्को लफडा बिसाउने मेरो चाहना छैन।

**ठाकठुक कत्तिको पर्छ ?**

कहिलेकाहीं पर्छ, त्यो पनि कमेडी शैलीमा। उनलाई रिस उठ्यो भने डाडु उठाउँछिन्, मलाई रिस उठ्यो भने कुचो। अलिअलि हानाहान पर्छ। त्यसपछि दुवैजनाको रुवाइ सुरु हुन्छ। उनी रोएपछि म पनि रुन्छु। महिनामा एक-दुई पटक यस्तो हुन्छ।

# चलचित्रकर्मीको अर्को धन्दा

**दिवस गुरागाईं**


चलचित्रकर्मीका रूपमा चिनिएकामध्ये अधिकांशको मूल पेसा अर्कै छ। मानौं यो उनीहरूको देखाउने दाँत मात्रै हो। चलचित्र कर्ममा नाम भए पनि दाम नभएका कारण गुजारा चलाउन अर्कै पेसा अपनाउनु बाध्यता भएको धेरैको राय छ। बलिउडमा अन्डरवर्ल्डको लगानी पुष्टि भैसकेको छ। नेपाली चलचित्रमा पनि कालोधन सेतो बनाउन चलचित्रमा लगानी गरिटोपल्नेहरू पनि देखिन थालेका छन्। थोरै लगानी गरेर चलचित्र हिट वा फ्लप जे भए पनि प्रसस्त मुनाफा देखाउनेहरू अगाडि आउन थालेका छन्। यस्ता दुई नम्बरीहरूबाहेक आमचलचित्रकर्मीचाहिं रहरले चलचित्रमा संलग्न छन् भने बाध्यताले अर्को पेसा समाउँछन्।

कतिपय चलचित्रकर्मी मानवतस्करीमा संलग्न रहेको आरोप पनि छ। एक चर्चित गायक तीन नेपालीलाई अमेरिका छाडेको आरोपमा कारबाही भोग्दै छन्। धेरै कलाकर्मीलाई यस्तो आरोप लाग्दै आएको छ। धेरै नेपाली कलाकर्मी दूतावासहरूको कालो सूचीमा परेको पाइन्छ। त्यसैगरी चलचित्रकर्मीहरूप्रतिको विश्वासमाथि दूतावासहरूले प्रश्नचिन्ह लगाउन थालेका छन्। केही वर्षअघि निर्माता तथा निर्देशक अशोक शर्मा, भुवन केसी आदि अमेरिका जानबाट वञ्चित भए।

सोही वर्ष अर्का निर्माता तथा निर्देशक यादव खरेलले अमेरिका जान एक धनाढ्यलाई साक्षी राख्नुपऱ्यो। निर्देशक नारायण पुरीले जापान जान मात्रै तीन दिनका लागि भिसा पाए। यस्ता उदाहरण चलचित्र बजारभरि छरिएका छन्। अभिनेत्रीहरूको चरित्रको कुरा उठाएर औंला ठड्याइन्छ। आरोप खेप्नबाट उनीहरू पनि वञ्चित छैनन्। ठूलठूला व्यापारीहरूसँग उनीहरूको नाम जोडिन्छ। एक चलचित्रकर्मीका अनुसार सामाजिक हैसियत कायम राख्न पनि कतिपय नायिका कुबाटोमा हिंड्न बाध्य छन्। उनी भन्छन्- कि यसो गर्नुपऱ्यो, कि विदेशिनु पऱ्यो। यसको मुख्य कारण नेपाली चलचित्रमा दाम पटक्कै छैन। सक्रिय र कमाएका दुई-चार निर्माता बाहेक पर्दा पछाडि बसेर केही न केही जोहो गरिनैरहेका छन्। ●


| कलाकर्मी | हालको कार्य | अर्को पेसा |
|---|---|---|
| केशव भट्टराई | निर्माता/अभिनेता | विद्युत् प्राधिकरणमा जागिरे |
| कृष्ण शिवाकोटी | अभिनेता | व्यापार (कम्प्युटर) |
| किरण केसी | हास्यकलाकार | ग्यारेज सञ्चालक, जग्गा बेचबिखन |
| जावेद शाह | छायाँकार | कृषि विकास बैंकमा जागिरे |
| यादव खरेल | निर्माता/निर्देशक | सेवानिवृत्त |
| युवराज लामा | निर्माता/निर्देशक | थाङ्का र गलैंचा उद्योगी |
| टीका भण्डारी | संगीतकार | रेडियो नेपालमा जागिरे |
| दिनेश अधिकारी | गीतकार | सह-सचिव श्रम मन्त्रालय |
| निर्मल शर्मा | हास्यकलाकार | होटल सञ्चालक |
| बिपना थापा | अभिनेत्री | बुटिक सञ्चालक |
| प्रकाश श्रेष्ठ | गायक | नेपाल वायु सेवा निगममा जागिरे |
| मिथिला शर्मा | अभिनेत्री | शिक्षण |
| महजोडी | अभिनेता/निर्देशक | नर्सिङ होम तथा कलेजमा लगानी |
| मीरा राणा | गायिका | रेडियो नेपालमा जागिरे |
| धीरेन शाक्य | अभिनेता | इक्युपमेन्ट पसल |
| प्रसिद्धिका रायमाझी | अभिनेत्री | एयर होस्टेज |
| विजय लामा | अभिनेता | पाइलट |
| रामकृष्ण बजगाईं | निर्माता/अभिनेता | दुग्ध व्यवसाय |
| शिवहरि पौडेल | हास्यकलाकार | राष्ट्र बैंकमा जागिरे |
| सौरभ कार्की | अभिनेता | क्यासिनोमा जागिरे |
| रमित ढुंगाना | अभिनेता | व्यापार |











| कलाकर्मी | हालको कार्य | अर्को पेसा |
|---|---|---|
| शक्ति वल्लभ | संगीतकार | कृषि विकास बैंकमा जागिरे |
| श्रीकृष्ण श्रेष्ठ | अभिनेता | नेपाल प्रज्ञा-प्रतिष्ठानमा जागिरे |
| शक्ति पण्डित | निर्माता | उप-सचिव, अर्थमन्त्रालय |
| डा. भोला रिजाल | निर्माता | चिकित्सक/नर्सिङ होम सञ्चालक |
| लोकेन कार्की | अभिनेता | सेना तथा सरकारी निकायलाई सामग्री सप्लाई |
| हरिहर शर्मा | अभिनेता | नाचघर (नेपाल सांस्कृतिक संस्थान) मा जागिरे |
| आलोक श्री | संगीतकार | विद्यालय सञ्चालक |
| अर्जुन श्रेष्ठ | अभिनेता | डिपार्टमेन्टल स्टोर तथा चलचित्र भवन सञ्चालक |
| उद्धव पौडेल | निर्माता | नर्सिङ होम, चलचित्र हल तथा अन्य व्यापार |
| शम्भुजित बास्कोटा | संगीतकार | नेपाल प्रज्ञा-प्रतिष्ठानमा जागिरे |
| विजय देउजा | खलनायक | वीर अस्पतालमा जागिरे |
| लक्ष्मी गिरी | अभिनेत्री | सेवानिवृत्त |
| सुभद्रा अधिकारी | अभिनेत्री | नाचघर (सांस्कृतिक संस्थान) मा जागिरे |
| वीरेन्द्र हमाल | अभिनेता | नाचघर (सांस्कृतिक संस्थान) मा जागिरे |
| उषा पौडेल | अभिनेत्री | नृत्याङ्गना, सो प्यालेस रेस्टुराँ |
| प्रिया रिजाल | अभिनेत्री | नृत्याङ्गना |



## शंख पार्कमा १९७४ एडी



**साप्ताहिक समाचार**

काठमाडौं– प्रेम गर्ने जोडीहरू, जाडोमा बदाम खाँदै घाम ताप्नेहरू, गर्मीमा बिहान र साँझ हावा खानेहरूको आगमन हुने काठमाडौंको महाराजगन्जस्थित शंख पार्क अचेल विभिन्न किसिमका कार्यक्रमको आयोजनास्थल बन्न थालेको छ। उपत्यकामा विशेष अवसरहरूमा आयोजना हुने कार्यक्रमहरूका लागि खुला स्थलको अभाव हुन थालेपछि शंखपार्कमा पनि बृहद कार्यक्रमहरूको आयोजना हुन थालेको बताइन्छ।

केही वर्षअघि दशरथ रंगशालामा लाखौं दर्शकसमक्ष एकल कन्सर्ट गरेर चर्चा कमाएको लोकप्रिय रक समूह '१९७४ एडी' नयाँ वर्षको अवसरमा आउँदो चैत ३० गते त्यही शंखपार्कमा एउटा कन्सर्टमा सहभागी हुँदैछ। आस्था कला केन्द्रको आयोजनामा हुन गैरहेको उक्त कन्सर्टको शीर्षक राखिएको छ– 'लाइभ कन्सर्ट इन शंख पार्क विथ १९७४ एडी'। कन्सर्टमा समूहले आफ्ना प्रायः चर्चित गीतहरू सुनाउनेछन्। समूहसँग र्‍याप समूह नेप्साइडेज तथा गायक प्रमोद निर्वाण पनि प्रस्तुत हुनेछन्।

## दिल्ली "मेल्टडाउन"



**साप्ताहिक समाचार**

काठमाडौं- 'पार्टी एनिमल' जहाँ पनि हुन्छन्। भारतको राजधानी नयाँ दिल्लीमा नहुने त कुरै भएन। गत साता भारतमा बिदाको दिन पारेर यहाँका चर्चित डिजे बिम्यानले त्यहाँका चर्चित डिजेहरूका साथ एक डान्सपार्टी घन्काए। गर्मी बढ्दै गएकोमा दिल्लीका पार्टी एनिमलहरूलाई नचाएर असिनपसिन पार्दै 'मेल्टडाउन' अर्थात् पगाल्ने उद्देश्य उक्त पार्टीको थियो। त्यसैले पनि पार्टीको शीर्षक राखिएको थियो– 'न्यु दिल्ली मेल्टडाउन'। विशेष गरी दिल्लीमा अध्ययनका लागि बसेका नेपाली विद्यार्थी तथा उनीहरूका भारतीय मित्रहरूका लागि उक्त पार्टी आयोजना गरिएको थियो।

गत वर्ष पनि पार्टी नेपालका रविनले त्यस्तै डान्स पार्टी आयोजना गरेका थिए। स्थानीय वसन्त कन्टिनेन्टलस्थित लञ्ज बारमा सम्पन्न उक्त पार्टी आरम्भ भयो नेप्साइडेजको 'छुँदैन तिम्रो मायाले' बाट। हिपहप, हिन्दी रिमिक्सका साथै धेरैजसो नेपाली गीतको रिमिक्स बजाइएको उक्त पार्टीमा स्थानीय डिजे बबुल र डिजे डेलले पनि आर एन्ड बी घन्काए भने डिजे रेफ्सीले हाउस र रिमिक्समा जोड दिए। राति नौ बजेदेखि बिहान तीन बजेसम्म चलेको उक्त डान्स पार्टीको अन्त्यमा आयोजक रबिन आफैं डिजे भएर १९७४ एडी समूहको राष्ट्रिय भावको रक गीत 'यो मन त मेरो नेपाली हो' बजाएर उपस्थित सबैलाई नचाएका थिए।

## फिल्मी खबर

**गोपीकृष्ण** मुभिजको ब्यानरमा सातवटा ३५ एमएम तथा सिनेमास्कोप चलचित्र निर्माण गर्ने घोषणा गरेका उद्धव पौड्यालले त्यही क्रमको पहिलो चलचित्र 'पर्खी बसें' को छायाङ्कन अन्तिम चरणमा पुऱ्याएका छन्। दीपक श्रेष्ठको निर्देशनमा निर्माण भैरहेको उक्त चलचित्रमा निखिल उप्रेती एक महत्त्वपूर्ण भूमिकामा छन् भने नेपाल टेलिभिजनको 'सुपर एक्टिङ कम्पिटिसन' का विजेता राजवल्लभ कोइराला नायकको भूमिकामा छन्। नायिका यमुना उप्रेती र कोइरालाको प्रणय जोडी हेर्न पाइने उक्त चलचित्रमा वसुन्धरा भुषाल तथा सुशीला रायमाझीले पनि अभिनय गर्दै छन्। चलचित्रमा सुरेश अधिकारीको संगीत, राजेन्द्र खड्गीको द्वन्द्व तथा रामशंकर प्रधानको छायाङ्कन हेर्न पाइनेछ।

**चलचित्र** लेखक मौनता श्रेष्ठले चलचित्र निर्माण गरेपछि अहिलेका अर्का व्यस्त चलचित्र लेखक सुरज सुब्बा पनि किन पछि पर्ने ? अहिले सुरज पनि चलचित्र निर्माण थाल्ने योजना बुन्दै छन्। सुरजले हालै घोषणा गरेको चलचित्रको शीर्षक 'समाज' हो। प्रदीप श्रेष्ठले निर्देशन गर्ने उक्त चलचित्रमा धेरैजसो नयाँ अनुहारलाई अवसर दिइनेछ। हाल संगीतकार सुरेश अधिकारीद्वारा गीत रेकर्डिङ कार्य थालिएको उक्त चलचित्रको छायाङ्कन आउँदो जेठ महिनातिर प्रारम्भ हुने कुरा निर्माता तथा लेखक सुब्बाले बताए। उक्त चलचित्रको एक मुख्य भूमिकामा नायिकामा निरुता सिंहलाई लिइसकिएको छ।

**चलचित्र** निर्माता बाला गुरुङ तथा निर्देशक प्रदीप श्रेष्ठ यतिबेला एउटा चलचित्रको निर्माणमा खटिएका छन्। 'डर' शीर्षक राखिएको उक्त चलचित्रमार्फत निर्देशक श्रेष्ठले 'नबिराउनु नडराउनु' भन्ने उक्तिलाई साकार तुल्याउनेछन्। सुरज सुब्बा 'नाल्बो' ले लेखेको चलचित्र 'डर' मा निरुता सिंह, रमित ढुंगाना, विराज



भट्ट, नीराजन उप्रेती, रञ्जु लामिछाने आदि कलाकारले अभिनय गरिरहेका छन्। हाल काठमाडौं उपत्यका वरपर छायाङ्कन भैरहेको उक्त चलचित्रमा सुरेश अधिकारीको संगीतमा तयार गीतमा वसन्त श्रेष्ठले कलाकारहरूलाई नचाएका छन्। चलचित्रमा एनबी महर्जनको द्वन्द्व निर्देशन हेर्न पाइनेछ।

**नायिका** मेलिना मानन्धर तथा निर्देशक महेन्द्र बुढाथोकीको संयुक्त लगानीमा एउटा चलचित्रको निर्माण प्रारम्भ भएको छ। टेलिश्रृंखला 'करुणा' को निर्माणका क्रममा निर्देशक तथा अभिनेता रमेश बूढाथोकीका सहोदर भाइ महेन्द्र बुढाथोकीसँग नजिकिएकी नायिका मानन्धरले संयुक्त लगानीमा निर्माण थालेको चलचित्रको शीर्षक 'ज्वालामुखी' राखिएको छ भने उक्त चलचित्रलाई ओमप्रकाश निरौलाले निर्देशन गरिरहेका छन्। द्वन्द्वप्रधान कथामा निर्माण हुने उक्त चलचित्रको निर्माण कम्पनीको नाम महेन्द्रले पहिलो पटक निर्देशन गरेको र मेलिनाले अभिनय गरेको सफल चलचित्रको शीर्षक अनुरूप संगम भिजन प्रा.लि. राखिएको छ। उक्त चलचित्रमा धीरेन शाक्य, सुशील छेत्री, मेलिना मानन्धर, दिनेश शर्मा, उषा पौडेल आदि कलाकारको मुख्य भूमिका रहनेछ।

## लभगुरु रेखा

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन।

आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।



**प्रश्न : म २२ वर्षीय युवक हुँ। मैले प्रेम गरेको लगभग दुई वर्ष भयो। उनको उमेर पनि अहिले २० वर्ष भयो। उनले भने अनुसार उनको जन्म औंसीको दिन भएको थियो। त्यस दिन जन्मने मानिसलाई औंस्या भनिँदो रहेछ। औंस्या युवतीसँग विवाह गर्ने युवकको मृत्यु हुन्छ भन्ने धारणा हाम्रो समाजमा छ। हाम्रो प्रेमका बारेमा घरपरिवार सबैलाई थाहा छ, तर उक्त सामाजिक अन्धविश्वासका कारणले हाम्रो प्रेम घरपरिवारमा स्वीकार भैरहेको छैन। हामी एक-अर्कालाई छोड्न पनि सक्दैनौं अनि घरपरिवारविरुद्ध जान पनि चाँहदैनौं। तपाईं नै भन्नुहोस्– अब हामी के गरौं ?**

**–माधव**

उत्तर : तपाईंहरू २१ औं शताब्दीको पुस्ता हुनुहुन्छ। समाजमा कैयन् अन्धविश्वासका कुरा छन्। अन्धविश्वास भनेको यस्तो कुरा हो, जसलाई मान्ने त्यसको दास हुन्छ। उनीहरूको मनमा अन्धविश्वासले डरको डेरा जमाएको हुन्छ, जसलाई हटाउन कठिन छ। हाम्रो शास्त्रमा अनेकौं राम्रा कुरा छन्, साथसाथै धेरै विश्वास पनि। ती कुराहरूलाई नमान्ने हो भने शास्त्र र धर्म नै नमाने पनि हुन्छ। सबैभन्दा ठूलो विश्वास अनि प्रेम हो। तपाईंहरूबीच त्यो कुराचाहिँ रहेछ। रह्यो घरपरिवारले नमान्दाको पीडा। संसारमा त्यस्ता कुनै समस्या छैनन्, जसको समाधान नहोस्। तपाईंको समस्याको पनि समाधान छ। हामीले तपाईंको समस्या ज्योतिष वासुदेवकृष्ण शास्त्रीका सामु राखेका थियौं। उहाँका अनुसार त्यस्तो भएमा युवकको मृत्यु नै हुने हुँदैन। यद्यपि यदि युवती औंस्या हो र घरपरिवारलाई डर छ भने त्यसको समाधानका उपाय पनि छन्। मलाई लाग्छ, तपाईंहरूको उमेर विवाहका लागि योग्य भैसकेको छैन। त्यसैले बिस्तारै घरपरिवारसँग कुरा मिलाउँदै जान सकिन्छ।



## केवल एक प्रश्न

# तपाईंलाई कस्तो खालको मानिस देखियो भने रिस उठ्छ ?

भेट्नेबित्तिकै हजुर भन्दै चाप्लुसी घस्ने, आफ्नो काम लिन खोज्ने र दिन केही पनि नखोज्ने मानिस भेटें भनें अर्को पटक नभेटूँ-नभेटूँ जस्तो लाग्छ। फेरि त्यही मानिस पछि लाज पचाएर हजुर भन्दै आउँदा त्यसको टाउकोमा भएका सबै रौं उखेलेर गाँडूँजस्तो लाग्छ।

**प्रकाश पौडेल, गायक**

ओहो ! कस्तो गाऱ्हो प्रश्न ? अँ.... मलाई कुनै पनि मानिस देख्नेबित्तिकै रिस उठ्दैन। कसैको अनुहार देखेर वा एकछिनको भेटघाटमै उसको बानीबेहोरा कस्तो छ भनेर मूल्याङ्कन गर्न मिल्दैन। यहाँ राम्रा भनिएका मानिस पनि नराम्रा र नराम्रा भनिएका मानिस पनि राम्रा भएको पाएकी छु।

**कुन्ती मोक्तान, गायिका**

रमाइलो प्रश्न.... हेर्दै बनावटी लाग्ने, कुरै नबुझी हाँसिरहने, अनावश्यक चाट्ने मानिसलाई पहिलो पटक भेट्दा नै थाहा पाउँछु– यो मानिस मलाई काम लाग्दैन। सामान्य कुरालाई पनि बढाएर त्यसले उक्साइरहेको हुन्छ। त्यस्तो मानिस भेट्दा कहिलेकाहीं त लात्तले भकुरिहालूँ कि भन्ने साइको पनि जागेर आउँछ।

**आलोकश्री, संगीतकार**

सबै मानिसका अगाडि आफ्नो बढाई-चढाई गर्ने, तर त्यहाँबाट हिंडेपछि यो मानिस त झुरै हो नि भनेर कुरो काट्ने मानिसदेखि झनक्क रिस उठ्छ। ए साँच्चै अर्को, फाइँफुट्टी लाउने, गर्नचाहिँ केही नसक्ने मानिस देख्दा पनि टेन्सन हुन्छ। अनि फटाहा र दोहोरो चरित्रका मानिसको त कुरै नगरौं....

**जितु नेपाल, हास्यकलाकार**

बेसोमती, बोल्न सोमत नभएका मानिसलाई भेट्दा सबैभन्दा रिस उठ्छ। मलाई कुनै मानिसप्रति घृणा जागेर आयो भने त्यो मानिस फेरि कहिल्यै मन पर्दैन। त्यसैले तपाईं पनि सोचेर बोल्नुहोस है, हा हा हा......

**सञ्चिता लुइँटेल, नायिका**



## साइबर गर्ल

# हङकङमा पनि व्यस्त पूजा

धरानमा जन्मिएकी पूजा सुब्बाले हङकङ गएर मिस नेपाल हङकङ बन्छु भन्ने कल्पनासम्म गरेकी थिइनन्। रहरैरहरमा सुन्दरी प्रतियोगितामा भाग लिएकी पूजाले मिस नेपाल हङकङ-२००१ को शीर्ष मुकुट पहिरिने अवसर हासिल गरिन्। मोडलिङ र र्‍याम्पको अनुभव नभए पनि प्रतियोगितामा सहभागिता जनाएकी पूजाले अन्य प्रतियोगीहरूसँगै करिब एक महिना नेपालकी चर्चित मोडल तथा कोरियोग्राफर कला सुब्बासँग प्रशिक्षण लिइन्। पूजा भन्छिन्– 'त्यही प्रशिक्षणले मलाई मिस नेपाल हङकङको मुकुट पहिरिन सहायकको भूमिका खेल्यो।' त्यति मात्र होइन, सोही प्रतियोगितामा उनले मिस बेस्ट ड्रेस तथा मिस क्याटवाकको उपाधिसमेत जितिन्। 'सौख र रहरैरहरमा मैले सौन्दर्य प्रतियोगिताको उपाधि जितें,' पूजाले साप्ताहिकसँग भनिन्- 'हङकङको नेपाली समुदायमा मेरो आफ्नै पहिचान बनेकोमा गर्व लागेको छ।' ५ फुट ४ इन्च अग्ली तथा चिटिक्क परेको शारीरिक बनावटकी धनी पूजा हङकङमा निर्माण हुने म्युजिक भिडीयोहरूमा पनि देखिन्छिन्। पूजाले रामकृष्ण ढकालको 'कति तीखो काँडाजस्तो बिझ्ने तिम्रो वचन' तथा मनीष रायको 'काली तिम्रो..' गीतका म्युजिक भिडियोमा अभिनय गरिसकेकी छिन्। पूजाका अनुसार हङकङमा निर्माण हुने म्युजिक भिडियोहरूले बजार लिन नसक्दा निर्माता, मोडल तथा कलाकारहरूले पाउनुपर्ने लोकप्रियता पाउन सकेका छैनन्।




दस वर्षअघि हङकङ छिरेकी पूजालाई विदेशको मोहले एसएलसीभन्दा माथिको शिक्षा हासिल गर्न दिएन। मोडलिङ र अभिनय दुवैमा रुचि राख्ने पूजा पेसाले ब्युटिसियन हुन्। क्याजुअल वेयर मन पराउने पूजालाई सारी र कुर्ता बढी मन पर्छन्। पूजाले हङकङका र्‍याम्पमा पनि आफूलाई प्रस्तुत गर्दै आएकी छिन्। एचकेनेपाल डटकमका लागि काउलुन पार्क, हङकङमा राजीव राईसँग तस्बिर खिचाएकी ३४×२५×३६ शारीरिक बनावटकी मिस नेपाल हङकङ सुन्दरीले भनिन्- 'पेसागत कामलाई अघि बढाउँदै मोडलिङ र अभिनयलाई पनि निरन्तरता दिने सोचाइ छ।'

## चलचित्र



### खाप्पुना मरङ्ना

किरात जातिको मृत्यु संस्कारका बारेमा बनाइएको ऐतिहासिक चलचित्र खाप्पुना मरङ्नाको प्रदर्शनी सुरु भएको छ। दमकबाट च्यारिटी सोका रूपमा प्रदर्शन सुरु गरिएको यो चलचित्र अब धरानमा प्रदर्शन पनि प्रदर्शन हुने क्रममा छ। २०६० सालमा निर्माण शुरु गरिएको उक्त चलचित्रको अधिकांश छायांकन सिक्किम, नेपाल र दार्जीलिङको सिमानामा पर्ने कुम्भकर्ण हिमालको फेदीमा गरिएको छ। येहाङ्ग फिल्म प्रा.लि.को पहिलो प्रस्तुति तथा प्राचीन किराँत साम्जीक मुन्धुममा आधारित चलचित्र 'खाप्पुना मरङ्ना'को कथाअनुसार 'मानवजातिको सृष्टि भएपछि येहाङ र सुसुम्नामाको गर्भबाट पान तुम्याङहाङ र तेन तुम्याङहाङ नामका दाजुभाइ अनि खाप्पुना मरङ्ना नामकी चेलीको जन्म हुन्छ। त्यसबेलाको मानवजातिमा कुनै संस्कार, धर्म र संस्कृतिको ज्ञान थिएन। विशेष गरी मृत्यु संस्कारका बारेमा उनीहरूलाई ज्ञान थिएन। उनीहरू लासलाई ओढारमा त्यसै छाडिदिन्थे। एक दिन खाप्पुना मरङ्नाको असामयिक निधन हुन्छ। दाजुभाइ र गाउँलेले उनको लास पनि ओढारमा छाडिदिन्छन्, तर केही दिनपछि खाप्पुना मरङ्नाको रूप आएर घर र बारीका काम गरिदिन्छ। सबै गाउँले मिलेर त्यो रूप समाउन जान्छन् र छेउमा पुगेर तिमी किन स्वर्ग नगएकी भन्ने प्रश्न गर्छन्। त्यसबेला 'मानवजातिको धर्म-संस्कार र संस्कृतिलाई मानव व्यवहारमा प्रयोग गर्दै लानु' भनेर संस्कारको तरिका बताउँदै खाप्पुना मरङ्नाको रूप अलप हुन्छ। त्यही बेलादेखि चलेको किराँतीहरूको जन्म-मृत्यु संस्कार नै हालसम्म चलिआएको छ।' बीस लाखको लगानीमा बनाइएको खाप्पुना मरङ्ना किराँती भाषामा छ भने नेपाली र अंग्रेजी भाषामा सबटाइटल दिइएको छ। दुर्गा नेम्वाङको निर्देशन, राजकुमार आङ्देम्बेको निर्माण परिकल्पना तथा सौरभ लामाको छायांकन रहेको यो चलचित्रमा राजकुमार आङदेम्बे, तेनिहाङ आङ्देम्बे, अम्याङसा मिभक, मिक्की फुङ केदेम, सुहाङ लावती, मिक्सोहाङ सन्योक आदिले अभिनय गरेका छन्।

– गोपाल दाहाल



### प्रोभोक्ड

जगमोहन मुंदडाले निर्देशन गरेको अंग्रेजी भाषाको चलचित्र प्रोभोक्डको हिन्दी संस्करण 'प्रोभोक्ड' आज सार्वजनिक हुँदैछ। लन्डनको पृष्ठभूमिमा आधारित यो चलचित्र घरेलु हिंसाको सिकार बनेकी एक महिलाको सत्य कथामा निर्माण भएको हो। चलचित्रमा नायिका ऐश्वर्या रायले मुख्य भूमिकामा अभिनय गरेकी छिन्। ऐश्वर्या आफ्ना दुई बालकका साथ जँड्याहा श्रीमान् नवीन एन्ड्र्युका साथ बस्दै आएकी छिन्। चलचित्रमा ऐश्वर्या साधारण पञ्जाबी महिला हुन्छिन्। श्रीमान्को अत्याचार सहन नसकी ऐश्वर्याले श्रीमान्लाई आगोमा धकेल्ने प्रयास गर्छिन्, जसका कारण उनलाई आजीवन कारावास दिइन्छ। जेलमा रहेको समयमा ऐश्वर्याको भेट मिरडाँ रिचर्डसनसँग हुन्छ। धनी मिरडाँका भाइ रोबी कोलट्रेनले ऐश्वर्याको केसलाई पुनः उल्टचाएर विभिन्न संघ-संस्थाको सहयोगमा उनलाई जेलमुक्त गर्छन्। त्यसपछि साहसी महिलाका रूपमा ऐश्वर्यालाई सम्मानसमेत गरिन्छ। सुनन्दा मुरली मनोहरले निर्माण गरेको चलचित्र प्रोभोक्डमा एआर रहमानको संगीत सुन्न पाइन्छ। चलचित्रमा नन्दिता दास, रेबेक्का पिडजन, स्टिभ म्याकफेडन, निकोलास आइरन्स, राजी जेम्स, देवोराह मोरे आदि कलाकारले अभिनय गरेका छन्।

### द टेलिभिजन सेट

हलिउड चलचित्र उद्योगमा आज शुक्रबार 'द टिभी सेट' सार्वजनिक हुँदैछ। बक्स अफिसमा राम्रो व्यापार गर्न सक्ने चलचित्रको सूचीमा परेको यो चलचित्रलाई जेक कास्दानले निर्देशन गरेका हुन्। हास्यप्रधान चलचित्र तथा 'द टेलिभिजन सेट' मा माइक क्लेन (लिन्डसे स्लोएन) आदर्शवादी लेखक हुन्छन्। टेलिभिजनको मुख्य समयको कार्यक्रम निर्माणमा प्रमुख कार्यकारीको भूमिका खेलेका क्लनको अभिनयमा दर्शकले पर्याप्त मनोरञ्जन हासिल गर्न सक्छन्। चलचित्रको नाम नै 'टेलिभिजन सेट' भएकाले यसमा टेलिभिजन कार्यक्रमलाई हास्यात्मक शैलीमा उनिएको छ। चलचित्रमा लिन्डसे स्लोएन, ब्री टर्नर, सिगर्ने वेभर, डेभिड डकोभ्नी तथा लोन ग्रफ्फुडले मुख्य भूमिकामा अभिनय गरेका छन्। १ घन्टा २७ मिनेट लामो यो चलचित्रलाई लरेन्स कास्दान, जड अपाटो, जेक कास्दानले निर्माण गरेका हुन्। संयुक्त राज्य अमेरिकामा निर्मित यो चलचित्रको आकर्षक पक्ष भनेकै मानव जीवनशैलीका विविध पक्षलाई नाटकीय शैलीमा प्रस्तुत गर्नु हो।

# लोकदोहोरीमा झुमे पाल्पाली



पाल्पा– चैतको चर्को घाम, तानसेनको टुँडिखेल। कोही पसिना पुछ्दै नाच्दैछन् त कोही छाता ओडेर ताली पिट्दै छन्। लोकदोहोरीका अहिलेका चर्चित कलाकारहरू राजु परियार, शिला आले, सिर्जना थापा मस्की-मस्की दोहोरी गाउँदैछन्। दोहोरी र एकलको पारो दिन भर चढ्यो। दर्शक पनि जोस्सिने, गायक-गायिका पनि त्यसलाई हौसलाका रूपमा लिएर मस्किने यो क्रममा टुँडिखेल नै थर्कियो। शिला आले, सिर्जना विरही थापा, मुना थापा एकातिर गीत गाउँथे भने राजु परियार, नारायण लेकाली र शिरीष देवकोटाले जवाफमा गाउँदा ननाच्ने कुरै भएन। गायक-गायिकाहरूले गीत मात्र गाएनन्, कम्मर मर्काई-मर्काई नाच्न पछि पनि परेनन्।

लोकदोहोरी कलाकारहरूको यस्तो जमघटको व्यवस्था लाङ्घाली ग्रुपले मिलाएको थियो। ग्रुपको चौथो वार्षिक उत्सवको अवसर पारेर आयोजना गरेको विविध सांस्कृतिक कार्यक्रममा लोककलाकारहरूको जमघट भएको हो। पाल्पाली मगर समुदायको लाङ्घाली ग्रुपले मगर संस्कृति जगेर्ना गर्नुका साथै लोकगीत, दोहोरी गीतलाई पनि जोगाउन यस्तो कार्यक्रम आयोजना गरेको ग्रुपका अध्यक्ष तीर्थ आलेले बताए।

–माधव अर्याल

## मास्टर स्टारमा दुई सय

**साप्ताहिक समाचार**

काठमाडौं– बालबालिकाहरूको प्रतिभा प्रदर्शन एवं प्रतिस्पर्धात्मक कार्यक्रम गराइरहने संस्था नेप्लिज फेसन होमले आगामी वैशाखमा ९ देखि १२ वर्ष उमेर समूहका बालकहरूबीच प्रतिस्पर्धात्मक कार्यक्रम 'मास्टर स्टार'को आयोजना गर्ने भएको छ।

उक्त संस्थाकी सञ्चालिका हेमा मानन्धरका अनुसार हाल प्रतिस्पर्धामा सहभागिताका लागि पचासवटा विद्यालयबाट झन्डै दुई सयजति आवेदन आइसकेका छन्। तीमध्ये चालीस जना छनौट गरी उनीहरूलाई फाइनल प्रतिस्पर्धामा उतारिनेछ। प्रतिभा प्रदर्शनबाट विजयी बन्न सफल एक जनालाई मास्टर स्टारको उपाधिबाट विभूषित गरिनेछ।

प्रतिस्पर्धाका लागि छनौट भएका सबैको केश श्रृंगार हेयर स्टाइलिस्ट नील डेविडले गर्नेछन् भने रोहिया महर्जनले व्यक्तित्व विकासको प्रशिक्षण दिनेछिन्। यसका अतिरिक्त उनीहरूको दाँतको उपचार गर्ने तथा पौडी प्रशिक्षण पनि दिइने कुरा मानन्धरले बताइन्।

## सानो पर्दा



**कान्तिपुर** टेलिभिजनबाट प्रसारण भैरहेको सामाजिक श्रृंखला 'नारी'ले महिला दर्शकको मन जितिरहेको उक्त श्रृंखलाका निर्माता तथा छायाङ्कन निर्देशक गौरीशंकर धुजूले बताएका छन्। हरेक आइतबार साँझ साढे ७ बजे प्रसारण हुने यो श्रृंखलामा महिलाहरूबीचको अन्तर्द्वन्द्वका साथै ममतामयी व्यवहार पनि देखाइएको छ। उक्त श्रृंखला एउटै नारीका अनेक रूप हुन्छन् भन्ने कथनमा केन्द्रित छ। आर. राजवंशीद्वारा निर्देशन गरिएको टेलिश्रृंखला 'नारी'मा अर्जुन श्रेष्ठ, मिथिला शर्मा, शर्मिला मल्ल, सुमिना श्रेष्ठ, रचना सिंह, सुनीता सापकोटा, श्याम घिमिरे आदि कलाकारले अभिनय गरेका छन्। मेघा फिल्म्सद्वारा निर्माण भै चालीस भाग प्रसारण भैसकेको उक्त श्रृंखला नब्बे भागभन्दा लामो हुनसक्ने धुजूले बताए।

**नेपाल** टेलिभिजन-२ मा हरेक शनिबार ७ बजे चलचित्रसँग सम्बन्धित रमाइलो कार्यक्रम प्रसारण हुने गरेको छ। 'मेलोडिक मेलो' शीर्षकको उक्त कार्यक्रममा चलचित्र क्षेत्रमा नाम कमाएका एक जना अतिथिलाई बोलाइन्छ र उनीसँग अन्तरंग कुराकानी गर्दै उनको नजिकका सेलिब्रेटी वा साथीसँग रमाइलो कुराकानी गर्न लगाइन्छ। चलचित्रका गीतहरू पनि बजाइने उक्त कार्यक्रमकी निर्माता शान्ति तामाङ हुन्।

**नेपाली** चलचित्रमा एउटै ट्रेन्ड व्याप्त छ। पुराना हिन्दी चलचित्रका कथा तथा प्रस्तुतिलाई नयाँ बोतलमा हालेर पस्कन यहाँका निर्देशक तथा निर्माताहरू खप्पिस छन्। यद्यपि नेपाल टेलिभिजन-२ मा भने कुनै चलचित्रमा नौलो कुरा देखिनेबित्तिकै त्यसलाई विषय बनाएर एउटा कार्यक्रम सञ्चालन हुने गरेको छ। हरेक बिहिबार राति सवा ९ बजे प्रसारण हुने उक्त कार्यक्रममा चलचित्रमा देखिएको वा देखाउन खोजेको नौलो विषय वा ट्रेन्डका बारेमा विस्तृत जानकारी दिइन्छ। 'खोतलखातल' शीर्षकको उक्त कार्यक्रमका निर्माता टेलिचलचित्र तथा चलचित्र 'अविरल बग्दछ इन्द्रावती'का नायक उपेन्द्र तिमिल्सिना हुन् भने सञ्चालक नदेखिने कार्यक्रममा रोजिन शाक्यको उद्घोषण रहने गरेको छ।

**संगीतकार** शान्तिराम राईले निर्माण गरिरहेको टेलिभिजन कार्यक्रम 'फ्यान क्लब'ले बालबालिकाहरूबीच लोकप्रियता पाइरहेको छ। नेपाल टेलिभिजनमा हरेक शनिबार बिहान ११ बजे प्रसारण हुने उक्त कार्यक्रममा कुनै पनि एक जना नाम चलेका कलाकारलाई अतिथि बनाएर उनलाई बालबालिकाहरूका साथ विभिन्न खेल खेलाई ठट्टा गर्दै उनको बाल्यावस्थाका बारेमा कुराकानी गरिन्छ। कार्यक्रममा 'बोबो' नाम गरेका लोपोन्मुख जनावर पाण्डाको खोल ओढेका कलाकार पनि छन्, जसलाई बालबालिकाले बढी रुचाएका छन्। हाल २६ भाग प्रसारण भैसकेको यो श्रृंखलाको सञ्चालन प्रतिमा श्रेष्ठले गर्छिन्।

## जनआन्दोलनको अर्को वृत्तचित्र

बुटवल- जनआन्दोलन-२ सम्पन्न भएको एक वर्ष बित्दै छ। यसबीच देशको राजनीतिमा थुप्रै महत्त्वपूर्ण निर्णय, सहमति र सम्झौताहरूसमेत भए। धेरैले गत वर्षको त्यो महान जनआन्दोलनलाई बिर्सिसके पनि होलान्, तर एमाले निकट अनेरास्ववियु रूपन्देहीले उक्त ऐतिहासिक जनआन्दोलनको स्मरणलाई ताजै राख्न र नेताहरूलाई जनआन्दोलनको म्यान्डेट पूरा गर्न दबाब दिने उद्देश्यले जनआन्दोलनका दृश्यहरूलाई समेटेर वृत्तचित्र निर्माण गरेको छ। 'स्मृतिका पानामा जनआन्दोलन-२०६२।६३' नामक उक्त वृत्तचित्र गत सोमबार बुटवलमा प्रदर्शन गरियो।

युवराज केसीको लेखन, सुमन खरेल र गणेश थापाको निर्देशन, युवराज रानाको सम्पादन तथा इन्दिरा अर्यालको उद्घोषण रहेको वृत्तचित्रमा जनआन्दोलन-२ का क्रममा देशका प्रमुख सहरहरूमा भएका विशाल जनप्रदर्शन, राजतन्त्रप्रतिको आक्रोश, जनताको बलिदानी भावना, सरकारी दमन, आन्दोलनका घाइतेहरूको दर्दनाक अवस्था, राजाको कुटिल शाही घोषणा, दल र जनताद्वारा त्यसको ठाडै अस्वीकार, झन् ठूलो जनप्रदर्शन र अन्ततः वैशाख ११ गते राजा ज्ञानेन्द्रले जनतासामु घुँडा टेकेको दृश्य समेटिएका छन्। झन्डै एक घण्टाको वृत्तचित्रमा 'गाउँगाउँबाट उठ, बस्तीबस्तीबाट उठ' जस्ता गीत पनि समाविष्ट छन्।

*-टोपराज शर्मा*

# इलाममा सांगीतिक कार्यक्रमको लहर

**शिव मुखिया**

कहिलेकाहीं मात्र सांगीतिक कार्यक्रमले तातिने इलामका मञ्चहरूमा अहिले निरन्तर सांगीतिक कार्यक्रम हुन थालेको छ। स्थानीय कलाकारदेखि राष्ट्रिय स्तरमा ख्याति कमाएका कलाकारको समेत उल्लेख्य उपस्थितिले इलामको सांगीतिक वातावरण तातेको छ। महेन्द्ररत्न बहुमुखी क्याम्पसको प्राङ्गण, जिविसको सभाहल, लाँकुरी चौतारीदेखि टुँडिखेलसम्मका मञ्चहरूमा सांगीतिक कार्यक्रमले ठाउँ लिने गरेका छन्। यसै क्रममा लाँकुरी चौतारीमा आयोजित एक कार्यक्रममा कुवेर राई र सत्यकला राईले आफ्ना सुमधुर गीतबाट दर्शकहरूलाई मनोरञ्जन दिए।

गत १५ गते बिहीबार सम्पन्न उक्त कार्यक्रममा गायिका पार्वती राईले आधा दर्जनजति गीत प्रस्तुत गरेकी थिइन्। इलाम बजारमा बिहीबारे हाट भर्न आएका सयौं दर्शकले कार्यक्रमबाट पर्याप्त आनन्द लिएका थिए। कार्यक्रम किराँत राई सांस्कृतिक कलाकार संघ, इलामद्वारा आयोजित गरिएको थियो। संघले आफ्नो पहिलो अधिवेशनका अवसरमा गायक कुवर राईलाई अभिनन्दनसमेत गरेको थियो।

यसैगरी इलामका स्थानीय कलाकारहरूले सदरमुकामस्थित महेन्द्ररत्न बहुमखी क्याम्पसको प्राङ्गणबाट ९ गते शनिबारदेखि आरम्भ



संगीत यात्रा सुरु गरेका छन्। सुगम संगीतलाई प्रवर्द्धन गर्ने उद्देश्यले संगीत यात्रा सुरु गरिएको आयोजकहरूले जनाएका छन्।

जेबी टुहुरेको 'गाउँ-गाउँबाट उठ' को संगीतबाट सुरु गरिएको संगीत-यात्राको पहिलो कार्यक्रममा इलामका डेढ दर्जन गायक-गायिकाले नारायणगोपालदेखि दीप श्रेष्ठसम्मका गीत गाएका थिए। प्रेमध्वज प्रधानको 'घुम्तीमा नआऊ है' गीत नवोदित गायक दीपक खत्रीले जस्ताको तस्तै गाउँदा क्याम्पस प्राङ्गण ढाकेर बसेका श्रोताहरू मन्त्रमुग्ध भएका थिए। खर्साङ रेडियोमा एक दर्जन गीत रेकर्ड गराइसकेका अर्का इलामे गायक तुलाराम पौड्यालले पनि प्रेमध्वज प्रधानकै अर्को गीत सपना भुलाई सारा लगायत आधा दर्जन गीत गाएका थिए।

वाद्यवादनसहित आयोजित कार्यक्रममा गायक रमेश श्रेष्ठका साथै गायिकाहरू कृष्ण नेपाली, सुनीता दियालीले पनि गीत गाएका थिए। संगीतयात्राका संयोजक अनुप दियालीले सुरुमै दर्शकहरूबाट राम्रो रेस्पोन्स पाएकाले चाँडै अन्य स्थानहरूमा पनि कार्यक्रमको आयोजना गरिने बताए। कार्यक्रममा नृत्यसमेत प्रस्तुत गरिएको थियो।

इलाम सदारमुकामकै टुँडिखेलमा आयोजित एक अर्को कार्यक्रममा हास्यकलाकार विलसनविक्रम राईको मनोरञ्जनात्मक प्रस्तुतिले तातिँदै गएको मौसम अझ रन्कायो। जिल्ला फुटबल संघको आर्थिक सहयोगका लागि आयोजित रिमझिम मेलाका अवसरमा विलसनसहित इटहरीबाट आएका कलाकारहरूले गीत तथा नृत्य प्रस्तुत गरेका थिए।

## 'कोही छैन यहाँ पराई' अभियानका रूपमा

सुनसरी– समसामयिक विषयमा आधारित डकुमेन्ट्री 'कोही छैन यहाँ पराई' सुनसरीका ग्रामीण क्षेत्रमा अभियानका रूपमा प्रदर्शन थालिएको छ। बन्द र हड्ताल सधैंका लागि अन्त्य गरौं, हिमाल, पहाड र तराई, कोही छैन यहाँ पराई' भन्ने उद्देश्य बोकेको डकुमेन्ट्री सुनसरीका छातावेली, खनार, इटहरी, झुम्का, तरहरा र सोनापुरमा विशेष प्रदर्शन गरिएको छ।

'यसले (डकुमेन्ट्री) नेपालीको पीडा बोलेको छ,' मजदुर नेता अयुब हुसेन भन्छन्– 'बन्द र हड्तालका कार्यक्रमबाट दिक्क भएका नेपालीको समस्यालाई दृश्यमार्फत प्रस्फुटित गरिएको छ।' मोफसलमा प्रदर्शनपछि डकुमेन्ट्रीको काठमाडौंमा विशेष प्रदर्शन गर्ने लक्ष्य राखिएको छ। 'जनताका खातिर बन्दको आह्वान कहिल्यै कुनै पनि पक्षले गर्नुहुन्न,' निर्देशक खरेलले उद्देश्य प्रस्ट पारे– 'अभियान कसैप्रति लक्षित छैन, बन्द आह्वान गर्ने जुनसुकै पक्ष होस्, त्यसप्रति प्रहार गरिएको छ।'

–सन्तोष यादव

## साताको स्वर



## प्रकाश ओझा

**ओखर बोटे काका..... कस्तो प्रकारको गीत हो....**

यथार्थवादी शब्द प्रयोग गरिएको, अनि नाचन मिल्ने बिटमा बनाइएको गीत हो । यसमा आफ्नै बाउको सम्पत्ति खाएर आफ्नै कुरा काट्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्न खोजिएको छ ।

**गीत कुन वर्गलाई लक्षित छ ?**

सबै वर्ग, बालक, युवा, वृद्धले गीत मन पराइदिनुभएको छ, सबैको मुखमा झुन्डिएको छ ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**

मैले आफै निर्देशन गरेको छु.... गीतले भन्न खोजेको कुरालाई दृश्यमार्फत् प्रस्तुत गर्ने जमर्को गरेको छु । म्युजिक पनि भिडियो सबैले मन पराइदिनुभयो ।

**म्युजिक भिडियोमा नाच्नु पनि भएको छ नि ?**

गीतले नृत्य खोजेको छ, त्यसैले केही नाच्ने प्रयत्न गरेको छु ।

**यो गीतको आकर्षक पक्ष के हो ?**

गीत, संगीत र म्युजिक भिडियो सबै दृष्टिकोणले राम्रो छ । त्यसैले दर्शक-श्रोताले मन पराइदिनुहुन्छ भन्ने आशा छ ।

**नेपाली** पपगायकहरूमाथि उनीहरूले नेपाली परम्परागत संगीत बिगार्दै गएको आरोप लाग्दै आएको छ, तर संसारभरि फ्युजन संगीतको चर्चा चलेको बेलामा पपगायक प्रनिल एल तिमल्सेनाले काठमाडौंको नेपाल संगीत विद्यालयमा सारंगी बजाउने प्रशिक्षण लिइरहेका छन् । गिरीश-प्रनिल समूह टुक्रिएपछि 'मे १८' एल्बममार्फत चर्चामा आएका प्रनिल अर्को एल्बमको तयारीमा छन् । सारंगीका साथै पियानोको पनि विशेष प्रशिक्षण लिइरहेका गायक तिमल्सेना हाल आगामी एल्बमका लागि आफैं गीत रचना गर्ने तथा संगीत सिर्जना गर्ने काममा पनि व्यस्त छन् । उनको आगामी एल्बममा सारंगी र पियानोको धुन पनि रहनेछ ।

-र्‍याप गायक निर्णय डा. एनएसके हाल अशिक्षाको अँध्यारो हटाउने अभियानमा संलग्न छन् । निर्णयले डा. रोशन झा, गोकुल सुवेदी र नवीन कार्कीसँग मिलेर एक सामाजिक संस्था 'नवदैलो' सञ्चालनमा ल्याएका छन् । उक्त संस्थाले हालै नेपाल अधिराज्यका विभिन्न स्थानमा निर्णयको एकल कार्यक्रम आयोजना गर्दै त्यसबाट विभिन्न पाठ्य एवं स्टेसनरी सामग्रीहरू संकलन गरेर गरिब तथा जेहेन्दार विद्यार्थीलाई वितरण गरेको छ । यसका साथै उक्त संस्थाले गायक निर्णयलाई अघि लगाएर विभिन्न विद्यालय तथा कलेजमा एचआईभी/एड्ससम्बन्धी जनचेतनामूलक कार्यक्रमको आयोजना पनि गरिरहेको छ । आगामी एल्बमका बारेमा निर्णयले साप्ताहिकलाई बताए– 'आगामी एल्बममा 'दिन पनि बित्यो' को तेस्रो श्रृंखला समावेश गर्दैछु ।' निर्णयका अनुसार पहिलो श्रृंखलामा पढाइका लागि बिदेसिएपछि प्रेमी र प्रेमिकाको विछोड हुन्छ । दोस्रो श्रृंखलाका रूपमा आएको 'गाउँले जीवन'मा विदेशी जीवन र यहाँको गाउँले जीवनबीच तुलना गरिएको छ भने अब उनीहरूको पुनर्मिलनको कथा समेटिनेछ । तेस्रो श्रृंखलामा निर्णयलाई गायिका माण्डवी त्रिपाठीले साथ दिएकी छिन् ।

-राजधानी कला केन्द्रको पाँचौं वार्षिकोत्सवका अवसरमा गत साता नेपाल प्रज्ञा-प्रतिष्ठानमा एक सांस्कृतिक कार्यक्रम तथा सम्मान समारोह आयोजित गरियो । केन्द्रका अध्यक्ष तथा नृत्य निर्देशक दिनेश अधिकारीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमका गायिका कोमल ओलीले आफ्नो चर्चित लोकगीत 'पोइल जान पाम' गाएकी थिइन् भने गायक धीरज राईले 'लुकी-लुकी' लगायत अन्य गीत सुनाए । भोजपुरी, देउडा र आधुनिक नृत्य पनि प्रस्तुत गरिएको उक्त कार्यक्रममा नायक दिलीप रायमाझी र नायिका ऋचा घिमिरे पनि नाचेका थिए । फेसन सो, नाटक, प्रहसन जस्ता रमाइला प्रस्तुतिहरूका साथ उक्त कार्यक्रममा जनकविकेशरी धर्मराज थापा, नायक शिव श्रेष्ठ, निर्देशक तुलसी घिमिरे, गीतकार बुद्धवीर लामा र उन्नति बोहोरा, साहित्यकार एवं चलचित्र निर्मात्री पुष्पलता आचार्य तथा नेपाल टेलिभिजनका महाप्रबन्धक मदनकुमार शर्मालाई विशिष्ट सम्मान प्रदान गरिएको थियो ।



गायिका सुकमित गुरुङ तथा गायकद्वय निमा रुम्बा र ओमविक्रम विष्ट कफीगफमा । *तस्बिर : फुर्सद डटकम*

-गायक सुगम पोखरेल आजभोलि कार्यक्रमहरूमा निकै व्यस्त छन् । आज शुक्रबार उनी जावलाखेलको मैदानमा आयोजना हुन लागेको एक कार्यक्रममा आफ्ना गीतहरू प्रस्तुत गरेपछि शनिबारदेखि पोखरामा आयोजना हुन लागेको 'फेवा महोत्सव'को उद्घाटनमा गीत गाउनेछन् । नयाँ वर्षका अवसरमा पोखरामा आयोजना हुने अर्को कार्यक्रममा पनि उनको सहभागिता हुनेछ । सुगम वैशाख १ गते काठमाडौंको टुँडिखेलमा हुने एक वृहद् कन्सर्टमा उनी पनि रहनेछन् भने त्यसको तीन दिनपछि त्रिपुरेश्वरमा सञ्चालन हुने एक सपिङ मलको उद्घाटनमा उनले गीत सुनाउने छन् । यसका साथै वैशाख ७ गते उनी एक कार्यक्रममा सहभागी हुन दमौली जाँदैछन् ।



-विश्वविख्यात गायक ब्रायन एडम्सले नेपालका दर्शकहरू सामुन्ने कन्सर्ट प्रस्तुत गर्ने भएका छन् । आगामी मे महिनाको पहिलो साता राजधानीको दशरथ रंगशालामा गायक एडम्सले 'सेलिब्रेसन अफ पिस कन्सर्ट' शीर्षकमा आफ्ना गीतहरू सुनाउने भएका हुन् । फुर्सद डटकमले जनाएअनुसार ग्रीन प्रोडक्सनले वर्ल्ड स्पेस रेडियोसँग मिलेर गर्न लागेको उक्त वृहद् कन्सर्टमा सहभागी हुन गायक एडम्स आफ्ना ३५ जना सहयोगीसँग काठमाडौं आउँदै छन् । ६० हजार वाटको साउन्ड सिस्टम तथा २ हजार सुरक्षाकर्मीका साथ उनले आफ्ना गीत सुनाउनेछन् । १ हजार र २ हजार रुपैयाँ प्रवेश टिकट मूल्य रहने उक्त कन्सर्टभन्दा अघि गायक एडम्सले भारतको मुम्बईमा कन्सर्ट सम्पन्न गर्नेछन् ।

-'किन राख्यौ चोखो मुटु तीखो चुलेसीमा' जस्ता गीत गाएर चर्चामा आएका गायक सञ्जीव सिंहले आफ्नी श्रीमती रश्मि सिंहका साथ बेलायतमै घरजम गर्ने भएका छन् । पछिल्लो पटक आफ्ना गीतहरूले खासै श्रोता नपाएपछि गायक सिंह विदेश जाने अवसर खोजिरहेका थिए । बेलायत पुगिसकेका सिंह कहिले फर्कन्छन् भन्ने टुंगो नभएको बताइन्छ । बेलायत जानुअगावै उनले आफ्नो पछिल्लो एल्बम 'अल्वेज'को रेकर्डिङ पूरा गरेका थिए । हालै उक्त एल्बम बजारमा आएको छ ।

-गायक सुदेश खवासको एल्बम 'सिक्रेटस अफ लभ'का गीतहरूले चर्चा पाइरहेका छन् । विशेषगरी स्व. अरुण थापाको गीत 'ऋतुहरूमा तिमी'को रिमिक्स भर्सनलाई श्रोताहरूले मन पराइरहेको गायक खवासले साप्ताहिकलाई बताए ।

-सगरमाथा अञ्चलको सोलुखुम्बुमा पहिलो पटक डान्सपार्टीसहितको सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । होटल हयात् रिजेन्सीको रक्सबारमा डिजेइङ गर्दै आएका डिजे तेन्जिङले सांगीतिक कार्यक्रमपछि लगातार पाँच घण्टा विभिन्न नेपाली तथा हिन्दी रिमिक्सका साथै आर एन्ड बी संगीत बजाएका थिए । गत शनिबार सल्लेरीको जिविस मैदानमा सम्पन्न उक्त डान्सपार्टी तथा सांगीतिक कार्यक्रमको शीर्षक 'सोलु सांगीतिक उत्सव-२०६३' रहेको थियो । शुभतारा बहुउद्देश्यीय सेवा केन्द्रले आयोजना गरेको उक्त सांगीतिक उत्सवमा गायक मिग्मा शेर्पाले 'छमछम', रोज मोक्तान र अविनाश घिसिङले 'कलकत्ते काइँयो', पूजा राईले 'म आउँदैछु' आदि गीत गाएका थिए । हास्यकलाकार नारद खतिवडाले ठट्यौली किसिमबाट सञ्चालन गरेको उक्त सांगीतिक उत्सव दिउँसो दुई बजेदेखि राति नौ बजेसम्म चलेको थियो भने कार्यक्रममा साउन्ड सिस्टम र लाइट काठमाडौंबाटै त्यहाँ पुऱ्याइएको डिजे तेन्जिङले बताए ।

-म्युजिक डटकमले पाँच जना गायकको एल्बम प्रकाशित गर्ने र उचित बजार व्यवस्थापन गर्ने बताएकोमा राजीव लोहनी, मिग्मा शेर्पा, मोहित मुनालपछि चौथा गायक राजेन पाण्डेको पालो आएको छ । आगामी साता नयाँ वर्षको अवसर पारेर उनको एल्बम 'आर्टिस्ट'को विमोचन भिन्दै प्रकारबाट गर्न लागिएको म्युजिक डटकमका राजेश बंशलले साप्ताहिकलाई बताए । एल्बमलाई बजारमा ल्याउनु अगावै म्युजिक भिडियो निर्देशक आलोक नेम्वाङले उनको गीत 'मेरो एउटा सानो दिलैमा'को म्युजिक भिडियो बन्दिपुरमा छायाङ्कन गरी सार्वजनिक गरिसकेका छन् । उक्त म्युजिक भिडियो निर्माणका बेला नेम्वाङले गायक पाण्डेका सबै गीत सुन्ने मौका पाएका थिए । त्यसमध्येको रोमान्टिक गीत 'जान्छु भन्दा जानै दिन्नौ' आलोकलाई निकै मन परेछ । फर्केर आएको केही समयभित्रै उनले उक्त गीतको पनि म्युजिक भिडियो निर्माण गरेका छन् । सार्वजनिक हुने क्रममा रहेको उक्त म्युजिक भिडियोपछि म्युजिक डटकमले असीम चित्रकारको निर्देशनमा निर्माण भएको अर्को गीत 'गीतारको धुन सँगै'को म्युजिक भिडियो पनि निर्माण सम्पन्न गरी सार्वजनिक गर्ने बताएको छ ।

## लाइभ शो

-दरबारमार्गस्थित सो प्यालेस रेस्टुराँमा हरेक साँझ नायिका उषा पौडेलको लोकनृत्य हेर्न पाइन्छ । उक्त रेस्टुराँको मञ्चमा साँझ सात बजेदेखि राति दस बजेसम्म उषाका अतिरिक्त अन्य कलाकारले पनि विभिन्न नृत्य प्रस्तुत गर्छन् ।

## नजिकबाट

## देविका वन्दना

| | | |
|---|---|---|
| जन्ममिति | : | डिसेम्बर १७ |
| घरमा बोलाउने नाम | : | देविका |
| नामको अर्थ | : | देवीको रूप |
| जन्मस्थान | : | पशुपतिनगर, इलाम |
| रुचि | : | संगीत सुन्ने, पत्रपत्रिका अध्ययन गर्ने |
| अध्ययन | : | प्रमाणपत्र तह |
| सांगीतिक गुरु | : | नरराज ढकाल, शिलाबहादुर मोक्तान |
| पहिलो प्रेम | : | श्रीमान् (महेशमान सिंह) सँग |
| पहिलो डेटिङ | : | उहाँसँगै, नगरकोटको एउटा रिसोर्टमा |
| हनिमुन | : | दिल्ली |
| पहिलो बजाएको बाजा | : | हार्मोनियम |
| मनपर्ने परिकार | : | चाइनिज |
| मनपर्ने रंग | : | नीलो |
| मनपर्ने पहिरन | : | कुर्ता-सुरुवाल |
| पहिलो उपहार | : | आमाले क्यासेट प्लेयर दिनुभएको थियो |
| मनपर्ने मौसम | : | वसन्त |
| मनपर्ने खेल | : | ब्याडमिन्टन |
| फुर्सदमा | : | घुम्ने, परिवारसँग ग्यादरिङमा रमाउने |
| मनपर्ने संगीत | : | सुगम संगीत |
| रिस उठेको बेला | : | गीत गाउँछु |
| मनपर्ने आफ्नै बानी | : | सबैलाई माया गर्छु |
| सबैभन्दा बढी माया | : | श्रीमान् र छोराछोरीहरू |
| रमाइलो क्षण | : | आफ्नो पहिलो गीत रेडियोमा सुन्दा |
| नरमाइलो क्षण | : | सासु आमालाई गुमाउँदा |
| घुम्न मन पर्ने स्थान | : | पोखरा |
| गर्न बाँकी कुरा | : | समाजसेवा |
| जीवन के हो | : | संघर्ष |
| जीवनको लक्ष्य | : | सुगम संगीतलाई अझै माथि पुऱ्याउने। |


## राजुका गीत सुन्न गाउँलेहरूको भीड



चर्चित लोकदोहोरी गायक राजु परियारले प्रत्यक्ष गाएको सुन्न र अन्य सांस्कृतिक कार्यक्रम हेर्न आइतबार रूपन्देहीको ग्रामीण बजार सौ. फर्साटिकरस्थित तिलोत्तमा बोर्डिङ स्कुलको मैदानमा झन्डै पाँच हजार दर्शक उपस्थित थिए । त्यसै पनि लोकसंगीतका पारखी गाउँलेहरू आफ्नै ठाउँमा लोकदोहोरीका चर्चित गायक आएर गीत गाउने भएपछि के छोड्थे र ? त्यसैले उनीहरू त्यो दिन सबै काम छाडेर राजु परियारका गीतमा रमाए । दर्शकको राम्रो उपस्थिति देखेर निकै उत्साहित भएका राजुले त्यहाँ 'सुनपानी', 'बिहे गरेर छैन रै'छ काम', 'तस्बिरै झलल' र 'झिलीमिली भ्याई' लगायतका आधा दर्जनजति लोक तथा दोहोरी गीत गाएर प्रमुख अतिथिलगायत विद्यार्थी र अभिभावक सबैलाई नचाए ।

नाच्नेहरूमा किशोरकिशोरी त छँदैथिए, कपाल सेतै फुलेका हजुरबा र हजुरआमाहरू पनि उत्तिकै थिए । उनीहरू चर्को घामको वास्तै नगरी निर्धक्क भएर धीत मरुन्जेल नाचे । देशमा चलेको सशस्त्र द्वन्द्वले गर्दा दुई वर्षसम्म वार्षिकोत्सव मनाउन नपाएको विद्यालयको उक्त कार्यक्रममा देशमा शान्ति छाएकाले पनि खुसी र उमंग देखिन्थ्यो । राजुलाई उद्घोषिका एवं स्थानीय दोहोरी गायिका मञ्जु पौडेल र सुमित्रा श्रेष्ठले साथ दिएका थिए भने नारायण थापा, सोम थापा र लोकेन्द्र शाहले वाद्यवादनमा सहयोग गरेका थिए । विद्यालयको १०औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा विद्यार्थीहरूले पनि लोकसंस्कृति झल्कने गीत तथा नृत्य प्रस्तुत गरेका थिए ।

–टोपराज शर्मा



निष्ठुरी तर माया लाग्दी केटी ज्योति, मैले तिमीलाई त्यति धेरै माया दिंदा पनि विश्वास गरिनौ। मेरोभन्दा अरूकै कुरा सुनेर मलाई लत्यायौ। मेरो हृदयले भन्छ- तिमी मलाई मन पराउँछ्यौ अनि माया गर्छ्यौ। तिमीलाई थाहा छैन होला, तिम्रो मायाको चिनो मसँग सुरक्षित छ। म तिम्रै प्रतीक्षामा रहनेछु, सक्छौ भने एकपटक भेट।

**देवेन्द्र**

सूर्या, एसएलसीमा सफलताको अग्रिम शुभकामना। तिम्रा हरेक पाइलाले सफलताको शिखर चुम्दै जाऊन्।

**दीपक**

खुस्बु, तिमी धेरै टाढा भए पनि म सधैं तिम्रो सम्झनामा छु। आशा छ तिमी त्यहाँ खुसी छौ। कृपया एकपटक फोन गर। आशा छ निराश पार्नेछैनौ। तिम्रो खबर नपाउँदा दुखी छु, प्लिज मलाई माया नमार्नु ल।

**सरोज**

हिउँ खेल्न माइक्रोबसमा कमलविनायकबाट नगरकोट जाँदा सँगैको छेउको सिटमा बसेकी खैरो रङ्गको कोटजस्तो स्वेटर लगाएकी, टाइट जिन्स तथा घिउ रङ्गको टिसर्ट लगाएकी, अनुहारमा सानो कोठी भएकी, हल्का मोटी तथा गोरो वर्णकी, साह्रै राम्री माइक्रोबाट ओर्लिएदेखि नै मैले हिउँले हान्दा पछाडि फर्केर आँखा जुधाउने, पाँचजनाको ग्रुपमा हिंडेकी र फर्कंदा भने भेट हुन नसकेकी युवतीले मेरो मन चोरेको हुनाले म पनि उनको मन चोर्न लालायित छु। त्यसैले जसरी हुन्छ मेल गर।

**ab_himal@yahoo.com**

सरु, तिमी मेरो साथी मात्र नभई घरको सदस्य पनि हौ। जन्मदिनको पावन अवसरमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको शुभकामना।

**रमिला**

भर्खर मात्र वैवाहिक बन्धनमा बाँधिएकी अनिता तिम्रो दाम्पत्य जीवन सुखमय रही सदैव प्रगतिको बाटोमा लम्कियोस्, हार्दिक शुभकामना।

**राजेश**

शनिबार १ बजेतिर बौद्धबाट रत्नपार्कसम्म सँगै आउँदा घरी-घरी आँखा जुधाउने, बस चढेर पनि फर्की-फर्की हेर्दै मुस्कुराउने चारजना युवतीमध्ये कन्डक्टरले २ रुपैयाँ दिंदा २ हजार भनी हाँस्ने युवतीसँग मित्रताको हात बढाउन चाहन्छु। इमेल गर्न आग्रह छ।

**love_manojd@yahoo.com**

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

**प्रति सन्देश रु. २०/- अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........................................................

उमेर : ............................ उचाइ : ............................

पेसा : ............................ शिक्षा : ............................

स्वभाव : ............................ वैवाहिक स्थिति : ............................

अभिरुचि : ..........................................................

वर्ण : ..........................................................

इमेल : ..........................................................

ठेगाना : ..........................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................

..........................................................

**नोट :** तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटो

### मेरो जीवन

अतिले क्षति नै गर्छ। त्यही अति अर्थात् अति चाहना तथा अपेक्षाको शिकार भएको छु म आज। गरिबीमा जन्मी-हुर्किएको भएर होला त्यसमै राम्रोसँग बाँच्न र हाँस्न सिकेको थिएँ, समाजको हेला तथा तिरस्कार सहेर पनि। जसोतसो जीवन बाँची नै रहेको थिएँ तर आज यस्तो दिन आयो जहाँ मर्नु न बाँच्नु हुनुपरेको छ। एउटा सामाजिक रीति पूरा गर्न अर्थात् विवाह गर्दा आजको यो दिन देख्नुपर्‍यो। एउटा सादा जीवन जहाँ खानका लागि संघर्ष गर्नुपरोस् तर भोकै रहन नपरोस्, एकसरो लगाउन पाइयोस्, नांगो रहन नपरोस् भन्ने मेरो मान्यताको ठीक विपरीत भावना बोकेर मेरो जीवनमा आइन् मेरी श्रीमती। प्रशस्त धन, चाहेको सम्पूर्ण कुरा तत्काल पूरा हुने परिवेश अनि एउटा ऐशपूर्ण जीवनको चाह थियो उनमा।

उनको यस्तो अति चाहना-अपेक्षा मेरो गरिबीमा पूरा हुनपक्कै सम्भव थिएन। म सम्झाउन चाहन्थेँ सम्पत्ति नै सबैथोक होइन भनेर तर उनी आफ्नो चाहना-सपना पूरा नभएकोमा रिसाउँथिन्, कराउँथिन्। यस्ता कुराहरूमा हाम्रो मनमुटाव बढ्दै गयो र झैझगडा हुन थाल्यो। उनी आफ्नो माइती र समाजमा 'मलाई दाइजो ल्याइन सधैं कुटपिट गर्छ, मार्ने धम्की दिन्छ' भन्ने गलत कुरा भन्दै हिँड्न थालिन्। यस्तो कुरा थाहा पाएर सम्झाउन खोज्दा झन् 'म सम्बन्धविच्छेद पनि गर्दिन र तँलाई शान्तिसँग बस्न पनि दिन्न, तेरो बेइज्जत पनि गर्छु' भन्ने धम्की दिने र कयौं दिन, महिना माइती गएर बस्न थालिन्। यसरी उनको अति चाहना-अपेक्षा मबाट पूरा नहुने र माइतीको पनि भरोसा नभएपछि उनमा निराशा बढ्न थाल्यो र म तथा आफ्नै जीवनदेखि वितृष्णा जाग्न थाल्यो। जब वितृष्णा जाग्छ तब विश्वास रहँदैन, जब विश्वास हराउँछ तब जीवन भताभुङ्ग हुन्छ।

यस्तो परिस्थिति आएको देखेर शत्रुहरू सक्रिय हुन थाले र उनलाई मेरा विरुद्ध कुरा लगाउन थाले। आगोमाथि घिउ थपेपछि उनी झन्-झन् रिसाहा र विक्षिप्त हुँदै गइन्। अन्त्यमा आफ्नो जीवन समाप्त गर्ने प्रयास गर्न थालिन्। दुई-तीन पटक त बचाउन सफल भै सम्झाउन खोजेँ तर पनि उनी आफ्नो प्रयास र लक्ष्यमा सफल भएरै छाडिन्। यसलाई हत्याको हवाला दिएर ममाथि हत्याराको



आरोप लगाएर समाजबाट वहिष्कार गरियो। म गरिब तथा निर्धो भएकाले सबैले मैमाथि औंला ठड्याउन थाले तर म निर्दोष थिएँ, यो कुरा मेरो अन्तरआत्मा र भगवान्लाई थाहा छ। त्यसैले म सम्पूर्ण आरोप र लान्छनाहरूलाई सहेर पनि आफ्नो जीवनलाई अघि बढाइरहेको छु। कानुन र आफ्नो अन्तरआत्माको निर्दोष तर सामाजिक रूपमा एउटा हत्यारा अर्थात् अपराधको धब्बा लागेको जीवन।

**– विवेक**

## साप्ताहिक साथी



आफ्नै व्यवसाय सञ्चालन गरेर बसेका २१ वर्षीय मिलन ऐन ठकुरी ५ फिट ९ इन्च अग्ला छन्। भ्रमण तथा पत्रमित्रतामा विशेष रुचि भएका मिलन व्यवसायी भएका कारण नम्र स्वभावका छन्। गहुँगोरो वर्णका मिलनलाई मिजासिलो एवं साथीको महत्त्व बुझ्ने पत्रमित्रहरूको खाँचो छ। मिलनलाई ms+_dbs @yahoo.com मा इमेल गर्न सकिन्छ।



कक्षा १० मा अध्ययनरत दानबहादुर ऐर ५ फिट अग्ला छन्। शान्त स्वभावका अविवाहित दानबहादुर गीत सुन्न मन पराउँछन्। आफूभन्दा ठूलाको इज्जत गर्ने तथा सानालाई माया गर्ने व्यक्तिलाई मित्र बनाउन चाहने दानबहादुरलाई अमरगढी-१, डडेल्धुरा वा श्री माउन्टेन बोर्डिङ स्कुल, डडेल्धुरामा पत्राचार गर्न सकिन्छ।

# पारैभरि ढकमक्क लालीगुराँस

*म त लालीगुराँस भएछु*
*वनैभरि फुलिदिन्छु, मनैभरि फुलिदिन्छु*

यी शब्द रचना नारायणगोपालको स्वरमा गीत बनेर गुञ्जिएजस्तै नेपालका वनपाखामा ढकमक्क लालीगुराँस फुल्छन्। उपत्यकाभित्रै लालीगुराँसको सौन्दर्य हेर्न जामाचो, शिवपुरी वा फूलचोकी चढ्दा हुन्छ। यसबाहेक दामन र सीमभन्ज्याङ पनि लालीगुराँसका लागि राजधानीनजिकका उल्लेखनीय ठाउँ हुन्।

विश्वभरि ७ सय प्रजातिका गुराँस छन्। तीमध्ये नेपालमा ३० प्रजातिका गुराँस पाइएका छन्। गुराँसका प्रजातिहरूको उपस्थिति नेपालको पूर्वदेखि पश्चिमतिर क्रमशः घट्दै जान्छ। तमोर-अरुण क्षेत्रमा २८ प्रजातिका गुराँस फुल्छन् भने गण्डकी क्षेत्रमा ८-१० र महाकाली पुग्दा ५ प्रजातिका गुराँस पाइन्छन्। 'त्यसैले गुराँसको वर्णन भनेको मूलतः पूर्वी नेपालको बयान हो,' -वनस्पतिविद् डा. तीर्थबहादुर श्रेष्ठ भन्छन्।

ठाउँअनुसार गुराँस माघ महिनादेखि नै फुल्न थाल्छ। जति भौगोलिक उचाइ बढ्दै गयो, गुराँस त्यति नै ढिलो फुल्ने केन्द्रीय प्रविधि क्याम्पस धरानका सहायक प्राध्यापक कमल मादेन बताउँछन्। मादेनका अनुसार गुराँस सामान्यतयाः १ हजार २ सयदेखि ५ हजार मिटरसम्मको उचाइमा पाइन्छ।

गुराँसहरूको राजा हो- लालीगुराँस। मेचीदेखि महाकालीसम्मकै वनपाखामा फुल्ने भए पनि पूर्वाञ्चलको तीनजुरे-मिल्के-जलजले क्षेत्र लालीगुराँसका लागि सबैभन्दा प्रख्यात क्षेत्र हो। यो क्षेत्र तेन्हथुम, संखुवासभा र ताप्लेजुङ जिल्लाको बीचमा पर्छ। तीन जिल्लाका १६ गाविसभित्र १६ हजार २ सय ९६ दशमलव २६ हेक्टर क्षेत्रफलमा फैलिएको यो क्षेत्र पुग्न तेन्हथुमको वसन्तपुर बजारबाट पूरा एक दिन पैदल हिँड्नुपर्छ। 'तीनजुरे-मिल्के-जलजले क्षेत्रमा मात्रै २५ प्रजातिका गुराँस फुल्छन्। एकै ठाउँमा यति धेरै प्रजातिका गुराँस फुल्ने क्षेत्र विश्वमैं कहीं छैन' भन्दै डा. श्रेष्ठ भन्छन्- 'उक्त क्षेत्र गुराँसको राजधानी नै हो।'

पूर्वमा ढकमक्क गुराँस फुलेको हेर्न तीनजुरे-मिल्के-जलजले नै पुग्नुपर्छ भन्नेचाहिँ होइन। त्यहाँ पुग्न नसक्नेहरूले धरानबाट बसमा चढेर नागबेली बाटो हुँदै भेडेटार पुगे हुन्छ। धरानबाट मात्र १८ किलोमिटरको दूरीमा १४ सय मिटर उचाइको भेडेटारका पाखाहरू मध्यमाघदेखि नै गुराँसमय हुन थाल्छन्। वैशाख मध्यसम्म भेडेटारको गुराँस झरिसक्छ। तीनजुरे-मिल्के-जलजले क्षेत्रमा भने चैततिर मात्र गुराँस फुल्छ र जेठसम्म रहन्छ।

वसन्तपुरबाट उकालो लागेपछि भरियाहरू बाटाभरि फुलेका गुराँसको रस चुस्दै हिँडेका देखिन्छन्। गोठालाहरू पनि धीत मरुन्जेल गुराँसको रस चुस्छन्। गुराँसको रस चास्नीजस्तै गुलियो हुन्छ। यो रस चुसेर भीरमौरीले बटुलेको मह भने मात लाग्ने अर्थात् रिंगाउने खालको हुन्छ। गुराँसको फूल चिप्लो हुन्छ। सायद यसै कारण कसैको घाँटीमा माछाको काँडा अड्कियो भने गुराँसको फूल खानु/ख्वाउनुपर्छ भन्ने जनधारणा छ।

तीनजुरे-मिल्के-जलजले क्षेत्रलाई वि.सं. २०५४ सालदेखि लालीगुराँस संरक्षण क्षेत्र घोषणा गरिएको छ। विदेशीहरूसमेत यो क्षेत्रको लालीगुराँसको अध्ययन-अनुसन्धानमा लागेका छन्। अमेरिकी नागरिक माइक स्पेनेली यो क्षेत्रको गहन अध्ययन एवं परीक्षणमा जुटेका छन्। एकै ठाउँमा २५ प्रजातिका गुराँस पाइने हुनाले वनस्पतिशास्त्रका विद्यार्थीहरूलाई समेत यो क्षेत्र अध्ययन-अनुसन्धानको तीर्थस्थल भएको सहायक प्राध्यापक कमल मादेन बताउँछन्।

**–रोहित पराई**

### *संकटमा लालीगुराँस*

*नेपालबाटै लोप हुन लागेका सेतो गुराँस, राष्ट्रिय फूलका रूपमा मान्यता पाएको रोडोड्रनका साथै जातसमेत पत्ता लगाउन नसकिएको गुराँस पनि मिल्के जलजले क्षेत्रका अतिरिक्त मकालु, कञ्जनजंघा, सगरमाथा, अन्नपूर्ण क्षेत्रहरूमा पाइएको छ।*

*यहाँ संसारकै सबैभन्दा अग्लो लालीगुराँसको रूख पनि पाइएको कुरा लालीगुराँस संरक्षण तथा व्यवस्थापन समितिका संयोजक लक्ष्मण तिवारी बताउँछन्। वितेका वर्षहरूमा राष्ट्रिय फूल लालीगुराँसको अध्ययन, अवलोकन र अनुसन्धान गर्नका लागि स्वदेशी तथा विदेशी पर्यटकहरूको भीड लाग्ने गरेकाले स्थानीय बासिन्दाहरूको जीवनयापनमा महत्त्वपूर्ण सहयोग पुग्दै आएको वसन्तपुरका होटल व्यावसायी डोमा शेर्पा बताउँछन्।*

*लालीगुराँसले प्रत्येक वर्ष हजारौं पर्यटकको भ्याई-नभ्याई स्वागत गर्ने गरेकोमा द्वन्द्व बढेको बेला पर्यटकहरूको स्वागत गर्न नपाएको र स्थानीय व्यापारीहरूको पनि आम्दानी घटेको सञ्जीव कार्की बताउँछन्। मिल्के जलजले क्षेत्रमा सडक निर्माण हुँदा गुराँसका सयौं रूख फडानीमा परेको र उक्त इलाकामा अन्य रूखहरू नपाइने हुँदा स्थानीय बासिन्दाहरूले दाउरा बाल्न र घर बनाउनसमेत गुराँसकै रूख काटी प्रयोग गर्दै आएकाले गुराँस मासिने क्रम तीव्र भएको लालीगुराँस संरक्षण तथा व्यवस्थापन समिति वसन्तपुरले जनाएको छ।*

*यसका अतिरिक्त सरकारले लालीगुराँसको क्षेत्रसमेत छुट्ट्याउन नसकेकाले भू-स्वामित्वलगायत लिम्बूवानहरूको किपट यथावत् रहेको, सुकुम्बासीका नाममा अवैध जग्गा कब्जा गर्ने होड, खुला चरणले गर्दा पनि लालीगुराँस मासिँदै गएको छ।*

*अहिले गुराँसको संरक्षणका लागि त्यस क्षेत्रमा ४० वटा सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरू कम्बर कसेर लागेका छन् भने १३ वटा माध्यमिक विद्यालयमा लालीगुराँस क्लब गठन गरी परिचालित गरिएको छ भने धेरै गैरसरकारी संस्थासमेत लालीगुराँसको संरक्षणमा क्रियाशील छन्।*

**–विजय सन्तोषी राई**



# पुरुषको व्यक्तित्व के मा हुन्छ?

पुरुष भएपछि आफ्नो बेग्लै पहिचान हुनुपर्छ। उसले महिलाको कदर गर्नुपर्छ। समाज सेवामा हिंड्नुपर्छ। आफैमा भरपर्ने अनि निडर हुनुपर्छ एवं समस्याहरूबाट बिलकुल डराउनुहुँदैन।

**विवेक राई** (१४), **उदयपुर**

पुरुषको व्यक्तित्व उसले लगाएका काटिएका तथा च्यातिएका लुगामा नभएर उसले गरेका महत्त्वपूर्ण कार्यहरूमा हुन्छ तर मानिस आफ्नो व्यक्तित्व कानमा झुण्डिएका मुन्द्रामा रहेको सोच्छन्। यो उनीहरूको मूर्खता सिवाय अरू केही होइन।

**पेशल दाहाल**

गालाको दाह्री र ओठमाथिको जुँगामा।

**टीकाराम अर्याल, स्याङ्जा**

सायद धनसम्पत्तिमा होला।

**विनोद खतिवडा, इनरुवा**

लामो कपाल, जिन्स पाइन्ट, चेक सर्ट, मोटरबाइक, कानमा कुण्डल तथा मनि पर्समा पुरुषको व्यक्तित्व हुन्छ।

**रमेश खड्का** (२६), **झापा**

त्यो त नारीसँग सोध्नुपर्छ।

**कैलाश लामा** (२२), **धनुषा**

म परें महिला, मैले यसको उत्तर खोज्न सकिन किनभने महिलाले त महिलाको व्यक्तित्व नै बुझ्न सक्छिन्। पुरुषको त कता हो कता ?

**सरू शर्मा** (२८)

मोटरसाइल र मोबाइलमा, नत्र तरुनी नै पट्टिँदैनन्। अनि राम्रो र शिक्षित पनि खोज्छन् मोरीहरू।

**दीपक पोखरेल**

पुरुषको व्यक्तित्व जुँगामा हुन्छ होइन र ?

**दीपक सिलवाल** (२२), **हेटौंडा**

धेरै तरुनीलाई आफ्नो प्रेमजालमा पारी धोका दिनुमा।

**पवन त्रिपाठी** (१७), **नेपालगन्ज**

सफल काम तथा असल चरित्रमा नै पुरुषको व्यक्तित्व हुन्छ।

**सुजित खतिवडा**

पुरुषको व्यक्तित्व उसको बोलीचाली, व्यवहार गर्ने तरिका एवं पवित्र मनमा हुन्छ।

**गोकर्ण लामिछाने** (१७), **काठमाडौं**

पुरुष र महिलाबीच फरक छुट्टाउनुहोस् त्यसैमा पुरुषको व्यक्तित्व झल्कन्छ।

**आकाङ्क्षी एमके** (२१), **बुटवल**

आचरण तथा बानी-बेहोरामा भर पर्छ।

**बाबुराम पाण्डे**

अनुहारमा पलाएको दाह्री तथा आकर्षक शरीरमा।

**विष्णु सेड्दान, घट्टेकुलो**

पुरुषको व्यक्तित्व उसको आचरण एवं योग्यतामा हुन्छ।

**सुदर्शन खतिवडा**

पुरुषको व्यक्तित्व पढाइ-लेखाइ, नैतिकता, सरलता, सहनशीलता एवं सुन्दरतामा हुन्छ।

**वैद्यनाथ कोइराला** (२७), **धादिङबेंसी**

असल व्यवहार, लागिरहेको पेसामा सफलता तथा समय र परिस्थिति अनुरूप आफूलाई बदल्न सक्ने क्षमतामा नै पुरुषको व्यक्तित्व अन्तर्निहित हुन्छ।

**हिमाल अम्माई** (२०), **बाग्लुङ**

पुरुषार्थ देखाउनुमा नै पुरुषको व्यक्तित्व झल्कन्छ।

**भाजु श्रेष्ठ, चाँगुनारायण**

अरूलाई चिन्न र बुझ्न सक्नुमा भर पर्छ।

**सुजित भुजेल**

घर व्यवहारमा मार्गदर्शन गर्नुमा हुन्छ।

**नीलु श्रेष्ठ** (२६), **भक्तपुर**

मूल्यांकन गर्नेहरूको आधारमा हुन्छ। मलाई लाग्छ भड्किलो पहिरन तथा खर्चिलो रहनसहनभन्दा, उच्च विचार एवं साहसमा पुरुषको व्यक्तित्व हुन्छ।

**अमृत मगर**

बोलीको प्रभावले तपाईंले जस्तै जसले धेरै गर्लफ्रेन्ड बनाउन सक्छ उसको व्यक्तित्व त्यसैमा निहित हुन्छ।

**कृष्ण कँडेल** (१९), **चितवन**

झुसिलकीराजस्तो जुँगा तथा बोके दाह्रीमा किनभने महिलाहरूको हुँदैन त्यसैले।

**सुविन श्रेष्ठ, हेम्जा, पोखरा**

भलाद्मीपनमा हुन्छ पुरुषको व्यक्तित्व।

**पद्मा सिटौला**

खुबी नै चाहिन्छ।

**मनोज अधिकारी**

बाबुआमाको सेवा गर्नुमा।

**कपिल पौडेल**

पुरुषको व्यक्तित्व हेराइ तथा बोल्ने तरिकामा भर पर्छ।

**नरेश खड्का**

आफ्नो कार्य क्षेत्रमा सफल हुनुमा।

**कल्पना भुजेल**

विद्या आर्जन गरी व्यवहारमा उतार्नुमा।

**हिमकुमार**

पत्नीव्रता हुनु तथा सफल घरव्यवहार चलाउनुमा।

**गीता खड्का**

मर्दपन कायम राख्नुमा।

**सीताराम भुजेल** (२१), **काभ्रे**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. रक्सी र युवतीमध्ये के को लत (नसा) खतरनाक ? किन ?
२. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
३. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
४. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
५. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
६. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
७. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
८. बुद्धि ठूलो कि बल ? किन ?
९. देशभक्ति के हो ?
१०. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?






**प्रश्न : म २२ वर्षीया विवाहित नारी हुँ। मेरो उचाइ ४ फिट ३ इन्च छ। मैले २०६३ भदौमा महिना पुगेको तर मृत छोरो जन्माएको थिएँ। त्यसपछि चिकित्सकले भनेबमोजिम दूध सुकाउने औषधी प्रयोग गरें। पुनः म गर्भवती भएँ तर एक संस्थामार्फत दुई महिनापछि गर्भपतन गराएँ। हाल मेरो स्तन केही सानो भएको छ। साथै कमजोरी पनि छ। मेरो वजन ३५ किलोग्राम छ, साथै ममा यौनचाहना बढी छ, डाक्टरलाई देखाउँदा सामान्य भन्छन्। म मेरो स्तन ठूलो पार्न चाहन्छु। भरसक घरेलु उपचार सरल भाषामा बताइदिनुहुन अनुरोध गर्दछु।**

**–दोषी**

**उत्तर : मृत शिशु किन जन्मिन्छ ?**

सामान्यतया गर्भावस्थामा लामो समय बिताए पनि स्वस्थ शिशु जन्मिने अपेक्षा गरिन्छ। गर्भावस्थाको लामो समय पाठेघरभित्र बिताए पनि जन्म भन्दा केही पहिले, प्रसवको बेलामा मृत शिशु जन्मन सक्छ। मृत शिशु जन्मनु गर्भ तुहिनुभन्दा फरक कुरा हो। यदि गर्भ रहेको २४ सातापछि मरेको शिशु जन्मिएमा त्यसलाई मृत जन्म भन्न सकिन्छ।

कतिपय कारण थाहा लागे पनि कैयौं स्थितिमा के कारणले मृत शिशु जन्मन्छन् भन्ने कुरा अझै पनि स्पष्ट छैन, तर केही कारण निम्न प्रकारका हुनसक्छन्, जस्तै– जीवाणुको संक्रमण, जन्मजात विकृति, वंशाणुगत खराबी, गर्भमा शिशुको राम्ररी विकास हुन नसक्नु, गर्भवती आमा मधुमेह वा उच्च रक्तश्रावबाट पीडित हुनु, गर्भस्थ शिशुलाई हानि पुऱ्याउने किसिमको औषधी वा रसायन (निकोटिन वा रक्सी) को प्रयोग, समयभन्दा पछिसम्मको गर्भ, साल पाठेघरको मुखतिर हुनु, शारीरिक चोटपटक लाग्नु, विकिरणको प्रभाव, रक्तसमूह नमिल्नु, नालसम्बन्धी दुर्घटना हुनु आदि।

तर कसरी शिशु जन्मनुभन्दा पहिले नै यी कुरा थाहा पाउनुपर्छ भन्ने कुरा जान्नु महत्त्वपूर्ण हो। शिशु चल्न कम गर्नु वा नचल्नु एउटा महत्त्वपूर्ण लक्षण हो। शिशुलाई केही अप्ठ्यारो परेको छ-छैन भनेर निश्चित रूपमा थाहा पाउन चिकित्सकको सहयोग नै लिनुपर्ने हुन्छ। पाठेघरभित्रै शिशु मरे पनि तुरुन्तै आमामा गम्भीर असर पर्दैन र आफैं शिशु जन्म दिन सकिन्छ, तर यस्तै दुई सातापछि भने असर गर्ने भएकाले प्रसव गराउनु महत्त्वपूर्ण हुन्छ। मानसिक रूपमा भने मरेको शिशु गर्भभित्र रहनु आमाका लागि आघातपूर्ण हुन्छ।

मृत शिशु जन्मिएपछि त्यसको खोजीनिती के भयो वा के कारणले भएको भनेर चिकित्सकले के भने ? केही उल्लेख गर्नुभएको छैन। अर्को गर्भ किन गर्भपतन गराउनुभयो भन्ने कुरा पनि पत्रमा उल्लेख गर्नुभएको छैन।

**स्तन किन सानो भएको होला ?**

उचाइका आधारमा तपाईंको तौललाई कम भन्न मिल्दैन। पोषण र शारीरक बनौटका आधारले स्तनको आकार र स्वरूपलाई प्रभाव पार्ने भए पनि सामान्यतया यसको आकार किशोरावस्थाको समयमा र पछि गर्भावस्थामा निस्कने हार्मोनका कारणले निर्धारण गर्छ र यसमा मूल रूपमा वंशाणुकै प्रभाव हुन्छ।

तपाईंले किन आफ्नो स्तनलाई सानो मान्नुभयो, थाह भएन। तपाईंले कुनै नाप पनि दिनुभएको छैन। थप जानकारी दिनुभएको भए केही कुरा प्रस्ट पार्न सकिन्थ्यो।

अचेल शरीरचाहिँ अति पातलो, तर स्तनचाहिँ ठूलो चाहिने फेसन चलेको छ। छापा वा चलचित्र, टेलिभिजनमा देखिएका कतिपय कुराको सत्यता विचार नगरी त्यसकै पछि लाग्नु हुँदैन। भाग्यवश स्तन खुला राख्नु नपर्ने अंग भएकाले यसको उभारलाई शल्यक्रिया नै नगरी बढी भएको जस्तो देखाउन सकिन्छ। सबैभन्दा सजिलो त आफ्नो थुनचोली (ब्रा) भित्र कपडा, कपास वा यस्तै कुनै वस्तुको प्रयोग गर्नु नै सबैभन्दा सजिलो र सस्तो उपाय हो। त्यसबाहेक अलि खर्च गरेर यस्तै वस्तुहरूको प्रयोग गर्न सकिन्छ। स्तनलाई माथितिर उचाल्न प्रयोग गरिने साधनहरूले स्तनको वास्तविक आकारमा परिवर्तन नगरे पनि देख्दा स्तन ठूलोजस्तो देखिन सक्छ। यसैगरी आफ्नो वक्षस्थलमा उभार ल्याउन बाक्लो तरल सिलिकोन भएका साधनहरू पनि पाइन्छन्। इस्ट्रोजन भएका स्तनमा लगाउने क्रिम अनि पम्पले स्तनको आकार बढाउने दाबी गरिएको छ, तर यसबाट स्तनको आकार तथा नापमा हुने स्थायी प्रभावका बारेमा अझै केही विवाद छ। शल्यक्रिया गरेर स्तनको आकार बढाउनु एउटा पक्का उपाय हो, तर शल्यक्रिया गर्नुभन्दा पहिले धेरै कुराको विचार गर्नुपर्ने हुन्छ, किनकि यो विधि खर्चिलो मात्र होइन, यसको नकारात्मक प्रभाव पनि प्रशस्त हुन सक्छन्।

**स्तन किन ठूलो पार्ने ?**

प्रायःजसो व्यक्तिले स्तनलाई नारी सुन्दरता नाप्ने कुराका रूपमा लिन्छन्। यो महिलाको सुन्दरता र आकर्षक पक्षसँग यो गाँसिएकाले तपाईंलाई जस्तै अनेक चासो र चिन्ता अनि अन्यौल हुनसक्छ। तपाईं विवाहित हुनुभएकाले श्रीमान्को प्रतिक्रिया महत्त्वपूर्ण हुन्छ, तर तपाईंले पत्रमा त्यस्तो कुराको कुनै संकेत गर्नुभएको छैन।

पुरुषहरू ठूला स्तनप्रति आकर्षित हुने भए पनि प्रेमका लागि वा सुखद यौनजीवनका लागि त्यसलाई आधार मान्न सकिने स्थिति छैन। यहाँ बुझ्नुपर्ने कुरा के हो भने स्तनको आकार सानै भए पनि स्तनले यौनआनन्द दिन र स्तनपान गराउन दूध उत्पादन गर्न सक्छ, त्यसैले स्तनको आकार परिवर्तन गरिहाल्नुपर्ने के कारण परेको होला, बुझ्न पाए जवाफ दिन सजिलो हुने थियो।

अन्तमा, प्रकृतिले दिएका कतिपय कुरामा चित्त नबुझे पनि त्यसमा केही गर्न सकिने स्थिति छैन भने त्यसैको अनावश्यक पीर लिएर बस्नु बुद्धिमानी होइन।

उपचार
यौन
उत्तेजना नहुने, शीघ्र स्खलन तथा शारीरिक यौन शक्ति (महिला-पुरुष)
स्तन
बढाउने, घटाउने तथा टाइट गराउने
पोतो
अनुहारको चायाँ, कालो पोतो, डण्डीफोरबाट मुक्ति
दम, बाथ, ग्याष्ट्रिकबाट पूर्ण मुक्ति
10am-5pm
No Side effect, 100% Guarantee
4672065, 2084130

YOKO
Height बढाउने High Quality 997/-
SAUNA BELT 1997/-
कपाल उमार्ने तेल 750/-
रूप अमृत 1497/-
स्तन बढाउने 1697/-
AB KING PRO 5500/-
Free होम डेलिभरी
Global Fitness Shop
चावहिल (मेडिकेयर अगाडि)
Ph: 2307216 / 2081493

प्राईभेट TEST/SLC - 064 मा निःशूल्क भर्ना
[छिटो गर्नुहोस् ! यो अवसर मात्र १० जनाको लागि]
कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका, कक्षा ९ पास/फेल, Test/SLC फेल भएर स्कूल जान नसकेका विद्यार्थीहरुका लागि अध्ययन गर्ने सुवर्ण अवसर विगत वर्षमा उत्कृष्ट नतिजा ल्याउन सफल
COMPUTER Basic course मात्र : 999/-
2 महिनामै English भाषा फरर.....
COSSET EDU. CENTER Tel: 2160736. लाजिम्पाट
GEMS INT'L INSTITUTE Tel: 016223251.नयाँ बानेश्वर

**तपाईं आफूलाई कस्ती महिला भन्न रुचाउनुहुन्छ ?**
दोहोरो भूमिका निर्वाह गर्दैछु। त्यसैले शिक्षा क्षेत्रको एकनिष्ठ सेविकाका साथै गृहणी भन्न रुचाउँछु।
**शिक्षा क्षेत्रमा लाग्न केले प्रेरणा दियो ?**
आफ्नै बुबाबाट प्रेरित भएँ। उहाँ २०१८ सालमा स्थापित देखि यो हाइस्कुलको संस्थापक हुनुहुन्छ। उहाँले सानैदेखि पढ्नैपर्छ भन्ने भावना जागृत गराउनुभयो।
**तपाईंको पालाको शिक्षा र अहिलेको शिक्षामा कत्तिको फरक पाउनुभएको छ ?**
पहिलेको शिक्षा सस्तो र स्तरीय थियो, अहिलेको शिक्षा महंगो र तुलनात्मक रूपमा स्तर नभएको, बढी आडम्बरी, व्यापारीकरण भएकाले धेरै फरक छ जस्तो लाग्छ। अहिले सबैका लागि शिक्षा हुन सकेको छ र ?
**विवाह कहिले कुन रूपमा गर्नुभयो ?**
मेरो विवाह २४ वर्षको उमेरमा परम्परागत नेवारी परम्परा अनुसार भएको थियो। पढाइले गर्दा त्यतिबेला मेरो उमेर विवाहका लागि ढिला भैसकेको भनिन्थ्यो।
**श्रीमान्‌बाट सहयोग पाउनुभएको छ ?**
हरतरहको सहयोग पाउँदै आएकी छु।
**प्रारम्भिक दिन कत्तिको संघर्षपूर्ण रहे ?**
ज्यादै चुनौतीपूर्ण, त्यसबेला छोरीलाई पढाउनुहुँदैन भनिन्थ्यो। त्यसैले शिक्षा क्षेत्रमा लाग्ने छोरीलाई गाह्रो हुनु स्वाभाविक थियो।
**तपाईंलाई निजी विद्यालयहरूले बढी शुल्क लिन्छन् जस्तो लाग्छ ?**
यो प्रश्न अभिभावकहरूसँग गर्नु राम्रो होला। हाम्रो विद्यालयको लक्ष्य सस्तोमा स्तरीय शिक्षा दिने हो। त्यसैले अतिरिक्त क्रियाकलाप गराउन तथा विद्यालय कर्मचारीहरूको तलब एवं अन्य पक्ष व्यवस्थापनका लागि न्यून वार्षिक शुल्क, त्यो पनि पटक-पटक गरी लिने गरेका छौं।
**उच्च माविको तयारीले कत्तिको भार थपिए जस्तो लाग्छ ?**
पूर्वाधार सबै छन्। जिम्मेबारी त बढ्दै छ तर त्यसै अनुरूपको जशक्ति पनि वृद्धि भएको छ। जिम्मेबारी सबैमा बराबर पर्छ।
**नढाँटी भन्दा तपाईंहरूले सेवा गर्नुभएको छ कि व्यापार ?**
हाम्रो विद्यालयको नाम नै जनसेवा मावि हो। म विद्यालयको नाम सार्थक बनाउनमै प्रयासरत छु। प्रधानाध्यापक भएर तलब बाहेक कुनै पनि भत्ता-सुविधा लिएकी छैन। अब तपाईं नै भन्नुहोस् म व्यापार गरिरहेछु कि सेवा ? सर्वोत्कृष्ट विद्यार्थीलाई मण्डला श्रीखा पुरस्कारको व्यवस्था गरेका छौं।
**सार्वजनिक विद्यालयमा स्तरीय अध्यापन नहुनुमा सरकार मात्रै दोषी छ ?**
सरकारी विद्यालयका उत्पादनहरूले राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा कार्यदक्षता देखाइरहेका छन् भने अर्कातिर निःशुल्क शिक्षाको सरकारी नीतिसँगै शिक्षासँग सम्बन्धित अन्य सयन्त्रहरू पनि केही हदसम्म दोषी छन्।
**अहिले शिक्षा क्षेत्र धमिलिएको अवस्थामा छ, के भन्नुहुन्छ ?**
देशमा राजनैतिक स्थिरता भएपछि शिक्षा क्षेत्रको अवस्था राम्रो होला।
**छोराछोरीलाई कुन स्कूलमा पढाउनुभयो ?**
निजी स्कुलमा पढाइयो।
**सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक-शिक्षिकाहरूले छोराछोरीलाई निजी विद्यालयमा पढाउन पाउँदैनन् भन्दा तपाईंलाई कस्तो लाग्छ ?**
विद्यालयप्रतिको श्रद्धा हो, कसैको बाध्यता होइन, यसमा विद्यालयको स्वार्थ पनि लुकेको हुन सक्छ। कुनै पनि विद्यालयमा कार्यरत शिक्षकले आफ्ना नानीहरूलाई स्वेच्छामा पढाउन पाउनुपर्छ। यो सबैको मानव अधिकारको कुरा हो।
**विद्यार्थीहरूको समग्र विकासका निम्ति के आवश्यक छ ?**
पठन-पाठनमा जोड दिनुका साथै विद्यार्थीको बहुपक्षीय प्रतिभा प्रष्फुटन गराउने विविध सिर्जनात्मक तथा अतिरिक्त क्रियाकलाप नै विद्यार्थीको समग्र विकासका लागि आवश्यक मूलभूत कुराहरू हुन्।
**महिला विकासको बाधक कसलाई मान्नुहुन्छ ?**
पुरातन सामाजिक संस्कारले महिलालाई घर छाड्न दिदैन। जसमा उनीहरूको दुर्बल मानसिकता पनि बाधक छ। आफ्नो कार्यक्षेत्रमा राम्रो काम गरेर देखाउने भावना धेरै कम छ। त्यसैले महिलाहरू स्वयं क्रियाशील भएर अघि बढ्न सक्नुपर्छ।
**घर, व्यवहार तथा जागिरमा कसरी सामञ्जस्यता मिलाउनुभएको छ ?**
जहाँ इच्छा त्यहाँ उपाय भनेझैं घर-परिवारले कार्यव्यस्ततालाई राम्रो बुझिदिएका छन्। समय व्यवस्थापनबाट समाञ्जजस्यता कायम गरेकी छु।
**यो उमेरमा पनि यति सुन्दर देख्नुहुन्छ, सौन्दर्यप्रति कत्तिको सजग हुनुहुन्छ ?**
सुन्दरता त सबैले रुचाउँछन् जुन स्वाभाविक पनि हो। मैले कुनै कृत्रिम उपाय त अपनाएकी छैन तर साधारण रूपमा सन्तुलनमा रहने प्रयास गर्छु।
**तपाईंलाई एक महिनाका लागि शिक्षा मन्त्री बनाइदिए के गर्नुहुन्छ ?**
शिक्षाको राष्ट्रिय उद्देश्यसहित कार्यनीतिहरूको कार्यान्वयन, निम्न तथा उच्चस्तरको दक्ष जनशक्ति उत्पादन गरी दक्ष जनशक्ति तयार गर्ने कार्यनीति सञ्चालन गर्दै शिक्षाको बजेट छुट्याउने काममा जोड दिन्थें।
**नेवारी परम्परामा हप्तैपिच्छे कुनै न कुनै भोज हुन्छ, कसरी सहभागिता जनाउनुहुन्छ ?**
परम्परागत संस्कारलाई मानिसले कहिल्यै तोड्न सक्दैन। त्यसैले कि त बिहान अथवा बेलुकी समय मिलाई सहभागी हुन्छु।

–संगीता कटुवाल



रामदेवी महर्जन, पाँगा कीर्तिपुर, जनसेवा माविकी प्रधानाध्यापिका। २००६ सालमा पाँगामा जन्मिएकी महर्जनले बीए, बी.एड. गरेकी छिन्। कृषि विकास बैंकमा कार्यरत केशव महर्जनकी जीवनसंगिनी रामदेवीका दुई छोरी तथा एक छोरा छन्। उनी रेडक्रस कीर्तिपुर तथा मानवअधिकार संघको सदस्य पनि हुन्। महर्जन जिल्ला शिक्षा पुरस्कार तथा क्षेत्रीय शिक्षा पुरस्कारबाट पनि सम्मानित भैसकेकी छिन्।

## कसरी गर्ने डाइट कन्ट्रोल

कहिले स्वास्थ्य समस्याका कारण त कहिले सुन्दर र आकर्षक शरीर पाउने लोभले चिकित्सकको सल्लाहमा वा सल्लाहबिना मानिसहरू आफ्नो भोजनमा नियन्त्रण गर्ने प्रयास गर्छन्। प्रायः मानिसहरू डायटिङको अर्थ कम खाना खानु वा खाँदै नखानु भन्ने सम्झन्थे, जसले गर्दा अनेक स्वास्थ्य समस्याको सामना गर्नुपर्थ्यो।

**चिनी** : मिठाई, केक, बिस्कुट, चकलेट आदिमा विद्यमान चिनी स्वास्थ्यका लागि हानिकारक हुन्छ। यसबाट शरीरलाई कुनै पोषण प्राप्त हुँदैन। यही तथ्य कोकाकोला र पेप्सीजस्ता शीतल पेयपदार्थबाट पनि पाउन सकिन्छ। शरीरलाई आवश्यकताभन्दा बढी चिनी खाँदा बोसो बढ्छ। केही व्यक्तिलाई मीठो चीज खाँदा केही समयपछि शक्ति प्राप्त भएको अनुभव हुन्छ तर त्यो क्षणिक हुन्छ। केही समयपछि स्थिति अझ खराब हुन्छ।

**नुन** : बढी नुन खानाले रक्तचाप बढ्छ। बढी नुन खाँदा शरीरलाई बढी पानीको आवश्यकता पर्छ, जसले वजन बढाउँछ। अतः नुन कम खानु नै फाइदाजनक हुन्छ।

**रक्सी अर्थात् अल्कोहल** : मोटा मानिसहरूले रक्सी सेवन गर्नु राम्रो होइन। रक्सीले शरीरमा नकारात्मक असर गर्छ। रक्सीको कडा स्वादका साथ अन्य किसिमका खाद्यपदार्थ पनि खानुहोस्। यदि कसैमा रक्सीको लत छ भने यसका साथ मांसाहारी वा नुनिलो खाद्यपदार्थको साटो सलाद वा फलफूल सेवन गर्नुहोस्।

**के खाने** : अब प्रश्न उठ्छ हामीले कस्ता खाद्यपदार्थ खानुपर्छ ? नेपाली भोजन दाल, भात, तरकारी, अचार, दही, आदि स्वस्थकर भोजन हो, तर भोजनमा बोसो र चिनी हुनुहुँदैन। यो भोजनबाट हामीलाई लगभग सम्पूर्ण पौष्टिकपदार्थ प्राप्त हुन्छ। भोजन गर्नुभन्दा लगभग आधा घण्टापूर्व पानी पिउनु उपयुक्त हुन्छ।

आकर्षक शरीरका लागि डाइट कन्ट्रोल आवश्यक छ। यसका साथै नियमित हल्का व्यायाम पनि गर्नुपर्छ। नियमित रूपले हल्का व्यायाम गर्दा शरीरमा चुस्ती- फुर्ती कायम रहन्छ। नियमित रूपमा व्यायाम नगर्नेहरूको भोक साधारणभन्दा बढी हुन्छ र मोटोपन पनि बढ्दै जान्छ। अतः नियमित हल्का व्यायाम र डाइट कन्ट्रोललाई महत्त्वपूर्ण सूत्रका रूपमा लिनुपर्छ।

–दीपकलाल श्रेष्ठ

# नयाँ अनुहारको खोजीमा मिस नेपाल





पृष्ठ १ बाट जारी

यसका साथै प्रत्येक सहभागीको प्रशिक्षणका समयमा क्रियाकलापदेखि लिएर उनको परिवारसित अन्तर्क्रिया, घर-परिवारमा उसको व्यवहार आदिलाई पनि क्यामेरामा कैद गरिएको छ। यसबाट मिस नेपाल प्रतियोगिताका सम्बन्धमा प्रतियोगिताका परिवारले अझ राम्रोसँग बुझ्न पाएको, पारिवारिक अन्तर्क्रियाबाट प्रतियोगिताका सम्बन्धमा थप जानकारी प्राप्त भएको र प्रशिक्षणमा यसले सघाउ पुऱ्याएको कुरा प्रतियोगीका प्रशिक्षण एवं पारिवारिक वातावरणलाई छायांकन गर्दै आएका छायांकार लु:ज सिंह बताउँछन्। लु:जको अनुभवमा प्रत्येक प्रतियोगीको आत्मविश्वास, व्यक्तित्व एवं प्रस्तुतिमा निकै परिवर्तन र परिमार्जन आएको छ।

मिस नेपाल प्रतियोगितालाई नेपाली परिवेशअनुसार नै प्रस्तुत गर्न आयोजक संस्था द हिडेन ट्रेजरले यस पटक प्रतिस्र्धीहरूलाई सजाउन पहिरन डिजाइन गर्ने जिम्मेवारी मेहर कलेक्सनलाई सुम्पिएको छ। नेपालीपन झल्कने पहिरनमा आफ्नो सिर्जनामार्फत यसपटकका मिस नेपाल प्रतिस्पर्धीहरूलाई प्रस्तुत गर्ने कुरा डिजाइनरद्वय योगेन्द्र मेहर बज्रचार्य तथा रजना शाक्य बताउँछन्। योगेन्द्र मेहर तथा रजनाका अनुसार प्रतिस्पर्धी सुन्दरीहरू इम्ब्रोइडरी र विभिन्न वर्क गरिएका कलरफुल साडी एवं आकर्षक डिजाइनयुक्त इभिनिङ गाउनमा सजिएर मिस नेपालको मञ्चमा प्रस्तुत हुनेछन्। आफ्ना डिजाइन, पहिरन शैली र कलर कम्बिनेसन मिस नेपाल प्रतियोगिताको मर्म सुहाउँदो, मञ्च सज्जासित मिल्दो र प्रतिस्पर्धीको व्यक्तित्व एवं सुन्दरतामा आकर्षण थप्ने खालको हुने कुरा बताउँछन् डिजाइनरद्वय योगेन्द्र मेहर र रजना शाक्य।

मिस नेपालका प्रतिस्पर्धी सुन्दरीहरूको सुन्दरतामा निखार ल्याउने मामिलामा पहिरनजत्तिकै महत्त्व राख्ने श्रृंगार विधाको अभिभारा पाएकी छिन्- पूर्व मिस नेपाल एवं रुविज सिन्ड्रेला ब्युटिपार्लरकी ब्युटिसियन रुवी राणाले। श्रृंगारका लागि प्रयोग गरिने सबै खाले सरसामान प्रयोग गरिए पनि मेकअपको बेस लाइट हुने र पूर्ण रूपले नेचुरल मेकअपलाई प्राथमिकता दिइने कुरा राणाले बताइन्। यस्तो मेकअप सामान्य रूपमा हेर्दा मेकअप नगरिएको जस्तै देखिए पनि मञ्चमा यसको प्रभाव छुट्टै र आकर्षक हुने उनको कथन छ। प्रतियोगीले लगाउने पहिरन, मञ्च सज्जा, प्रकाश व्यवस्था आदि कुरामा समेत ध्यान पुऱ्याएर प्रतियोगीको मेकअप गरिने कुरा राणाले बताइन्।

नयाँ नेपालका लागि नयाँ अनुहार भन्ने अवधारणाका साथ भोलि साँझ छनौट हुने डावर वाटिका मिस नेपाल–२००७ का विजेताले शीर्ष उपाधिका साथमा नगद रु. एक लाख एवं काइनेटिक नोभा स्कुटर प्राप्त गर्नेछिन्। उनले मिस वर्ल्ड २००७ मा नेपालको प्रतिनिधित्व गर्नेछिन्। यसैगरी फस्ट रनरअप र सेकेन्ड रनरअप विजेताले क्रमशः ६० हजार र ४० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्। उनीहरूको प्रतिनिधित्व क्रमशः मिस अर्थ इन्टरनेसनल र मिस एसिया प्यासेफक इन्टरनेसनलमा हुनेछ। अन्य उपशीर्ष उपाधिका लागि प्रतियोगिताहरू सञ्चालन हुने क्रममा डाबर वाटिकाका मिस ब्युटिफुल हेयर तथा डाबर हनी एन्ड स्याफ्रोन सोप मिस फेयर कम्प्लेक्सनका लागि गत अप्रिल १ तारिकमा सुन्दर छाला र केशको जाँच गरिएको थियो। मेसवाक मिस ब्युटिफुल स्माइल तथा मिस फोटोजेनिकका लागि भने हयात रिजेन्सीको स्वीमिङ पुल परिसरमा फोटोसेसन सम्पन्न गरिएको थियो। रियल मिस नेचुरल ट्यालेन्टका लागि रसियन कल्चर सेन्टरमा गत मार्च २१ मा स्पर्धा सञ्चालन गरिएको थियो। त्यसैगरी न्यू एरा मिस पर्सनालिटीका लागि मिस नेपाल प्रतिस्पर्धी सुन्दरीहरूले मार्च ३० तारिखमा प्रतिस्पर्धा गरेका थिए। उल्लेखित उपशीर्षक उपाधिका विजेता प्रत्येकले नगद पुरस्कार रु. १० हजार प्राप्त गर्नेछन्। अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिताको मापदण्डअनुरूप नै मिस नेपाल चयन गर्नका लागि प्रि-जजिङ प्रक्रिया अस्ति बुधबार हयात रिजेन्सीमा सम्पन्न भैसकेको छ। प्रि-जजिङमा प्रतियोगीहरूको पर्फर्मेन्सले टपटेन राउन्डमा पुग्ने प्रतिस्पर्धीको छनौटमा ८० प्रतिशत भूमिका खेल्ने बताइन्छ।

फेब्रुअरी १८ देखि प्रारम्भ भएको ६ हप्ते प्रशिक्षण अवधिभित्र प्रतियोगीहरूले कोरियोग्राफर रचना गुरुङ शर्माबाट क्याटवाक, पोजिङ, प्रस्तुतीकरण आदिको तालिम प्राप्त गरिसकेका छन्। त्यसै गरी पूर्व मिस नेपाल श्वेता सिंहबाट ग्रुमिङ टिप्स, बोल्ने शैली, न्यू एरा इन्स्टिच्युटबाट व्यक्तित्व-विकास, राजभाइ सुवालबाट फेसन तथा फोटोसेसन टिप्स तथा रुवी राणाबाट ब्युटी टिप्ससम्बन्धी प्रशिक्षणबाट प्रतिस्पर्धीहरू अझ बढी निखारिएका छन्। प्रतिस्पर्धी सुन्दरीहरू गत ६ दिनदेखि हयात रिजेन्सीको बन्द प्रशिक्षणमा छन्। प्रतिस्पर्धीहरू प्रारम्भिक दिनमा भन्दा परिपक्व र खारिएका देखिन्छन्, जसका कारण अन्तिम दिन भोलि कडा प्रतिस्पर्धा हुने देखिन्छ।

सरोस प्रधानको परिकल्पना र डिजाइनमा मिस नेपालका प्रतियोगीहरू प्रस्तुत हुने मञ्च तयार पारेका छन्, राजु पेन्टरले। अन्तिम प्रतिस्पर्धालाई परिचयात्मक, एथनिक, टपटेप तथा टप फाइभ राउन्डमा विभाजन गरिएको छ, जसअन्तर्गत एथनिक राउन्ड नेपाली कला-संस्कृति र जातीय एकताको सम्बर्द्धन एवं प्रवर्द्धनमा केन्द्रित रहनेछ। प्रतिस्पर्धी सुन्दरीहरू नेपाली कला, संस्कृति र जनजाति झल्काउने पहिरनमा प्रस्तुत हुनेछन्, जसका लागि पहिरन तयार पार्ने अभिभारा राजधानीस्थित नेपाल एजुकेसन अफ फेसन टेक्नोलोपजी (एनईएफटी), इन्टरनेसनल इन्स्टिच्युट अफ फेसन टेक्नोलोजी (आईआईएफटी) र लखौटिया इन्स्टिच्युट अफ आर्ट एन्ड डिजाइन नामक संस्थाले पाएका छन्।

अन्तिम प्रतिस्पर्धालाई मनोरञ्जनात्मक बनाउन केही सांगीतिक प्रस्तुति पनि समेटिनेछ र प्रतिस्पर्धा नेपाल टेलिभिजनमार्फत प्रत्यक्ष प्रसारण गरिनेछ। अन्ततः विभिन्न चरणबाट छनौट हुँदै अन्तिम चरणमा पुगेका प्रतिस्पर्धीहरूमध्ये निर्णायक प्रश्नको उत्कृष्ट उत्तर दिने प्रतिस्पर्धीको शिरमा मिस नेपाल– २००५ सुगरिका केसीले मिस नेपाल– २००७ को जाज्ज्वल्यमान ताज पहिऱ्याइदिनेछिन्।

**–रोजिन शाक्य**

## बहुमत विदेशमा

हालसम्म मिस नेपालको ताज पहिरिने १३ मध्ये सात जना अथवा बहुमत सुन्दरी विदेशमा छन्। यसरी विदेशमा रम्ने मिस नेपालहरूमा सन् १९९५ की सुमी खड्कादेखि सन् २००४ की पायल शाक्यसम्म छन्। सुमी अमेरिका पलायन भइन् भने पायल गत वर्षदेखि अस्ट्रेलियामा छिन्। त्यसैगरी सन् १९९६ की मिस नेपाल पूनम घिमिरे परिवारसहित अमेरिकामा बस्दै आएकी छिन्। सन् १९९८ की मिस नेपाल ज्योति प्रधान मिस अर्थमा भाग लिन अमेरिका गएपछि फर्केर आइनन् र उनको ताज पनि खोसियो। त्यसपछि उनको ठाउँमा मिस नेपाल बनेकी निरु श्रेष्ठ पनि केही वर्षदेखि अमेरिकामै रम्दैछिन्। केही समय सञ्चारजगत्मा देखिएकी प्रीति सिटौला पनि अध्ययनका क्रममा अमेरिका पुगिन्। नेपाली चलचित्रजगत्मा सुरक्षित स्थान बनाउन नसकेकी अर्की मिस नेपाल झरना बज्राचार्य पनि संघर्ष गर्न भन्दै बलिउड छिरेकी छिन्। बहुमत मिस नेपाल बिदेसिएको खबरले 'मिस नेपाल भनेको बिदेसिने लाइसेन्स त होइन ?' भन्ने प्रश्न पनि खडा भएको छ।



## औचित्य मिस नेपालको

**सुव्रत आचार्य**

काठमाडौं– नेकपा माओवादी निकट मानिएको एक साप्ताहिक पत्रिकाले केही साताअघि एउटा समाचार प्रकाशित गऱ्यो। समाचारको शीर्षक थियो- 'मिस नेपाल रोक्न क्रान्तिकारी सक्रिय'। गत वर्ष सम्पन्न मिस टिन प्रतियोगितामा नेपाल महिला संघ (क्रान्तिकारी) ले कार्यक्रममा हस्तक्षेप गरेर कार्यक्रम आयोजना हुन दिए पनि केही विधाको छनौट गर्न नदिएको बताइयो। त्यतिबेला संघका कार्यकर्ता कार्यक्रम अवधिभर आयोजनास्थलमा थिए। त्यस्तै हस्तक्षेपका कारण गत वर्ष मिस नेपाल प्रतियोगिता हुन सकेन। आयोजक हिडेन ट्रेजरका गिरेन्द्रमान राजवंशी भने त्यसलाई बिल्कुलै अस्वीकार गर्छन्। उनको भनाइमा अन्तर्राष्ट्रिय प्रतियोगितामा विजेता सुन्दरीलाई सहभागी गराउन नभ्याउने भएकाले गत वर्ष मिस नेपाल प्रतियोगिताको आयोजना नगरिएको हो। त्यसो त सन् २००२ की विजेताले अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन नपाउने भए पनि प्रतियोगिताको आयोजना भएको थियो, जसमा माल्भिका सुब्बा विजयी भएकी थिइन्। पछिल्लो समयमा उनी सर्वाधिक चर्चित पनि भएकी छिन्। उनको टेलिभिजन तथा मोडलिङमार्फत प्रस्फुटन भएको प्रतिभा हेरेर भन्न सकिन्छ– अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन नपाए पनि उनले आफ्नो अलग पहिचान बनाएकी छिन्। माल्भिका पनि भन्छिन्- 'जान पाएको भए सायद अझ बढी मेहनत गर्थें।' त्यतिबेला मिस नेपालको आयोजना किन गरियो त ? माल्भिकाको भनाइ छ- 'त्यतिबेला माओवादी पार्टी भूमिगत थियो। विरोध गर्न सक्ने अवस्थामा थिएन। त्यसैले पो हो कि ? तर गएको वर्ष किन भएन भन्ने कारणका सम्बन्धमा म अनभिज्ञ छु।' राजवंशी भन्छन्- 'त्यतिबेला विजेतालाई पठाउन भ्याइन्छ कि भन्ने लागेकाले प्रतियोगिता गराइयो, तर पछि भ्याइएन। त्यतिबेला भ्याइयोस् वा नभ्याइयोस्, हामी कार्यक्रम आयोजना गर्ने क्रममा अघि बढिसकेका थियौं। जसरी भए पनि गर्नुपर्थ्यो। गएको वर्ष भने सुरुमै हामीले नभ्याउने पक्का थियो। कसैले नगर्नु भनेर आयोजना नगरेको होइन।'

**मिस नेपालको विरोध**

यसपटक मिस नेपालका विरोधीहरू खुलेर अगाडि आइसकेका छैनन्। राजवंशीका अनुसार उनले प्रतियोगिताको विरोध हुने भन्ने कुरा केही पत्रपत्रिका पढेर मात्र थाहा पाएका हुन्। 'कसैले पनि हामीसँग त्यसको प्रत्यक्ष विरोध गरेका छैनन्,' -सोमबार साप्ताहिकसँग कुराकानी गर्दै उनले भने। विरोधको कारणका सम्बन्धमा उनको भनाइ थियो- 'विरोध हुनु नराम्रो होइन। सबैलाई सबै कुरा चित्त बुझ्छ भन्ने पनि छैन। चित्त नबुझेको कुरामा उचित कारण देखाएर विरोध गर्न त सबैले पाउँछन् नि, होइन र ?' मिस नेपाल नै हुन्छु भन्ने अठोटका साथ प्रतियोगितामा सहभागी एक प्रतिस्पर्धी ममता प्रधानले भनिन्- 'विरोध गर्नु भनेको आफू पनि गर्न नसक्ने र अरूको खुट्टा पनि तान्ने प्रवृत्ति हो।' अर्की प्रतिस्पर्धी निशा खातुनले भनिन्- 'हरेक कुराको सकारात्मक र नकारात्मक पाटो हुन्छ। विरोध गर्नु नकारात्मक पाटो हो। मलाई लाग्छ, मिस नेपाल युवतीहरूका लागि प्रतिभा प्रस्फुटित गर्ने अवसर हो।' यद्यपि मिस नेपालको विरोध गर्दै अखिल नेपाल महिला संघ क्रान्तिकारीकी अध्यक्ष तथा अन्तरिम विधायक जयपुरी घर्तीले एक पत्रिकामा भनेकी छिन्-'विभिन्न कम्पनीले आफ्ना उत्पादनमा मोडल खेलाउनका लागि गरिने यस्तो सामन्ती, पितृसत्तात्मक, पुँजीवादी प्रवृत्तिको अन्त्य गर्दै सभ्य समाज निर्माणका लागि प्रतियोगिता बन्द गर्नु आवश्यक छ।' भोलिको प्रतियोगितामा विरोधको स्वर कत्तिको गुन्जिन्छ, हेर्न बाँकी नै छ। यद्यपि यसै साता माओवादी समावेश भएको अन्तरिम सरकारमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय उक्त पार्टीको भागमा परेको छ। त्यसैले अब यो पनि हेर्नु छ कि सरकारमा समावेश भएपछि मिस नेपालजस्ता सौन्दर्य प्रतियोगिताको आयोजनामा माओवादीहरूको दृष्टिकोण कस्तो हुनेछ ?

**अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा शून्य**

तेह्रौं पटक मिस नेपाल हुँदैछ। १२ जना मिस नेपाल छनौट भैसकेका छन् र त्यति नै संख्यामा फस्ट रनरअप र सेकेन्ड रनरअप पनि छनौट भैसकेका छन्। तीमध्ये कतिपय मिस वर्ल्ड, मिस अर्थ र मिस प्यासेफिकमा सहभागी भैसकेका छन्। भोलि हुने प्रतियोगितामा जित्नेहरूले पनि उक्त तीनवटा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउनेछन्। प्रतियोगितामा उनीहरूले अन्तर्राष्ट्रिय नियमअनुरूप पौडी पोसाक लगाउनैपर्छ। त्यसपछि विभिन्न वेबसाइटमार्फत ती तस्बिर सार्वजनिक हुन्छन् र त्यहींबाट स्वदेशी अखबारहरूमा पनि ती तस्बिर छापिन्छन्। अनि हल्ला हुन्छ– मिस नेपाल भएपछि अंग प्रदर्शन गर्नैपर्छ। यस पटककी एक प्रतियोगी रश्मि केसीसँग हामीले सोध्यौं- 'प्रतियोगिता जितेर अन्तर्राष्ट्रिय प्रतियोगितामा पुग्नुभयो भने स्वीमिङ सुट लगाउनुहुन्छ ?' उनको जवाफ थियो- 'यहाँ लगाउनु नपरे पनि उता त लगाउनैपर्छ। लगाउँछु, तर त्यापर लगाएर मात्रै।' अन्य केही प्रतिस्पर्धीले पनि पौडी पोसाक लगाउनु अन्तर्राष्ट्रिय नियम नै भएकाले लगाउने बताए। पौडी पोसाक लगाएका तस्बिर प्रकाशित भएपछि उनीहरूले स्वदेशमा चर्चा त पाई नै हाल्छन्। चर्चा जतिसुकै पाए पनि प्रतिस्पर्धाबाट फर्कंदा भने उनीहरूको हात खाली हुन्छ। यो क्रम कहिलेसम्म चल्ने हो ? राजवंशी भन्छन्- 'अहिले नै केही भन्न सकिन्न।' यस पटकका प्रतियोगीहरूमध्ये धेरैले मिस नेपाल उपाधि जितेपछि अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि नेपालको नाम राख्दै उपाधि जित्ने आत्मविश्वास भएको बताएका छन्। मिस इन्टरनेसनल, म्यानहन्ट, मिस्टर एन्ड मिस युनिभर्सिटीजस्ता अन्य अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा गएका स्वदेशी प्रतियोगीहरूले उपाधि नै जितेका पनि छन्। 'मिस वर्ल्डमा उपाधि जित्न त के टप टेनसम्म पुग्न पनि गाह्रो छ,' -मिस नेपाल २००५ सुगरिका केसीले बताइन्। उनले भनिन्- 'प्रायः चर्चित एवं सम्पन्न देशका प्रतियोगीहरूले मात्र उपाधि जित्छन्। हामीजस्तो गरिब मुलुकका प्रतियोगीहरू उनीहरूको तुलनामा धेरै कुरामा पछाडि छौं। हाम्रो लगानी र तयारी नै पर्याप्त छैन।' यद्यपि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएकाहरूले आफ्नो अनुभव बाँड्ने एवं प्रशिक्षण र लगानी उच्चस्तरीय हुने हो भने भविष्यका लागि सम्भावना रहेको सुगरिकाको धारणा छ।

# सुपर एटमा तीव्र प्रतिस्पर्धाको संकेत

### खेल नम्बर २५
**अस्ट्रेलियाविरुद्ध वेस्टइन्डिज**

नवौं विश्वकप क्रिकेटको दोस्रो चरण सुपर एटको पहिलो खेल आयोजक वेस्टइन्डिज र अस्ट्रेलियाबीच खेलियो । यो खेलमा अस्ट्रेलियाले वेस्टइन्डिजलाई १ सय ३ रनले पराजित गर्‍यो । एन्टिगुवा एन्ड बर्बुडाको सेन्टपिटर्समा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै अस्ट्रेलियाले ६ विकेट गुमाई ३ सय २२ रन बनायो । प्रतिउत्तरमा वेस्टइन्डिजले ४५ दशमलव ३ ओभरमा सबै विकेट गुमाई २ सय १९ रन मात्र बनाउन सक्यो । खेल वर्षाले प्रभावित भएपछि वेस्टइन्डिजले आफ्नो इनिङ अर्को दिन खेल्नुपरेको थियो । यो खेलमा अस्ट्रेलियाका म्याथ्यु हेडेन म्यान अफ दि म्याच घोषित भए ।

## विश्वकप क्रिकेट २००७

### खेल नम्बर २६
**श्रीलंकाविरुद्ध दक्षिण अफ्रिका**

सुपर एटको दोस्रो खेल दक्षिण अफ्रिका र श्रीलंकाबीच खेलियो । यो खेलमा दक्षिण अफ्रिकाले श्रीलंकालाई १ विकेटले पराजित गर्‍यो । गुएनाको जर्ज टाउनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै श्रीलंकाले ४९ दशमलव ३ ओभरमा सबै विकेट गुमाई २ सय ९ रन बनायो । प्रतिउत्तरमा दक्षिण अफ्रिकाले ४८ दशमलव २ ओभरमा ९ विकेट गुमाई २ सय १२ रन बनाएर आफ्नो लक्ष्य प्राप्त गर्‍यो । यो खेलमा दक्षिण अफ्रिकाका चार्ल ल्याङ्गरभेल्ट तथा श्रीलंकाका लसिथ मलिङ्गा संयुक्त रूपमा म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर २७
**वेस्टइन्डिजविरुद्ध न्युजिल्यान्ड**

सुपर एटको तेस्रो खेल आयोजक वेस्टइन्डिज र न्युजिल्यान्डबीच खेलियो । यो खेलमा न्युजिल्यान्डले वेस्टइन्डिजलाई ७ विकेटले पराजित गर्‍यो । एन्टिगुवा एन्ड बर्बुडाको सेन्टपिटर्समा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै वेस्टइन्डिजले ४४ दशमलव ४ ओभरमा सबै विकेट गुमाई १ सय ७७ रन बनायो । प्रतिउत्तरमा न्युजिल्यान्डले ३९ दशमलव २ ओभरमा ३ विकेट गुमाई १ सय ७९ रन बनाएर खेल जित्यो। यो खेलमा न्युजिल्यान्डका ज्याकोब ओराम म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर २८
**इङ्ल्यान्डविरुद्ध आयरल्यान्ड**

सुपर एटको चौथो खेल इङ्ल्यान्ड र आयरल्यान्डबीच खेलियो । यो खेलमा इङ्ल्यान्डले आयरल्यान्डलाई ४८ रनले पराजित गर्‍यो । गुयानाको जर्ज टाउनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै इङ्ल्यान्ड्ले ७ विकेट गुमाई २ सय ६६ रन बनायो । प्रतिउत्तरमा आयरल्यान्डले ४८ दशमलव १ ओभरमा सबै विकेट गुमाई २ सय १८ रन मात्र बनाउन सक्यो । यो खेलमा इङ्ल्यान्डका पल कोलिङउड म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर २९
**अस्ट्रेलियाविरुद्ध बंगलादेश**

सुपर एटको पाँचौं खेल अस्ट्रेलिया र बंगलादेशबीच खेलियो । यो खेलमा अस्ट्रेलियाले बंगलादेशलाई १० विकेटले पराजित गर्‍यो । एन्टिगुवा एन्ड बर्बुडाको सेन्टपिटर्समा खेलिएको खेललाई वर्षाले बाधा पुर्‍याएपछि २२ ओभरमा सीमित गरिएको थियो । यो खेलमा पहिले ब्याटिङ गर्दै बंगलादेशले ६ विकेट गुमाई १ सय ४ रन बनायो । प्रतिउत्तरमा अस्ट्रेलियाले १३ दशमलव ५ ओभरमा कुनै विकेट नगुमाई १ सय ६ रन बनाएर खेल जित्यो । यो खेलमा अस्ट्रेलियाका ग्लेन म्याकग्राथ म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर ३०
**वेस्टइन्डिजविरुद्ध श्रीलंका**

सुपर एटको छैटौं खेल वेस्टइन्डिज र श्रीलंकाबीच खेलियो । यो खेलमा श्रीलंकाले वेस्टइन्डिजलाई १ सय १३ रनले पराजित गर्‍यो । गुयानाको जर्जटाउनमा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै श्रीलंकाले ५ विकेट गुमाई ३ सय ३ रन बनायो । प्रतिउत्तरमा वेस्टइन्डिजले ४४ दशमलव ३ ओभरमा सबै विकेट गुमाई १ सय ९० रन मात्र बनाउन सक्यो । यो खेलमा श्रीलंकाका सनथ जयसूर्या म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर ३१
**बंगलादेशविरुद्ध न्युजिल्यान्ड**

सुपर एटको सातौं खेल न्युजिल्यान्ड र बंगलादेशबीच खेलियो । यो खेलमा न्युजिल्यान्डले बंगलादेशलाई ९ विकेटले पराजित गर्‍यो । एन्टिगुवा एन्ड बर्मुडाको सेन्टपिटर्समा खेलिएको खेलमा पहिले ब्याटिङ गर्दै बंगलादेशले ४८ दशमलव ३ ओभरमा सबै विकेट गुमाई १ सय ७४ रन बनायो । प्रतिउत्तरमा न्युजिल्यान्डले २९ दशमलव २ ओभरमा १ विकेट गुमाई १ सय ७८ रन बनाएर खेल जित्यो। यो खेलमा न्युजिल्यान्डका शेन बोन्ड म्यान अफ दि म्याच घोषित भए ।

### खेल नम्बर ३२
**आयरल्यान्डविरुद्ध दक्षिण अफ्रिका**

सुपर एटको आठौं खेल आयरल्यान्ड र दक्षिण अफ्रिकाबीच खेलियो । यो खेलमा दक्षिण अफ्रिकाले आयरल्यान्डलाई डकवर्थ लेविस नियमअन्तर्गत ७ विकेटले पराजित गर्‍यो । गुयानाको जर्जटाउनमा खेलिएको खेललाई वर्षाले अवरोध पुर्‍याएपछि ३५ ओभरमा झारिएको थियो । यो खेलमा पहिले ब्याटिङ गर्दै आयरल्यान्डले ८ विकेट गुमाई १ सय ५२ रन बनायो । प्रतिउत्तरमा दक्षिण अफ्रिकाले ३१ दशमलव ३ ओभरमा ३ विकेट गुमाई १ सय ६५ रन बनाएर खेल जित्यो । यो खेलमा दक्षिण अफ्रिकाका ज्याक कालिस म्यान अफ दि म्याच घोषित भए ।

## साप्ताहिक विश्वकप क्रिकेट क्विज

| प्रथम पुरस्कार | द्वितीय पुरस्कार | तृतीय पुरस्कार |
|---|---|---|
| ५ जनालाई १ वर्षसम्म साप्ताहिक | १० जनालाई ६ महिनासम्म साप्ताहिक | २० जनालाई ३ महिनासम्म साप्ताहिक |

१. विश्वकप क्रिकेट प्रतियोगिता सबैभन्दा धेरै पटक जित्ने मुलुक कुन हो ?

.........................................

२. नवौं विश्वकप कतिवटा मुलुकले आयोजना गर्दै छन् ?

.........................................

३. नवौं विश्वकपमा कतिवटा मुलुकले सहभागिता गर्दैछन् ?

.........................................

४. नवौं विश्वकप कुन राष्ट्रले जित्नेछ ?

.........................................

५. नवौं विश्वकपको 'म्यान अफ द टुर्नामेन्ट' को हुनेछन् ?

.........................................

**नियमहरू**

१. एकभन्दा बढी सही उत्तर प्राप्त भएमा गोलाप्रथाद्वारा निर्णय गरिनेछ । कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को निर्णय नै अन्तिम हुनेछ ।
२. पुरस्कार कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को काठमाडौं सुविधानगरस्थित मुख्य कार्यालय र विराटनगर, पोखरा, भरतपुर र नेपालगन्जस्थित क्षेत्रीय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
३. उत्तर २०६४ वैशाख १० गतेसम्म प्राप्त भइसक्नुपर्नेछ ।
४. उत्तर पठाउँदा साप्ताहिकको कटिङ नै पठाउनुपर्ने छ । फोटोकपिलाई मान्यता दिइनेछैन । एक जनाले असीमित उत्तर पठाउन सक्नेछन् ।
५. कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. सँग सम्बद्ध कर्मचारी तथा तिनका परिवारले प्रतियोगितामा सहभागी हुन पाउनेछैनन् ।

**उत्तर पठाउने ठेगाना**
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., कान्तिपुर, कम्प्लेक्स
पो.ब. नं. ६०१९, तीनकुने, सुविधानगर, काठमाडौं

**सहभागीको नाम :**
**ठेगाना :**

**फोन नम्बर :**



## चार बलमा चार विकेट

श्रीलंकाका लसिथ मलिङ्गाले दक्षिण अफ्रिकाविरुद्ध खेल्दै लगातार ४ बलमा ४ विकेट लिने नयाँ कीर्तिमान बनाएका छन् । दक्षिण अफ्रिकाविरुद्ध मलिङ्गाले आफ्नो ८ औं ओभरको अन्तिम २ बल र नवौं ओभरको पहिलो २ बलमा क्रमशः शन पोलाक, एन्ड्र्यु हल, ज्याक कालिस र मखाया एन्टिनीको विकेट लिएर यस्तो कीर्तिमान बनाएका हुन् । यो कीर्तिमान कायम गर्ने क्रममा मलिङ्गाले शन पोलाकलाई क्लिन बोल्ड गरे भने एन्ड्र्यु हललाई उपुल थराङ्गामार्फत क्याच गराए । त्यसैगरी ज्याक कालिसलाई संगाराकरामार्फत क्याच गराए भने एन्टिनीलाई क्लिन बोल्ड गरे । यसअघि विश्वकप क्रिकेटमा अस्ट्रेलियाका ब्रेट ली, श्रीलंकाका चामिन्दा भास, भारतका चेतन शर्मा तथा पाकिस्तानका सक्लिन मुस्ताकले लगातार ३ बलमा ३ विकेट लिने कीर्तिमान ४ पटक कायम भएको थियो । लगातार ४ बलमा ४ विकेट लिने मलिङ्गाको यो कीर्तिमान् विश्वकप क्रिकेटको मात्र नभै समग्र क्रिकेट इतिहासमा प्रथम श्रेणीको क्रिकेट, टेस्ट क्रिकेट तथा एकदिवसीय क्रिकेटका लागिसमेत नयाँ कीर्तिमान हो ।

## विश्व कीर्तिमान २००७



### भेट्टाए लक्ष्य म्याकग्राथले

अस्ट्रेलियाका ग्लेन म्याकग्राथले विश्वकप क्रिकेटमा सबैभन्दा धेरै विकेट लिने पाकिस्तानका वसिम अकरमको कीर्तिमान भंग गरेका छन् । बंगलादेशविरुद्ध खेल्दै म्याकग्राथले ३ विकेट लिँदै विश्वकप क्रिकेटमा आफ्नो विकेटको संख्या ५७ पुर्‍याएका छन् । यो कीर्तिमानका लागि विश्वकप क्रिकेटमा ३३ खेल खेलेका म्याकग्राथले १९ दशमलव १४ को औसत कायम गरेका छन् । यसअघि वासिम अकरमले ३८ खेल खेल्दै २३ दशमलव ८३ को औसत कायम गर्दै ५५ विकेट लिएका थिए । आफ्नो अन्तिम विश्वकप खेलिरहेका म्याकग्राथले विश्वकपका अन्य खेलमा आफ्नो यो कीर्तिमानमा अझ सुधार गर्ने अपेक्षा गरिएको छ ।



### तीव्र गतिको बलमा स्टम्प आउट

नवौं विश्वकप क्रिकेटअन्तर्गत श्रीलंकाका तीव्र गतिका बलर चमिन्डा भास र न्युजिल्यान्डका ज्याकोव ओरामले एक दिवसीय क्रिकेटमा आफ्नो बलमा प्रतिद्वन्दी व्याट्सम्यानलाई स्टम्प आउट गरेर नयाँ कीर्तिमान बनाएका छन् । चमिन्डा भासले वेस्टइन्डिजका ब्रायन लारा र ज्याकोब ओरामले बंगलादेशका तामिम इकबललाई क्रमशः कुमार संगाराकारा र ब्रेन्डन म्याकुलम मार्फत् स्टम्प आउट गराएका थिए ।

### धेरै खेलमा जित

नवौं विश्वकप क्रिकेटअन्तर्गत अस्ट्रेलियाका रिकी पोन्टिङले बंगलादेशविरुद्ध जित दर्ता गरेपछि विश्वकप क्रिकेटमा एउटा कप्तानका रूपमा लगातार १६ खेलमा विजय प्राप्त गरेर नयाँ कीर्तिमान कायम गरेका छन् ।



पोन्टिङले सन् २००३ को विश्वकपदेखि अस्ट्रेलियाको नेतृत्व गरिरहेका छन् । यसअघि यो कीर्तिमान १५ खेलमा विजय प्राप्त गरेका वेस्टइन्डिजका क्लाइभ लोयडको नाममा थियो । लोयडले सन् १९७५ देखि १९८३ सम्म विश्वकपका १७ खेलमा वेस्टइन्डिजको नेतृत्व गरेका थिए ।

### धेरै खेल खेल्ने कीर्तिमान



नवौं विश्वकप क्रिकेटअन्तर्गत श्रीलंकाका सनथ जयसूर्याले इङ्ल्यान्ड विरुद्ध मैदानमा ओर्लेर एकदिवसीय क्रिकेटको ३ सय ८५ औं खेलमा सहभागी भएर नयाँ कीर्तिमान गरेका छन् । यसअघि यस्तो कीर्तिमान भारतका सचिन तेन्दुलकरको नाममा थियो । तेन्दुलकरले ३ सय ८४ एक दिवसीय क्रिकेट खेलेका छन् ।

## विश्वकप रोचक प्रसंग

### खेलाडीसँगै जन्ती गए दर्शक

क्यारेवियन क्षेत्रले अहिले आयोजना भैरहेको नवौं विश्वकप क्रिकेट प्रतियोगिताबाट मनग्य आम्दानी गर्ने सोचाइ बनाएको थियो, तर उनीहरूको उक्त योजना विश्वकपको पहिलो चरणबाटै तुषारापात भएको छ । आयोजक राष्ट्रहरूले यस पटकको विश्वकपमा भारत र पाकिस्तानबाट आएका समर्थकबाट प्रशस्त आम्दानी गर्ने सोचाइ बनाएका थिए । विश्वकप प्रारम्भ हुने बेलामा होटलका सबै कोठा भरिएका थिए, तर भारत र पाकिस्तान नवौं विश्वकपमा सबैलाई आश्चर्यमा पारेर पहिलो चरणबाटै बाहिरिए, त्यसरी नै उनीहरूका समर्थक पनि होटलबाट बाहिरिए । समर्थकहरू बाहिरिने क्रम यसरी बढ्यो कि क्यारेबियन क्षेत्रको पर्यटन इतिहासमै एकै पटक पर्यटकहरूले होटल छोडे । यसबाहेक भारत र पाकिस्तानको लिग चरणपछि हुने सुपर एटको खेल हेर्न आउने मनसाय राखेर होटल बुकिङ गरेका दर्शकले पनि आफ्नो यात्रा स्थगित गरे । भारत र पाकिस्तानको पराजयले घाटामा परेको यो क्षेत्रको होटल व्यवस्थापनलाई उकास्न अहिले उनीहरूले आफ्नो होटलको शुल्कमा भारी कटौती गरिरहेका छन्, तर पनि उनीहरूले पाहुना भने पाउन सकेका छैनन् ।



# कान्तिपुर गाथा

किशोर नेपाल

किचेनको ठाकाको ढोकाको कापवाट कालीबहादुर कार्की छक्क परेर हेर्दै थियो घरमा आएका मानिसहरूलाई। यस्ता सुकिला र अनौठो लुगा लगाएका मानिसहरू कालीले कहिल्यै देखेको थिएन। मालिक्नीकी एउटी साथीले लगाएको लुगा देखेर त कालीबहादुर आफैं लजाएको थियो।

आज यो घरमा यतिविघ्न मानिस किन आएका हुन् ? कालीबहादुरलाई थाहा थिएन। काम गर्दा-गर्दा बेस्सरी कम्मर दुखे पनि उसलाई रमाइलो लागिरहेको थियो। कालीबहादुरले पछि थाहा पायो, रेशमबाबु पढ्नका लागि बाहिर जाँदैछन्। त्यही खुसीमा मालिक-मालिक्नीले भोज दिएका हुन्। भोजमा मानिसहरू रक्सी पिउँदै थिए र एक-अर्काको हात समातेर बेस्सरी हाँस्दै पनि थिए। म्युजिक सिस्टममा हिन्दी गीत बजिरहेको थियो। दैलेखी केटो काली आफैं त्यो भोजमा सामेल नभए पनि रमाइरहेको थियो। प्रगतिशील लेखकहरूले उसको मनभित्र मालिक मालिक्नीप्रति चरम घृणाको भाव देखे पनि वास्तवमा कालीबहादुरको मनमा त्यस्तो घृणा थिएन। हो, आफ्नो परिवार गरिब भएकोमा क्षोभ पक्कै थियो। कालीबहादुर यसलाई भाग्यको खेला मान्थ्यो, किनभने उसको बाबुले गरिबीलाई भाग्यको खेला भन्ने गरेको थियो।

रेशम बाहिर कहाँ पढ्न जाने हो, कालीलाई थाहा थिएन। उसले सुर्खेत, नेपालगन्ज र दाङबाहेक अरू ठाउँको नाम पनि सुनेको थिएन। कान्तिपुरको नाम पहिलो पटक सुनेको मालिकसँग यता आउने बेलामा मात्रै हो। उसको जीवनको सबैभन्दा डरलाग्दो र सबैभन्दा रमाइलो क्षण पनि कान्तिपुर आउँदा नै थियो। मालिकले उसलाई हेलीजहाज चढाएर ल्याएका थिए यता। हेलीजहाज उड्नका लागि खुट्टो छाडेर उँभो लाग्ने बेलामा कालीबहादुर निकै डराएको थियो। उसलाई कहाली लागेको थियो र चिच्याउन खोजेको थियो। तर, जहाजमा बसेका सेनाका हाकिम र मालिकको डरले ऊ चिच्याउन सकेको थिएन। मानिसको डरलाई पनि डरले नै थिच्छ।

पार्टीमा बजेको चर्को संगीतको बीचमा काली सोच्दै थियो, रेसमलाई पढ्न पठाएपछि मालिक-मालिक्नीले आफूलाई पनि पढ्न पठाउनेछन्। उसले मनमनै ठान्यो, भोलि बिहान ऊ मालिकसँग यो कुरा गर्नेछ। उसलाई मालिक्नीको सहमतिविना मालिक बाथरुम पनि जान सक्दैनन् भन्ने कुराको ज्ञान थिएन। उसको बालबुद्धिमा यस्तो ज्ञान आउने सम्भावना पनि थिएन।

पार्टी राति अबेर सकियो। पाहुनाहरू सबै गैसकेपछि मालिक-मालिक्नी पनि सुत्न गए। काली भाँडा माझ्न र घर सफा गर्न लाग्यो। गर्दागर्दै रात बितिसकेको उसले पत्तै पाएन। बिहानीपख ऊ आफ्ना आकांक्षाहरूको सिरानी हालेर सुत्यो। ऊ यति थाकेको थियो कि त्यो थकाइमा उसले सपनासम्म पनि देख्न सकेन। बिहान ऊ उठ्दा घरमा रजिना मात्र थिई। मालिक-मालिक्नी अफिस गैसकेका थिए। उसले चकमन्न घरलाई नियालेर हेर्‍यो। रजिना कसैसँग फोनमा कुरा गर्दै थिई, पार्टी निकै रमाइलो भयो। रेशम गएपछि त म पनि पढ्न जाने हो अमेरिका अर्को वर्ष।

कालीले सोच्यो, ऊचाहिं कहिलेदेखि जाने हो पढ्न ?

# एफटिभी फेसन ठमेलमा




साप्ताहिक समाचार

काठमाडौं- चेसको बोर्डजस्तो सेतो-कालो र्‍याम्पमा मोडलहरू क्याटवाक गर्दै आए। प्रतीक्षारत दर्शकहरू दंग परे। यद्यपि मोडलहरू अझै खुलेका थिएनन्। उनीहरूले साडी तथा सलवार-कुर्थाका केही डिजाइन देखाए। कोरियोग्राफर तथा संयोजक सुनीलसिंह ठकुरी भन्दै थिए- 'हट सिक्वेन्स बाँकी नै छ।' दोस्रो सिक्वेन्समा ती मोडलहरू लेहंगामा देखिए। उनीहरू अघिल्लो सिक्वेन्सभन्दा अझै बढी आकर्षक देखिएका थिए। लगत्तै तेस्रो सिक्वेन्स सुरु भयो। यो सिक्वेन्स निकै रमाइलो थियो। पृष्ठभूमिमा हिपहप गीत बजिरहेको थियो भने र्‍याम्पमा छ जना मोडल हिपहप फेसनमा क्याटवाक गर्दै थिए। एकपछि अर्को सिक्वेन्समा कोरियोग्राफर सुनीलले भनेजस्तो मोडलहरू अझ 'हट' देखिँदै थिए।

अर्को सिक्वेन्समा मोडलहरू मिनी स्कर्टमा आफ्नो सुन्दरता देखाउँदै थिए। त्यसपछि 'वेस्टर्न मिक्स' नामकरण गरिएको सिक्वेन्समा मोडलहरू रंगीचंगी र आकर्षक देखिए। यो सिक्वेन्स अन्तिम थियो। ठमेलको एकमात्र फेसन बार 'एफटिभी'मा हरेक शुक्रबार फेसन सोको आयोजना हुन थालेको पाँच महिना पुग्यो। ठकुरीका अनुसार फेसन सोमा त्यही साता बजारमा नयाँ आएका पहिरन तथा फेसन सामग्रीहरू प्रदर्शन गरिन्छ। नृत्य, गजल, दोहोरीजस्ता मनोरञ्जनले रेस्टुराँ तथा बारमा स्थान पाएपछि फेसन सोलाई पनि बारको आकर्षण बनाउने एफटिभी पहिलो हो।

## सेतो पार्टीमा रंगीचंगी



तस्बिर : ई नसा डट कम

साप्ताहिक समाचार

काठमाडौं– नयाँ वेब पोर्टल आरम्भ गरेयता आफ्नो समूहसँग रमाइलो गर्न नभ्याएका अभिनव कसजू गत शुक्रबार राति नौ बजे समूहसहित ठमेलको जे बारमा देखापरे। आफुलाई सामान्य पार्टी चरा मान्ने कसजू जे बारमा सेतो सर्ट लगाएर पुगेका थिए। किन त ? उनको जवाफ थियो- 'पार्टीको थिम मान्नैपर्‍यो नि।' उनको भनाइ सही थियो। त्यहाँ एउटा थिम पार्टीको आयोजना भैरहेको थियो र पार्टीको थिम थियो- सेतो पहिरन।

त्यसैले पनि पार्टीको शीर्षक नै राखिएको थियो- 'ह्वाइट पार्टी'। पूर्व म्यानहन्ट नेपाल सुहृद ज्योति आफ्नी श्रीमतीका साथ सेतो पहिरनमा नाच्दैथिए भने लक्स ब्युटी क्विन सोनु पौडेल पनि सेतो सर्टमा खुलेकी थिइन्। उपस्थित मोडल तथा आगन्तुकहरूमा अधिकांशले पार्टीको थिममा ध्यान पुर्‍याएका थिए भने केही त रातो, कालो, रंगीचंगी पहिरनमा पनि उपस्थित थिए। उक्त पार्टीका बारेमा माहुरी डटकमका क्षितिज रेग्मी भन्दै थिए- 'व्यवस्थित तरिकाबाट गरिने यस्ता पार्टीमा रमाइलो हुँदो रहेछ।'

# चेलाको घन्काई, अप्सराको नाच




तस्बिर : सुनिता डंगोल

साप्ताहिक समाचार

काठमाडौं– 'बिडी जलाइले जीगरसे पिया, जीगरमा पडी आग है...' बिल्कुलै विपासा वसुको शैलीमा मञ्चमा एउटी नृत्याङ्गना देखा परिन्। रातको नौ बजिसकेको थियो। बलिउडको उक्त चर्चित आइटम गीतमा पहिलो पटक लाइभ डीजे मिक्स गर्दै थिए- डीजे रोबिन र डीजे उज्ज्वल। उनीहरू एकपछि अर्को गीतमा डीजे मिक्स गर्दै हयात होटलको रक्स बार घन्काउँदै थिए भने गीतको तालमा द एञ्जल्स भनेर नामकरण गरिएको तीन सुन्दरी मञ्चमा जाँदै नाच्थे। नाच्ने मुड बनाएर रक्स पुगेकाहरू उनीहरूले जसो गरी नाच्थे, त्यसकै सिको गर्दै थिए। डीजे रुममा ती दुई जना डीजेका गुरु डीजे राजु देखा परे। उनले आफ्नो लोकप्रिय रिमिक्सलाई अझै मिक्स गर्दै बजाए– 'च्याङ्बा होइ च्याङ्बा'।

मञ्चको छेउमा रहेका खाली ठाउँमा नाच्नेहरू बढ्न थाले। सिग्नेचरको प्रायोजन तथा काठमाडौं पोस्टको सहयोगमा सम्पन्न उक्त पार्टीमा गुरु डीजे र चेला डीजेहरूले पालै पालो 'कजरारे', 'आजकी रात', 'क्या मुझे प्यार है' जस्ता हिन्दी रिमिक्स, साकिरा, ड्याडी याङ्की, एकोन, ब्ल्याक आइज पिजका हिट नम्बरहरूको मिक्सका साथै नेपाली रिमिक्सहरू घन्काएका थिए। बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म कार्यालयको काममा व्यस्त कर्मचारीहरूका लागि आयोजना गरिएको उक्त पार्टीको शीर्षक नै राखिएको थियो- 'नाइन टु फाइभ'। यसैगरी शनिबार दिउँसो कलेजका विद्यार्थीहरूका लागि रक्समा सम्पन्न डे डिस्कोमा राजुका अन्य चेलाहरू डीजे बाबु, डीजे राई तथा डीजे डी डेभिलले आफ्ना गुरुसँगै झन्डै साढे चार घण्टा विभिन्न हिपहप नम्बरहरू बजाएर आगन्तुक युवायुवतीलाई नचाए।

# बाग्लुङमा रेस्लिङ



लालप्रसाद शर्मा

बाग्लुङ– महेन्द्र क्याम्पसको प्राङ्गण। ठूलो संख्याका दर्शक निकै उत्सुकताका साथ बसेका थिए। त्यहाँ प्रजिअ, सुरक्षा निकाय, कर्मचारी र केही राजनीतिज्ञ पनि थिए। सबै दर्शक उत्सुक मात्र होइन, जिज्ञासु पनि थिए।

बाग्लुङवासीले गत चैत १६ गते शुक्रबार रेस्लिङ खेल प्रत्यक्ष देख्न पाए। सबै दर्शकको जिज्ञासा मेटाउनुका साथै पर्याप्त मनोरञ्जन दिलायो, सगरमाथा रेस्लिङ मनोरञ्जन संघले। टेलिभिजनमा मात्र देखिएको थियो, खेल अभिनय मात्र नभै साँच्चिकै हुने रहेछ, -दर्शकहरू प्रतिक्रिया व्यक्त गरिरहेका थिए।

उक्त अवसरमा नेपालका १० जना व्यावसायिक रेस्लरले खेल देखाएका थिए। पहिलो खेल आर.के. र लिजर्ड किङबीच भएकोमा आर.के. विजयी भए। दोस्रो खेल साइनट र सोल्जरबीच भएकोमा नकुल आएर धाँधली गरेपछि बीचैमा रोकिएको थियो। तेस्रो खेल अजिङ्गर र बिच्छीबीच भएकोमा अजिङ्गगर विजयी भए भने चौथो खेल देवादी ग्रेट र बाबा बुईबीच भएकोमा ग्रेट विजयी भए। खेलमा उद्धवप्रसाद थपलियाले रेफ्रीको भूमिका निर्वाह गरेका थिए। सबै खेल सिङ्गल हुन्।

रेस्लरहरूले टेबुल भाँचेको, कुर्ची र घैटोले हानेको दृश्य देखेर दर्शकहरू पनि उत्तेजित भए। दर्शकहरू हान्, ठोक् भन्दै हुटिङ गरिरहेका थिए। रेस्लरहरू एक-आपसमा लडेर अरूलाई मनोरञ्जन दिने खेल भए पनि प्रत्यक्ष आँखाले हेर्दा निकै रमाइलो भएको प्रजिअ कृष्णप्रसाद लम्सालले बताए। लम्सालले घन्टी बजाएर खेलको उद्घाटन गरेका थिए।

बाग्लुङमा देखाइएको खेल चौथो भएको व्यवस्थापक सुरेन्द्र भण्डारीले बताए। भण्डारीका अनुसार यसअघि नुवाकोटमा दुई र काठमाडौंको रंगशालामा एक गरी तीन पटक यस्तै प्रतियोगिता भैसकेको छ। आगामी साता पोखरामा हुन लागेको फेवा महोत्सवमा टाईबेल्टसहित प्रदर्शन खेल खेलाइने भण्डारीले बताए।

अंग्रेजि
दुई महिना मै!
*Basic *Intermediate *Advance
जान्दै नजान्ने हरुको लागी विशेष व्यवस्था
Free:Books, Cassets & Video-CDs
TOEFL, IELTS
Study in:
UK, USA, Australia
Free: Email & Internet
Computer:
Basic to Diploma
Member Of ECAN
Getway ☎ 4241870
Educational Consultancy P. Ltd
Bagbazar, KTM.

होटल तथा पर्यटन तालिम
★ Tour & Travel Mgmt
★ Tour Operation
★ Airlines & Travel (Amadeus, Abacus & Galileo)
★ Hotel Management
★ F & B Management
★ Cook ★ Front Office
★ Waiter ★ Bartender
★ Bakery ★ Housekeeping
SATS Course मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र
स्थापनाको आठौं वर्ष
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
✆ ४४७५११३/४४७२५५३
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

प्राइभेट टेष्ट/एस.एल.सी.
नि:शुल्क भर्ना
२०६४ का लागि
हाम्रा विशेषताहरु:
- विगत वर्षहरुमा उत्कृष्ट नतिजा।
- विहान, दिउँसो र बेलुका तीनवटै समयमा पढाइ हुने।
- अंग्रेजी, विज्ञान र गणित विषयलाई विशेष ग्राह्यता दिने।
- अनुभवी शिक्षकद्वारा अध्यापन गराइने।
- होस्टलको सुविधा।
पाइथागोरस एकेडेमी फोन नं.: ४२६०६३२

होटल तालीम
छुट्टा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Hotel Mgmt
★F & B Mgmt ★Tour & Travel Mgmt
★Airlines Ticketing ★Tour Operation
Care Giver & Domestic Helper
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)
(शनिबार बिहान १०:०० देखि दिउसो २:०० सम्म)

होटल तालीम होटल खुम्जुङ्गमा
Cook-Indian, Chinese, Continental Waiter, Bar Man, Room Boy, House Keeping लगायत सम्पूर्ण होटल तालीममा भर्ना धमाधम लिईदैछ।
हाम्रा विशेषताहरु
1. Cook Training गर्नेका लागि English तथा Waiter Training सित्तैमा
2. आफ्नै होटलमा सम्पूर्ण तालीम दिईने।
HOTEL KHUMJUNG Training Centre
चक्रपथ, महाराजगंज, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Ph: 4-373411, 4-372194
City Office:- रानीपोखरी, जमल विश्वज्योती हलसंगै, Ph:- 4249576

तालिम
❋ फोटोग्राफी
❋ भिडियोग्राफी
❋ कलरल्याब
❋ लेमिनेशन
❋ डिजिटल फोटोग्राफी
❋ डिजिटल भिडियोग्राफी
सम्पर्क:
अरुण दत्त पन्त द्वारा वि.सं. २०५३ देखि निरन्तर.........
मान्यता प्राप्त पहिलो फोटो/भिडियो इन्स्टिच्यूट
नेपाल फोटोग्राफी ट्रेनिङ इन्स्टिच्यूट
भोटाहिटी, साझा भण्डार माथिल्लो तल्ला, काठमाण्डौं
२१९१०३७, ४२१६२९१

हेमराज ज्ञवालीद्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : विनोदराज ज्ञवाली, स्वस्तिका सिरोहिया, सम्पादक : सुवास ढकाल